# परिच्छेद - १
# कर्मचारी सञ्चय कोषको परिचय
# (Employees provident Fund)

## १.१ ऐतिहासिक पृष्ठभूमि

सैनिकहरूलाई सेवा निवृत्त जीवनमा आर्थिक राहत पुऱ्याउने उद्धेश्यले वि.सं. १९९१ मा ***सैनिक द्रव्य कोष*** स्थापना भएको थियो । सञ्चय कोष सम्बन्धी व्यवस्थालाई विस्तार गरी निजामती कर्मचारीका निमित्त वि.सं.२००१ मा ***निजामती प्रोभिडेन्ट फण्ड***को व्यवस्था गरियो ।

सञ्चय कोष सम्वन्धी भएका यी दुवै व्यवस्थालाई एकिकृत गरी वि.सं.२०१७ सालमा अर्थ मन्त्रालयको एक विभागको रुपमा ***कर्मचारी सञ्चय कोष विभाग***को स्थापना गरियो । देशमा सञ्चय कोष व्यवस्थापनलाई अझ प्रभावकारी वनाउने उद्धेश्यले वि.सं. २०१९ भदौ ३१ गते निजामती कर्मचारी, नेपाली सेना र नेपाल प्रहरीका कर्मचारी समेतका लागि कर्मचारी सञ्चय कोष ऐन, २०१९ जारी गरी एक अविच्छिन्न उत्तराधिकारवाला स्वशासित संगठित संस्थाको रूपमावर्तमान**कर्मचारी सञ्चय कोषको** स्थापना भएको थियो । यस कोषको प्रधान कार्यालय सुन्धारा, काठमाण्डौमा रहेको थियो ।




सुन्धारास्थित कोषको ऐतिहासिक भवन, पृष्ठभूमिमा धरहरा

## १.२ उद्देश्य तथा कार्यहरु

कर्मचारी सञ्चय कोष ऐन, २०१९ अनुसार नेपाल सरकार एवं संगठित संस्थाका कर्मचारीहरू र अन्य कर्मचारीहरूको निमित्त सञ्चय कोष व्यवस्थापन गर्नु कोषको प्रमुख उद्देश्य हो । सो उद्देश्यअनुरुपकोषवाट निम्न कार्यहरू सम्पादन भइरहेका छन् :

- सञ्चयकर्ताको नाममा कट्टी भएको रकमको सङ्कलन,
- सङ्कलित कोषकट्टी रकमको व्यवस्थापन,
- उपलव्ध स्रोतलाई सुरक्षित तथा प्रतिफलयुक्त क्षेत्रमा परिचालन,
- स्रोतको परिचालनबाट प्राप्त प्रतिफलको समानुपातिक वितरण,
- सामाजिक सुरक्षा सुविधाहरूको सञ्चालन तथा व्यवस्थापन,
- सेवाकालीन सामाजिक आवश्यकताका लागि विविध सापटी सुविधा सञ्चालन तथा व्यवस्थापन,
- प्रत्येक आर्थिक वर्षको कारोवारहरुको वार्षिक प्रतिवेदन नेपाल सरकार समक्ष प्रस्तुतीकरण ।

## १.३ अन्तरराष्ट्रिय सदस्यता( International Membership)

क) ISSA Membership :

कर्मचारी सञ्चय कोष, अन्तरराष्ट्रिय सामाजिक सुरक्षण संस्था ( International Social Security Association-ISSA)को सम्वन्धन सदस्य(Associate Member)रहेको छ ।

सञ्चय कोष व्यवस्थापनका अतिरिक्त कोष सामाजिक सुरक्षाका क्षेत्रमा कार्य गर्ने देशको अग्रणी संस्था भएकोले सन् १९८० मा ISSAको सम्वन्धन सदस्यता (Associate Membership)प्राप्त गरेकोहो।

ख) ADFIAP Membership :

कर्मचारी सञ्चय कोष सन् २०१४ देखि Association of Development Financing Instititutions in Asia and the Pacific- ADFIAP कोसदस्य रहेको छ ।

## १.४ दूरदृष्टि(Vision)

राष्ट्रिय सामाजिक सुरक्षण प्रदायकको अग्रणी भूमिकाद्वारा कोषलाई अन्तर राष्ट्रियस्तरको सामाजिक सुरक्षण संस्थाको रूपमा स्थापित गर्ने ।

## १.५ दीर्घकालीन लक्ष (Mission)

प्रभावकारी स्रोत परिचालन, दिगो एवं आकर्षक सुविधा, गुणस्तरीय सेवा तथा सम्भाव्य सामाजिक सुरक्षण कार्यक्रमको विस्तारको माध्यमद्वारा संगठित क्षेत्रका सबै रोजगारसम्म कोषको दायरा विस्तार गरीकोषलाई नेपालको सुप्रतिष्ठित सामाजिक सुरक्षण संस्थाको रूपमा स्थापित गर्ने,

नवीन व्यवस्थापन पद्धति, गुणात्मक सञ्जालको विकास र विस्तार, उद्यमशील र प्रतिस्पर्धी कार्यपद्धति, व्यापक सहकार्य र साझेदारीका आधारमा कोषलाई एक सक्षम अन्तरराष्ट्रिय सामाजिक सुरक्षण संस्थाका रुपमा परिचित तुल्याउने,

सञ्चय कोष र सामाजिक सुरक्षण सुविधाहरूको सुव्यवस्थापनद्वारा सञ्चयकर्तालाई समाजिक सुरक्षणको प्रत्याभूति दिई कोषलाई सन्तुष्ट सञ्चयकर्ताको ठूलो परिवार (A happy big family of satisfied members) बनाउने,

कोषमा उपलब्ध दीर्घकालीन बचतलाई देशको पूर्वाधार विकासको क्षेत्रमा उपयोग गरी आर्थिक विकासमा योगदान गर्ने ।

## १.६ व्यवस्थापकीय मान्यता ( Core Values)

कोषले आफ्नो दूरदृष्टि तथा दीर्घकालीन लक्ष्य अनुरुपका रणनीतिहरु कार्यन्वयन गर्न देहायका व्यवस्थापकीय मान्यताहरु आत्मसात गरेको छ :



## १.७ संस्थागत संरचना

### १.७.१ सञ्चालक समिति

कर्मचारी सञ्चय कोष ऐन, २०१९ को दफा ४ ले कोषको सञ्चालन एवं नीति निर्माण तथा सुव्यवस्थापनको लागि सात सदस्यीय सञ्चालक समितिको व्यवस्था गरेको छ । सोही ऐनले सञ्चालक समितिको काम, कर्तव्य, जिम्मेवारी तथा जवाफदेहिता स्पष्ट गरिदिएको छ । कोषको सञ्चालक समितिमाआर्थिक वर्ष २०७०/७१ मा देहायवमोजिम सञ्चालकहरु रहनु भएको छ :

| पद | नाम | कार्यालय/ठेगाना | नियुक्त मिति |
|---|---|---|---|
| अध्यक्ष | श्री दुर्गानिधि शर्मा | सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | २०६९/८/८ |
| सञ्चालक | श्री प्रताप सिहं थापा | प्रहरी अतिरिक्त महानिरीक्षक, नेपाल प्रहरी | २०६८/९/७ |
| सञ्चालक | डा. कमलराज ढुंगेल | प्राध्यापक, त्रिभुवन विश्वविद्यालय | २०६९/११/११ |
| सञ्चालक | श्री रामशरण पुडासैनी | सहसचिव, अर्थ मन्त्रालय | २०६८/४/२६ |
| सञ्चालक | श्री ताराध्वज पाण्डे | महासेनानी, नेपाली सेना | २०७०/६/११ |
| सञ्चालक | श्री कृष्ण प्रसाद शर्मा | प्रमुख कार्यकारी अधिकृत, राष्ट्रिय वाणिज्य बैंक | २०७०/६/७ |
| सञ्चालक | श्री कृष्णप्रसाद आचार्य | प्रशासक,कर्मचारी सञ्चय कोष | २०६९/५/२१ |

**सञ्चालक समितिमा परिवर्तन :**

आर्थिक वर्ष २०७०/७१ मा कायम रहेकोउल्लिखित कोषको संचालक समितिको अध्यक्ष र संचालकमा हाल देहायअनुरुप परिवर्तन भएको छ :

(क) अर्थ सचिव श्री सुमन प्रसाद शर्माले मिति २०७१/८/२५ देखि कोषको सञ्चालक समितिको अध्यक्षता गरिरहनु भएको छ ।

(ख) प्राध्यापक डा. कमलराज ढुंगेलको स्थानमा प्राध्यापक श्री प्रकाश सिंह प्रधानले मिति २०७१/१०/८ देखि कोषको सञ्चालक समितिको सदस्यमा प्रतिनिधित्व गरिरहनु भएको छ ।

(ग) महासेनानी श्री ताराध्वज पाण्डेको स्थानमा महासेनानी श्री प्रेमध्वज अधिकारीले मिति २०७१/८/१४ देखि कोषको सञ्चालक समितिको सदस्यमा प्रतिनिधित्व गरिरहनु भएको छ ।

**सञ्चालक तथा प्रशासकको पारिश्रमिक :**

सञ्चालक समितिका सदस्यले समितिको वैठकमा सहभागी भएवापत प्रति वैठक रु.३,०००/- का दरले वैठक भत्ता पाउने व्यवस्था रहेको छ । यस वाहेक अन्य सुविधा प्रदान गर्ने व्यवस्था रहेको छैन ।

आर्थिक वर्ष २०७०/७१ मा कोषको संचालक समितिको वैठक नं. १३८३ देखि १४२४ सम्म जम्मा ४२ वटा वैठक सम्पन्न भएको छ ।

कोषका प्रशासकलाई आर्थिक वर्ष २०७०/७१ मा नियमानुसार तलव, भत्ता तथा सुविधा वापत रु.२२,०५,४९४/९४ भुक्तानी गरिएको छ ।

### १.७.२ अन्य मुख्य समिति तथा उपसमितिहरु

### क) लेखापरीक्षण समिति

कर्मचारी सञ्चय कोष (आर्थिक प्रशासन) नियमावली, २०६८ को नियम २१ ले कोषमा तीन सदस्यीय *लेखापरीक्षण समिति*को व्यवस्था गरेको छ । सोही नियमले समितिको काम, कर्तव्य र अधिकार स्पष्ट गरिदिएको छ ।

समितिको कार्यक्षेत्र अन्तर्गत कोषको लेखा तथा वित्तीय बिवरणहरुको समयानुकुल पुनरावलोकन गर्ने र त्यस्ता विवरणहरुमा उल्लिखित तथ्यको सत्यता यकिन गर्ने , कोषको आन्तरिक नियन्त्रण प्रणाली तथा जोखिम व्यवस्थापन प्रणालीको पुनरावलोकन गर्ने, कोषको लेखापरीक्षणसम्बन्धी कार्य गर्दा पालना गर्नुपर्नेआचरण, मापदण्ड तथा निर्देशिका पालन भए वा नभएको रेखदेख गर्ने, आवश्यकताअनुसार कोषको लेखा नीति पुनरावलोकन गरी सञ्चालक समितिसमक्ष सिफारिश गर्ने जस्ता प्रमुख कार्य तोकिएको छ ।

लेखापरीक्षण समितिमा आर्थिक वर्ष २०७०/७१ मा देहाय वमोजिम सदस्यहरु रहनु भएको छ :

| पद | नाम | कार्यालय/ठेगाना |
|---|---|---|
| अध्यक्ष | श्री रामशरण पुडासैनी | सञ्चालक, सञ्चालक समिति, कर्मचारी सञ्चय कोष |
| सदस्य | श्री प्रवीणध्वज जोशी | चार्टर्ड एकाउण्टेण्ट, महाराजगञ्ज काठमाण्डौ |
| सदस्य | श्रीजितेन्द्र धिताल | नायव मुख्य अधिकृत (चार्टर्ड एकाउण्टेण्ट),आ.ले.प. विभाग |

आर्थिक वर्ष २०७०/७१ मा कोषको लेखापरीक्षण समितिको जम्मा२० वटा वैठक सम्पन्न भएको छ ।

### ख) जोखिम व्यवस्थापन समिति

कोषका कारोवारमा निहीत जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न सञ्चालक समितिलेएक ***जोखिम व्यवस्थापन समिति*** गठन गरेको छ । यससमितिमा आर्थिक वर्ष २०७०/७१ मा देहायका सदस्यहरु रहनु भएको छः

| पद | नाम | कार्यालय/ठेगाना |
|---|---|---|
| संयोजक | डा. कमलराज ढुंगेल | सञ्चालक, सञ्चालक समिति, कर्मचारी सञ्चय कोष |
| सदस्य | श्री रामशरण पुडासैनी | अध्यक्ष, लेखा परीक्षण समिति |
| सदस्य | श्री कृष्ण प्रसाद आचार्य | प्रशासक, कर्मचारी संचय कोष |
| सदस्य | श्री राधा कृष्ण पोते | मुख्य अधिकृत, कर्मचारी संचय कोष |
| सदस्यसचिव | श्री दुर्गा प्रसाद सुबेदी | नायव मुख्य अधिकृत ,प.वि.तथा जो.व्य. विभाग |

आर्थिक वर्ष २०७०/७१ मा यससमितिको जम्मा १२ वटा वैठक सम्पन्न भएको छ ।

### ग) पदपूर्ति समिति

कर्मचारी सञ्चय कोष, कर्मचारी सेवाशर्त नियमावली, २०४८ (संशोधन सहीत) को नियम २.३ ले कोषमा ***पदपूर्ति समिति***को व्यवस्था गरेको छ। कोषको रिक्त पदमा नयां नियुक्ति वा वढुवाद्धारा पूर्ति गर्नका निमित्त गठित यस समितिमा आर्थिक वर्ष २०७०/७१ मा देहायवमोजिम सदस्यहरु रहनु भएको छ :

| पद | नाम | कार्यालय/ठेगाना |
|---|---|---|
| अध्यक्ष | श्री कृष्ण प्रसाद आचार्य | प्रशासक, कर्मचारी संचय कोष |
| सदस्य | श्री राधा कृष्ण पोते | मुख्य अधिकृत, कर्मचारी संचय कोष |
| सदस्य | श्री उत्तरकुमार खत्री | उपसचिव, अर्थमन्त्रालय |
| सदस्य (स्थायी प्रतिनिधी ) | श्री प्रेम प्रसाद शर्मा पौडेल | उपसचिव, लोक सेवा आयोग |
| सदस्य | श्री अर्जुनमणि आ.दी. | प्रशासन विज्ञ |
| सचिव | श्री किशोर मल्ल | नायव मुख्य अधिकृत,मा.स.तथा आ.व्य. विभाग |

आर्थिक वर्ष २०७०/७१ मा यससमितिको जम्मा १७४ वटा वैठक सम्पन्न भएको छ ।

## घ) दुर्घटना क्षतिपूर्ति रकम दावी फछ्र्योट समिति

कर्मचारी सञ्चय कोषको जगेडा कोष, कल्याणकारी कोष, निवृत्तिभरण कोष र अन्य कोषहरु सञ्चालन नियमावली,२०६२ (संशोधन सहित) को नियम ११ ले ***दुर्घटना क्षतिपूर्ति समिति*** गठन गरेको छ । सेवाकालमा सञ्चयकर्ताको मृत्यु भएमा वा पूर्ण वा आंशिक अंगभंग भएमा निज वा निजको हकवालाहरुलाई प्रदान गरिने दुर्घटना क्षतिपूर्ति सम्वन्धमा जांचवुझ गरी निर्णय गर्न गठित यस समितिमा आर्थिक वर्ष २०७०/७१ मा देहाय वमोजिम सदस्यहरु रहनु भएको छ :

| पद | नाम | कार्यालय/ठेगाना |
|---|---|---|
| अध्यक्ष | श्री कृष्ण प्रसाद आचार्य | प्रशासक, कर्मचारी संचय कोष |
| सदस्य | डा. रमेश बस्नेत | स्वास्थ्य विशेषज्ञ |
| सदस्य | श्री पुष्पदास श्रेष्ठ | विमा विज्ञ |
| सदस्य | श्री राधाकृष्ण पोते | मुख्य अधिकृत, कर्मचारी संचय कोष |
| सदस्यसचिव | श्री राजेन्द्र काफ्ले | नायव मुख्य अधिकृत,स.से.तथासा.सु. विभाग |

आर्थिक वर्ष २०७०/७१ मा यससमितिको जम्मा १० वटा वैठक सम्पन्न भएको छ ।

## ङ) सम्पत्ति दायित्व व्यवस्थापन समिति

कोषको सम्पति तथा दायित्वको प्रभावकारीरुपमा परिचालन तथा व्यवस्थापनका साथै आवश्यक पर्ने तरलताको सन्दर्भमा हुन सक्नेजोखिम न्यूनीकरण एवं उचित व्यवस्थापनका लागि कोषको सञ्चालक समितिको निर्णयबाट मिति २०७०/०२/०८ देखि कोषका प्रशासकको संयोजकत्वमा एक ***सम्पत्ति दायित्वव्यवस्थापन समिति*** गठन गरिएको छ । यस समितिमा कोषका मुख्य अधिकृतहरु र लगानी तथा ट्रेजरी व्यवस्थापन विभाग, सञ्चयकर्ता सेवा तथा सामाजिक सुरक्षण विभाग, परियोजना विश्लेषण तथा जोमिख व्यवस्थापन विभाग, भवन निर्माण तथा आवास व्यवस्थापन विभाग र सञ्चयकर्ता कर्जा तथा असुली विभागका विभागीय प्रमुखहरु सदस्य रहनु भएको छ । यस समितिको सदस्य सचिवका रुपमा सञ्चालक समितिका सचिव रहनु भएको छ ।

आर्थिक वर्ष २०७०/७१ मा यससमितिको जम्मा २ वटा वैठक सम्पन्न भएको छ ।

## च) लगानी प्रवर्द्धन समिति

कोषको रकम सुरक्षित र वढी प्रतिफल प्राप्त हुने क्षेत्रमा लगानी गर्न लगानी नीति निर्धारण गरी सञ्चालक समितिमा सुझाव पेश गर्न कर्मचारी सञ्चय कोष ऐन,२०१९ को दफा १९ख ले प्रशासकको अध्यक्षतामा चार सदस्यीय ***लगानी प्रवर्द्धन समिति***को व्यवस्था गरेको छ ।हाल यस समितिले पूर्णता पाएको छैन ।

### छ) भवन निर्माण प्राविधिक समिति

कोषको स्रोत परिचालनका सन्दर्भमा खरिद भएका जग्गाहरुको उपयोग एवं भवन निर्माणका सम्वन्धमा प्राविधिक राय सुझाव दिन सञ्चालक समितिको निर्णयानुसार मुख्य अधिकृतको संयोजकत्वमा वाह्य विज्ञ सहित पाँच सदस्यीय ***भवन निर्माण प्राविधिक* समिति**को व्यवस्था भएको छ ।
आर्थिक वर्ष २०७०/७१ मा यससमितिको जम्मा ८ वटा वैठक सम्पन्न भएको छ ।

### ज) वेरुजु फर्स्यौट, मूल्याङ्कन तथा अनुगमन समिति

कर्मचारी सञ्चय कोषको आन्तरिक तथा बाह्य लेखापरीक्षणबाट औल्याईएका वेरुजु फर्स्यौट सम्वन्धी काम कारवाहीमा प्रभावकारिता ल्याउन कर्मचारी सञ्चय कोष (आर्थिक प्रशासन) नियमावली, २०६८ को नियम २४ ले मुख्य अधिकृतको संयोजकत्वमा पाँच सदस्यीय ***वेरुजु फर्स्यौट मूल्याङ्कन तथा अनुगमन समिति*** को व्यवस्था गरेको छ ।

बेरुजु फछ्र्यौट सम्बन्धी कामकारवाहीलाई व्यवस्थित र प्रभावकारी बनाउन साथै कोषको लेखापरीक्षण समिति अन्तर्गत रहेर आन्तरिक तथा बाह्य लेखापरीक्षण प्रतिवेदनमा समावेस गरिएका विषयहरुमा प्रभावकारी अनुगमन समेत गर्ने उद्धेश्यले कोषको सञ्चालक समितिले *बेरुजु फछ्र्यौट, मूल्याङ्कन तथा अनुगमन समितिको* अन्य काम, कर्तब्य र अधिकार तोकी कार्यान्वयनमा ल्याएको छ ।

आर्थिक वर्ष २०७०/७१ मा यससमितिको जम्मा १६ वटा वैठक सम्पन्न भएको छ ।

### १.७.३ संगठनात्मक संरचना

कोषको मूल संगठनात्मक संरचनामा सात सदस्यीय एक सञ्चालक समिति, सञ्चालक समिति अन्तर्गत कार्यकारी प्रमुखका रुपमा प्रशासक, दुई मुख्य अधिकृतहरु, दश विभागहरु र आठवटा शाखा कार्यालय रहेका छन् ।

कर्मचारी सञ्चय कोष ऐन, २०१९ को दफा ६क ले कोषको दैनिक कार्य सञ्चालनका लागि कोषको प्रशासकीय प्रमुखका रुपमा प्रशासकको व्यवस्था गरेकोछ । नेपाल सरकारले मिति २०६९ भाद्र २१ देखि श्री कृष्णप्रसाद आचार्यलाई सो पदमा नियुक्त गरेको छ । साथै, नेपाल सरकार, अर्थ मन्त्रालय र कोषका प्रशासक बीच भएको कार्यसम्पादन सम्झौताले प्रशासकको थप जिम्मेवारी सुनिश्चित गरिदिएको छ ।

कोषका दश विभाग मध्ये आन्तरिक लेखापरीक्षण विभाग लेखापरीक्षण समिति अन्तर्गत र योजना अनुगमन तथा मूल्याङ्कन विभाग प्रशासक अन्तर्गत रहने व्यवस्था गरिएको छ । कोषमा प्रशासकको मातहतमा कार्य सञ्चालन र संस्थागत व्यवस्थापन तर्फ गरी दुई जना मुख्य अधिकृत रहने व्यवस्था गरिएको छ । अन्य आठवटा विभागको नाम देहाय अनुरुप रहेको छ :

### क) कार्य सञ्चालनतर्फ :

१) लगानी तथा ट्रेजरी व्यवस्थापन विभाग
२) सञ्चयकर्ता सेवा तथा सामाजिक सुरक्षा विभाग
३) भवन निर्माण तथा आवास व्यवस्थापन विभाग
४) सञ्चयकर्ता कर्जा तथा असुली विभाग
५) शाखा कार्यालयहरु

**ख) संस्थागत व्यवस्थापनतर्फ :**


१) मानव संसाधन तथा आन्तरिक व्यवस्थापन विभाग

२) परियोजना विश्लेषण तथा जोखिम व्यवस्थापन विभाग

३) केन्द्रीय लेखा तथा खर्च विभाग

४) सूचना तथा सञ्चार प्रविधि विभाग

**कर्मचारी सञ्चय कोष**
**संगठनात्मक संरचना**




## १.८ मानव संशाधन व्यवस्थापन

कोषको संगठनात्मक संरचनामा अर्न्तगत ५२५ कर्मचारी दरवन्दी रहेको छ। आर्थिक वर्ष २०७०/७१ मा ४४३ जना कर्मचारी कार्यरत रहेका थिए। कार्यरत कर्मचारीहरु मध्ये ३६० पुरुष र ८३ महिला कर्मचारी रहेका छन्। साथै, कोषमा १०६ जना कर्मचारीहरु सेवा करारमा कार्यरत रहेका छन्।

कर्मचारीहरुको वृति विकास, सरुवा, वढुवा लगायत समग्र व्यवस्थापनका लागि कोषमा कर्मचारी सञ्चय कोष, कर्मचारी सेवा शर्त नियमावली (संशोधन सहित) २०४८ कार्यान्वयनमा छ। साथै, कर्मचारीहरुको

स्वास्थ तथा सुरक्षाका लागि कर्मचारी औषधोपचार सम्वन्धी व्यवस्था, २०५०, कोषका कर्मचारीको निमित्त अवकाश कोष सञ्चालन निर्देशिका, २०६०, कर्मचारी जीवन सुरक्षण कोष सञ्चालन निर्देशिका, २०६० र कोषका कर्मचारी सन्तति छात्रवृत्ति निर्देशिका, २०७० कार्यान्वयनमा छ ।

यसैगरी कोषको मानव संशाधनलाई सेवामुखी तथा प्रभावकारी वनाउन कोषमा प्रोत्साही पुरस्कार तथा दण्डसम्बन्धी कार्यविधि (संशोधन सहित), २०३३कार्यान्वयनमा छ ।

## १.९ आन्तरिक नियन्त्रण प्रणाली

कोषको आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी वनाउन तथा कोषको कार्यलाई सहज, सरल तथा जोखिम रहित बनाउन विभिन्न नियमावली, नीति तथा कार्यविधिहरू तयार गरी कार्यान्वयनमा ल्याएको छ । जसको विस्तृत विवरण ***परिशिष्ठ-१*** मा समावेश गरिएको छ ।

साथै आन्तरिक नियन्त्रणको क्षेत्रलाई कोषको कारोवार एवं लेखाङ्कनका सम्पूर्ण क्षेत्रमा विस्तार गर्ने योजनाअनुरुप महत्वपूर्ण आर्थिक कारोवार हुने क्षेत्रहरुमा निहित जोखिम पहिचान गरी प्राथमिकताका साथ नियन्त्रण र न्यूनीकरण गर्ने पद्धतिको विकास गरिएको छ ।

कोषको आन्तरिक नियन्त्रण प्रणालीमा सुधार गर्न तथा संस्थागत सुशासन सुनिश्चित गर्न नेपाल सरकारबाट स्वीकृत कर्मचारी सञ्चय कोष (आर्थिक प्रशासन) नियमावली, २०६८ मा सञ्चालक समितिको सदस्य संयोजक रहने गरी  कोषमा एक स्वतन्त्र लेखा परीक्षण समितिको समेत व्यवस्था गरिएको छ । उक्त लेखापरीक्षण समिति अन्तर्गत रहेर स्वीकृत लेखापरीक्षण कार्ययोजना अनुरुप कोषको आन्तरिक लेखा परीक्षण विभागले विभिन्न विभाग तथा शाखा कार्यालयहरुको कारोवारको आन्तरिक लेखापरीक्षण गर्दै आएको छ ।

कोषको समग्र लेखाङ्कन प्रणालीमा सुधार गर्न आन्तरिक तथा अन्तिम लेखा परीक्षण प्रतिवेदनमा औल्याइएका वेरुजु फर्स्यौट सम्वन्धी काम कारवाहीमा प्रभावकारिता ल्याउन वेरुजु फर्स्यौट,मूल्याङ्कन तथा अनुगमन समिति सक्रिय रहेको छ । कोषको आन्तरिक नियन्त्रण प्रणलीलाई दीगो बनाउन लेखा परीक्षण गरिने क्षेत्र तथा शाखा, विभागको कारोवारको लेखापरीक्षण सम्पन्न गर्दा देखिएका कमी कमजोरीहरुमा स्वतन्त्र रुपमा सुधारका लागि सुझाव सहित प्रतिवेदन लेखापरीक्षण समितिमा पेश गर्ने गरिएको छ । फलस्वरुप कोषको कारोवारको लेखाङ्कनमा थप सुधार समेत हुदैंआएको छ

## १.१० जोखिम व्यवस्थापन

कर्मचारी सञ्चय कोषमा निहित जोखिमहरुको पहिचान गर्न, विश्लेषण तथा मापन गर्न, अनुगमन गर्न तथा नियन्त्रण गर्न **जोखिम व्यवस्थापन निर्देशिका (Risk Management Guidelines),**२०७१ कार्यान्वयनमा ल्याएको छ ।

कोषको समग्र कारोवार लगायतका बिबिध क्षेत्रहरुमा अन्तरनिहित विभिन्न प्रकारका जोखिमहरु जस्तै संचालन जोखिम, बजार जोखिम, तरलता जोखिम, परियोजना कर्जा जोखिम, सञ्चयकर्ता कर्जा जोखिम, सूचना प्रविधि जोखिम र स्थिर सम्पत्ती व्यवस्थापन जोखिमहरुको पहिचान, मापन, अनुगमन तथा नियन्त्रण तथा जोखिमहरुको ब्यवस्थापन गर्नेपद्धतिको विकास गरिएको छ ।

कोष जस्तो सामाजिक सुरक्षाका क्षेत्रमा कार्यरत एक वित्तीय संस्थाले बिभिन्न प्रकारका जोखिमहरुको बिश्लेषण एंव सोको ब्यवस्थापन गर्नुपर्ने भएकाले वजारको ब्याजदरमा हुने परिवर्तन, तरलताको माग र आपूर्तिको अवस्था, प्रविधिमा आउने परिवर्तन, ऐन, नीति नियमहरुमा आउने परिवर्तन र विभिन्न

आन्तरिक तथा बाह्य कारणहरुले सिर्जना हुने जोखिम समेतको व्यवस्थापन गर्ने नीति लिएको छ । जसअनुरुप प्रभावकारी जोखिम व्यवस्थापनका प्रमुख तत्वहरु देहायबमोजिम तोकिएको छ :-

- सक्रिय सञ्चालक समिति तथा सचेत व्यवस्थापन,
- जोखिम व्यवस्थापन सम्बन्धि पर्याप्त नीति, कार्यविधि तथा सीमाहरु,
- जोखिमको उचित पहिचान, मापन, अनुगमन,नियन्त्रण र व्यवस्थापन,
- जोखिम व्यवस्थापनसंग सम्बन्धित संगठनात्मक संरचना,
- सुशासन तथा अनुपालन सम्बन्धी संस्कारको बिकास,

कोषको समग्र जोखिम व्यवस्थापनका साथै उचित नियन्त्रण तथा सुपरिवेक्षण प्रणालीका लागि सञ्चालक समितिले ***जोखिम व्यवस्थापन समिति***को व्यवस्था गरेको छ ।कोषको जोखिम व्यवस्थापन सम्वन्धी कार्यलाई नियमित रुपमा अगाडि वढाउन छुट्टै संरचना निर्माण गरी ***परियोजना विश्लेषण तथा जोखिम व्यवस्थापन विभाग***को गठन गरिएको छ । यस विभागले ***जोखिम व्यवस्थापन समितिको*** सचिवालयका रुपमा समेत कार्य गर्दै आएको छ ।

कोषले जोखिम व्यवस्थापनका लागि सम्भाव्य जोखिमका देहायका क्षेत्रहरुको पहिचान गरेको छ :

### क. तरलता जोखिम(Liquidity Risk)

कोषले सञ्चयकर्ताको सञ्चित रकमलाई कर्मचारी सञ्चय कोष ऐन,२०१९ ले निर्दिष्ट गरेको क्षेत्रमा लगानी नीति,२०७१ अनुरुपस्रोतको परिचालन गर्दै आएको छ । कोषले दैनिक कार्य सञ्चालनका लागि आवश्यक तरलता व्यवस्थापनका लागि कुल स्रोतको ३ प्रतिशतसम्म नगद तथा बैंक मौज्दात रहने गरी विभिन्न वाणिज्य बैंकको मुद्दती निक्षेप र सरकारी सुरक्षण पत्रमा समेत लगानी गर्ने गरेको छ ।

### ख वजार जोखिम (Market Risk)

कोषले निर्दिष्ट गरे अनुरुप सम्पत्ति दायित्व संरचनाभित्र रही वजार जोखिमको पहिचान गर्ने, मापन गर्ने र व्यवस्थापन गर्ने परिपाटीको विकास गरिएको छ । वजार जोखिमका तत्वहरु नियमित रुपमा परिवर्तन भईरहने हुँदा जोखिम व्यवस्थापन गर्ने विधि तथा प्रक्रियाहरु समेत समय समयमा आवश्यकता अनुरुप पुनरावलोकन गर्ने नीति गरिएको छ ।

आर्थिक वर्ष २०७०/७१ मा वित्तीय वजारमा अत्यधिक तरलताको अवस्थावाट व्याजदरमा निरन्तर गिरावट आईरहेकाले कोषले सञ्चयकर्तालाई प्रदान गर्ने व्याजदरमा समेत प्रभाव परेको छ । यद्यपि, व्यवस्थापनले बजारको अनुगमन गर्नुका साथै प्रभावकारी लगानी व्यवस्थापनमार्फत्सञ्चयकर्तालाई वढी भन्दा वढी प्रतिफल प्रदान गर्न प्रयत्नरत रहेको छ ।

कोषको वजार जोखिमको पहिचान, मापन, अनुगमन, व्यवस्थापन र विश्लेषण गर्न एक *वजार जोखिम व्यवस्थापन निर्देशिका* कार्यान्वयन गर्ने प्रक्रिया अघि वढाईएको छ ।

### ग. सञ्चालन जोखिम (Operational Risk):

कोषको कार्यप्रक्रियामा रहने कमी कमजोरी, मानवीय त्रुटी, आकस्मिक वा प्राकृतिक रुपमा हुने सञ्चालन जोखिमलाई व्यवस्थापन गर्न तथा आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ बनाउन लेखापरीक्षण समिति, जोखिम व्यवस्थापन समितिको संरचनात्मक व्यवस्थाका अतिरिक्त कोषमा छुट्टै विभागीय संरचना कायम गरी आन्तरिक नियन्त्रण प्रणालीलाई मजबुत गरिएको छ ।

वित्तीय प्रतिवेदनको अनुपालन र सोमा रहने जोखिमलाई न्यून गर्न कर्मचारी सञ्चय कोष ऐन,२०१९ र ऐन अन्तर्गत वनेका नीति, नियम तथा कार्यविधिहरुमा आवश्यकताअनुरुप समयानुकल पुनरावलोकन गर्ने गरिएको छ ।

**घ. ऋण लगानी जोखिम(Credit Risk):**

कोषले परियोजनाहरुको समुचित जोखिम विश्लेषण पश्चात परियोजनामा लगानी गर्ने नीति लिएको छ । नेपाल सरकारको स्वामित्वमा रहेका संस्थामा ऋण प्रवाह गर्दा नेपाल सरकारको जमानत लिई कर्जामा रहने जोखिमलाई समुचित व्यवस्थापन गर्ने गरेको छ । साथै, कोषले मुद्दती निक्षेपमा लगानी गर्दा सम्बन्धित बैंकहरुको त्रैमासिक रुपमा प्रकाशित तथ्याङ्कको आधारमा Credit Ratingगरी नीहित जोखिम व्यवस्थापन तथा न्यनीकरण गर्ने गरिएको छ ।

**ङ. सूचना प्रविधि सम्वन्धी जोखिम (IT Related Risk):**

सूचना प्रविधिमा देखिने जोखिम न्यूनीकरण गर्न कोषमा विपद व्यवस्थापन योजना,२०७१ कार्यान्वयनमा ल्याईएको छ । सोवाट सूचना प्रविधिमा देखिने जोखिमको पहिचान, मापन, अनुगमन र आन्तरिक नियन्त्रण गर्ने परिपाटीको विकास भईसकेको छ । यसै सर्न्दभमा कोषले जोखिम न्यूनीकरण गर्न IT System Audit गरेको र सो प्रतिवेदनमा उल्लेखित सुझावहरलाई अल्पकालीन तथा दीर्घकालीन रुपमा वर्गिकरण गरी अल्पकालिन सुझावहरुलाई सम्वोधन गर्दै लगिएको र दीर्घकालिन रुपमा सम्पन्न गर्नुपर्ने कार्यका लागि दीर्घकालीन सूचना प्रविधि रणनीति कार्यान्वयनमा ल्याई सूचना प्रविधि जोखिमलाई न्यूनीकरण गर्न कोष अग्रसर रहेको छ ।

**च. सञ्चयकर्ता कर्जा जोखिम(Contributors Credit Risk) :**

कोषले सञ्चयकर्तालाई प्रदान गर्दै आएका विभिन्न कर्जा तथा सापटीहरुको जोखिमलाई न्यूनीकरण गर्न कर्जाको अनुगमन तथा नियन्त्रण प्रणालीको विकास गरिएको छ । कर्जाको वार्षिक रुपमा कर्जाको अवस्थाको पुनरावलोकन गर्नुका साथै धितोको नियमित रुपमा स्थलगत निरीक्षण समेत गरी प्रतिवेदन जोखिम व्यवस्थापन समितिमा पेश गरी आवश्यक निर्णय लिने परिपाटीको विकास गरिएको छ ।

## १.११संस्थागत सुशासन

कर्मचारी सञ्चय कोष ऐन, २०१९ को व्यवस्था अनुरुप दीर्घकालीन वचत परिचालन गर्ने सम्झौतित वचत संस्थाका रुपमा कोषले सञ्चयकर्तावाट नियमित रुपमा कट्टि हुने कोष रकमलाई सुरक्षित तथा प्रतिफयुक्त क्षेत्रमा परिचालन गर्न तथा वढी भन्दा वढी सञ्चयकर्ताहरुको हितमा प्रयोग गर्न आवश्यक क्रियाकलापलाई पारदर्शिता, जवाफदेहिता, सहभागिताका आधारमा सञ्चालन गर्न कोषमा ***कर्मचारी सञ्चय कोष, संस्थागत सुशासन निर्देशिका, २०७१*** कार्यान्वयन गरिएको छ ।

कर्मचारी सञ्चय कोष ऐन, २०१९ तथा कोषसँग सम्वन्धित अन्य प्रचलित कानूनमा उल्लिखित जिम्मेवारीका साथै कोषवाट सम्पादन हुने कार्य सम्बन्धी नीतिगत विषय लगायत सम्पूर्ण आवश्यक कार्य समयमा नै सम्पादन गर्ने गराउने समग्र जिम्मेवारी कोषको सञ्चालक समितिमा रहेको छ । सञ्चालक समितिले कोषका प्रशासक र अन्तर्गतका कर्मचारीलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको समयभित्रै पालना गर्नु सम्बन्धित कर्मचारीको कर्तव्य हुने व्यवस्था रहेकोछ ।

कोषको संस्थागत सुशासन निर्देशिका, २०७१ मा भएका व्यवस्था लगायत प्रचलित कानून, नियम तथा निर्देशन सबै पक्षबाट पालना हुने र वित्तीय स्वार्थ भएका क्रियाकलापमा संलग्न हुने तथा संस्थाको हित विपरितका कार्य कसैले पनि गर्न गराउन नपाउने व्यवस्था सहितको आचार संहिता

निर्माण गरिएको छ । कोषको सञ्चालक समिति तथा अन्य समिति उपसमितिहरुको भूमिका तथा जिम्मेवारी स्पष्ट रुपमा व्यवस्था गरिएको छ ।

कर्मचारी सञ्चय कोष, संस्थागत सुशासन निर्देशिका, २०७१ मा कोषसँग सम्वन्धित सवै पक्षहरुको आचार संहिता तथा सोको पालना सम्वन्धमा स्पष्ट व्यवस्था गरिएको छ ।निर्देशिकामा उल्लेख भएका मापदण्ड, आचार संहिता लगायतका विषयहरुको अनुपालनका सम्वन्धमा छुट्टै "अनुपालनकर्ता" को व्यवस्था गरिएको छ । साथै, कोषको काम कारबाहीको विषयमा सञ्चयकर्ता तथा सरोकारवालालाई वा सार्वजनिक रुपमा जानकारी दिन कोषका मानव संशाधन विकास तथा आन्तरिक व्यवस्था विभागका विभागीय प्रमुखलाई कोषको प्रवक्ता तोकिएको छ ।

कोषका लागि वाध्यकारी कानूनी व्यवस्थाहरुका साथै नेपाल सरकार, अर्थमन्त्रालय मार्फत प्राप्त निर्देशहरुको कोषले पूर्ण रुपमा परिपालना गरेको छ ।

# परिच्छेद - २
# अवसर र चुनौतिहरुको विश्लेषण
# (SWOT Analysis)

## २.१ मुख्य राष्ट्रिय आर्थिक गतिविधि र कोषवीचको सम्वन्ध :

**आर्थिक गतिविधि:**अन्तरराष्ट्रिय मुद्रा कोष (IMF) ले सन् २०१४ अप्रिलमा प्रकाशन गरेको विश्वको आर्थिक परिदृश्य (World Economic Outlook)का अनुसार सन् २०१३ मा विश्व अर्थतन्त्र आर्थिक वृद्धि, मुद्रास्फीति, व्यापार आदिको दृष्टिमा मिश्रित रह्यो । सन् २०१२ को तुलनामा सन् २०१३ मा विश्व उत्पादन सीमान्त दरले घट्यो भने मुद्रास्फीति पनि कम नै रह्यो । सन् २०१३ मा ३.० प्रतिशतले वढेको विश्व उत्पादन सन् २०१४ मा ३.६ प्रतिशतले वृद्धि हुने प्रक्षेपण छ ।

विगत एक दशकको नेपालको आर्थिक वृद्धिदर अध्ययन गर्ने हो भने सन्तोषजनक रहन सकेको देखिदैन । सो एक दशक अवधि मध्ये आर्थिक वर्ष २०६४/६५ र आर्थिक वर्ष २०७०/७१ मा नेपालको आर्थिक वृद्धिदर ५.० प्रतिशत भन्दा माथि रहेता पनि अन्य आर्थिक वर्षहरुमा ३.० देखि ४.० प्रतिशतको हाराहारीमा रहेको देखिन्छ । तसर्थ, सो अवधिमा मुलुकको औषत आर्थिक वृद्धिदर आधारभुत मूल्यमा ४.१ प्रतिशत रहेको देखिन्छ ।

आर्थिक वर्ष २०६९/७० मा नेपालको मुद्रास्फीति दर ९.९ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७०/७१ मा ९.० प्रतिशत रहने अनुमान छ।

आर्थिक वर्ष २०७०/७१को प्रथम आठ महिनामा वैंक तथा वित्तीय संस्थाहरुको निक्षेप सङ्कलन तर्फ रु. १ खर्व १५ अर्व ४७ करोड वृद्धि भई कुल निक्षेप रु.१३ खर्व ३ अर्व ५६ करोड पुगेको छ भनेसोही अवधिमा कर्जा लगानी तर्फ रु.१ खर्व ३अर्व८१करोडले वृद्धि भई कुल प्रवाहित कर्जा रु. १० खर्व ४५ अर्व पुगेको छ । आर्थिक वर्ष २०७०/७१ मा कोषको कुल स्रोत र.१ खर्व ६९ अर्व ६९ करोड र कुल कर्जा तथा लगानी रु. १ खर्व ६० अर्व २७ करोड रहेको छ । कोषको उक्त स्रोत र कर्जा तथा लगानी देशको वैंक तथा वित्तीत संस्थाहरुको कुल निक्षेप परिचालन र कुल प्रवाहित कर्जाको क्रमशः करीव १३.०२र १५.३४प्रतिशत रहेको छ ।

संस्थागत मुद्दती लगानीमा बैंकहरुले प्रदान गर्ने व्याज अल्पकालीन (एक वर्ष) कालागि सामान्यतया ४ प्रतिशत देखि ६ प्रतिशत (औसत ४.४५प्रतिशत) प्रदान गर्दै आएको देखिन्छ भनेकर्जाको भारित औषत व्याजदर११.१८ प्रतिशत कायम भएको देखिन्छ । जस अनुसार कर्जा र निक्षेपको भारित औषत व्याजदर अन्तर ६.७३ प्रतिशत रहेको छ ।

देशको औधोगिक लगानीमा खासै वृद्धि हुन नसकको कारण र वैंक तथा वित्तीय संस्थाले आवास कर्जामा गरेको कडाईका कारण कोषको अन्य क्षेत्रको लगानीमा भन्दा सञ्चयकर्ता सापटीमा आर्थिक वर्ष २०७०/७१ मा समेत वृद्धि हुन गएको छ ।

आर्थिक वर्ष २०७०/७१ मा कोषले सञ्चयकर्ताहरुलाई प्रदान गरेको प्रतिफललाई वजारमा विभिन्न वैंकहरुको मुद्दति निक्षेपको व्याजदरमा आएको गिरावटले प्रत्यक्ष प्रभाव पारेको देखिएको छ । सो अवधिको मुद्रास्फिति दरमा भएको वृद्धिले कोषले सञ्चयकर्तालाई प्रदान गर्ने वित्तीय प्रतिफल तुलनात्मक रुपमा कम देखिएको छ ।

**स्रोत परिचालन :**देशको राष्ट्रिय अर्थतन्त्रमा देखिएका परिदृश्यवाट कोषको कारोवारमा समेत प्रभाव पर्ने देखिएको छ ।राष्ट्रिय तलब तथा ज्याला सूचकाङ्कमा भएको वृद्धिले कोषको स्रोत सङ्कलनमा सकारात्मक वृद्धि हुन गएको छ । कोषले आर्थिक वर्ष २०७०/७१ मा सञ्चयकर्ताहरुको मासिक वचतका रुपमा सङ्कलन गरेको रकम रु.१७ अर्व ९८ करोड देशका विभिन्न वैंक तथा वित्तीय संस्थाहरुले सङ्कलन गरेको वार्षिक निक्षेप रकमको करीव १० प्रतिशत रहेको छ । यसवाट देशको वित्तीय स्रोत सङ्कलनमा कोषको भूमिका महत्वपूर्ण रहेको देखिएको छ ।

**राजस्वमा योगदान:**कोषले आर्थिक वर्ष २०७०/७१ मा सञ्चयकर्ताहरुको अवकास कोष रकम भुक्तान गर्दा रु. ३ करोड २७ लाख र कर्मचारीहरुको पारिश्रमिक तथा सामाजिक सुरक्षा कर वापत रु. ३ करोड १९ लाख र अन्य कर वापत रु. ६६ लाख समेत गरी करीव रु. ७ करोड १२ लाख कर संकलन गरी दाखिला गरेको छ ।

## २.२ अवसर तथा चुनौतीहरु

कर्मचारी सञ्चय कोष देशको सामाजिक सुरक्षा तथा वित्तीय वजारमा रहेका अवसर तथा चुनौतीहरुको सामना गर्न अग्रसर रहेको छ । वित्तीय स्रोतको निरन्तरताको सुनिश्चितता,आयमा आयकर नलाग्ने व्यवस्था, आवास परियोजना सञ्चालनका लागि जग्गामा हदबन्दी नलाग्ने व्यवस्था,कोषको अन्तर्राष्ट्रिय आवद्धता, सूचना प्रविधिको समुचितउपयोग जस्ता कोषका सवल पक्षहरु रहेका छन् । यस्तै वित्तीय बजारमा कोषले खेल्न सक्ने नेतृत्वदायी भूमिका, सञ्चयकर्ता दायरा विस्तारका संभावना मार्फत प्रमुख सामाजिक सुरक्षा संस्थाको रुपमा कोषलेदेशको सामाजिक सुरक्षाको विकास तथा विस्तारमा महत्वपूर्ण भूमिका खेल्न सक्ने अवसरहरु समेत देखिएको छ ।

कोष कट्टी रकम संकलनको प्रभावकारी सयन्त्र नहुनु, कार्यरत कर्मचारीमा व्यावसायिक ज्ञान र व्यवस्थापकीय शीप विकासमा थप प्रयास गर्न नसकिनु, कोषको नियमनका लागि उपयुक्त संयन्त्रको अभाव रहनु, मुद्रास्फीति दर अनुरुप कोषको प्रतिफल कायम गर्न नसकिनु र कोषको लेखाङ्कन प्रणालीमा International Financial Reporting Standard/IFRSलागू गर्नुपर्ने जस्ता प्रमुख चुनौतिहरु रहेका छन् ।

साथै सामाजिक सुरक्षाका क्षेत्रमा अन्य निकायहरुको सक्रियताका कारण कोषको भूमिका सीमित हुदैं जाने संभावना रहनु, तरल तथा अस्थिर वित्तीय बजारका कारण कोषको प्रभावकारी स्रोत परिचालनमा कठिनाई हुनु, सञ्चय कोष जस्तो दीर्घकालीन सम्झौतित बचतलाई राष्ट्रको विकास निर्माणमा परिचालन गर्ने नीतिको अभाव रहनु, कोषको स्रोत परिचालन नेपाल सरकारको प्राथमिकतामा पर्न नसक्नु जस्ता चुनौतिहरु समेत कोष सामु रहेका छन् ।

राष्ट्रिय तलब तथा ज्याला सूचकाङ्कमाभएको वृद्धिले कोषको स्रोत संकलनमा सकारात्मक वृद्धि हुन गएको देखिन्छ भने देशको वित्तीय वजारमा देखिएको अत्यधिक तरलता, बैकको मुद्दती खाताको व्याजदरमा आएको गिरावट, औद्योगिक क्षेत्रको लगानीम आवश्यक जग्गा प्राप्तिमा देखिएको कानूनी तथा प्रक्रियागत जटिलताका कारणले कोषको लगानी व्यवस्थापन थप चुनौतिपूर्ण बन्न गएको देखिन्छ ।

## २.३ रणनीति तथा कार्यनीतिहरु

कोषले आफ्नो दूरदृष्टि एवं दीर्घकालीन लक्ष्य प्राप्त गर्न राष्ट्रिय अर्थतन्त्रको सामान्य परिदृश्य समेतका आधारमा आफ्नो अवसर र चुनौतिलाई विश्लेषण गरी कोषको पाँच वर्षे रणनीतिक योजनाका रुपमा देहायका रणनीति तथा कार्यनीतिहरु अवलम्वन गरेको छ :

**(क) सामाजिक सुरक्षा योजनामा सुधार :**

- कोषको वार्षिक मुनाफाबाट सामाजिक सुरक्षा कोषको सिजना गर्ने गरी सो कोषलाई निरन्तर रुपमा मजबुद् बनाउँदै लैजाने ।
- सञ्चयकर्ताका लागि दीगोपना सुनिश्चित सहितको उपयुक्त सामाजिक सुरक्षा योजनाको विकास र कार्यान्वयन गर्ने ।
- योगदान सहितको सामाजिक सुरक्षा योजनाको पहिचान र कार्यान्वयन गर्ने ।
- सामाजिक सुरक्षाको क्षेत्रमा राष्ट्रिय तथा अन्तरराष्ट्रिस्तरमा भएका विकास र अभ्यासहरुको नियमित अध्ययन अनुसन्धान गर्ने ।
- सञ्चयकर्ताको आवासको आवश्यकतालाई सम्बोधन गर्न नेपाल सरकारको सहयोग तथा निजी क्षेत्रसँगको सहकार्यमा आवास परियोजनाहरुको विकास गर्ने ।

**(ख) कानूनी सुधार तथा नियामकको व्यवस्था :**

- कोष एवं कोषकै प्रकृतिका अन्य संस्थाहरुको नियमन गर्न उपयुक्त नियामकको व्यवस्थाका लागि सोको खाका सहित नेपाल सरकारलाई अनुरोध गर्ने ।
- कर्मचारी सञ्चयकोष ऐन, २०१९मा समसामयिक सुधारका लागि संशोधनको मस्यौदासहित नेपाल सरकारलाई अनुरोध गर्ने ।

**(ग) कोष व्यवस्थापन (Fund Management)मा सुधार :**

- कोष व्यवस्थापन सम्बन्धी विस्तृत निर्देशिका तयारी गरी लागू गर्ने ।
- सञ्चयकोष कट्टीको फाँटवारी संकलनलाई प्रविधिमा आधारित तुल्याउने ।
- दोहोरो खाताको अवस्थालाई नियन्त्रण गर्न विद्यमान सञ्चयकर्ता खाता व्यवस्थापन प्रणालीमा सुधार गर्ने ।
- शाखा कार्यालयहरुबाट कोषकट्टी फाँटवारीको Data Entry को कार्य प्रारम्भ गर्ने ।

**(घ) सञ्चयकर्ता सेवा प्रवाहको प्रभावकारिता अभिबृद्धि :**

- सूचना तथा सञ्चार पद्धति एवं बैकिङ्ग सञ्जालको प्रयोगका माध्यमबाट शाखारहित सेवा प्रवाह प्रणालीको विकास गर्ने ।
- अत्यावश्यक प्रकृतिका सञ्चयकर्ता सेवालाई कार्यालय समयअघि, पछि र विदाको दिनमा समेत प्रदान गर्ने प्रणालीको विकास गर्ने ।
- संघीय संरचना पश्चातको शाखा कार्यालयको संख्या र स्थान निरुपण गरी शाखा कार्यालय सुधार तथा सशक्तीकरण योजना कार्यान्वयन गर्ने ।
- सञ्चयकर्ता सन्तुष्टि सर्वेक्षणका आधारमा सञ्चयकर्ता गुनासो व्यवस्थापनलाई प्रभावकारी बनाई सेवा प्रवाह प्रकृयामा सुधार गर्ने ।
- सञ्चयकर्ता गुनासो व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको उपयोग गर्ने ।

**(ङ) सञ्चयकर्ताको दायरा विस्तार :**

- निजी क्षेत्रका कामदार तथा कर्मचारीलाई कोषमा आकर्षित गर्न प्रभावकारी बजारीकरणको उपायहरु अवलम्बन गर्ने ।
- कोषको दायरा विस्तार गर्न कर्मचारी सञ्चयकोष ऐन, २०१९ मा संशोधन गर्ने ।

**(च) जोखिम व्यवस्थापनमा सुधार :**

- उच्चस्तरीय जोखिम व्यवस्थापन कमिटि गठन गर्ने ।
- एकीकृत जोखिम व्यवस्थापन कार्यविधि (Integrated Risk Management Guideline) तर्जुमा गरी कार्यान्वयन गर्ने ।

**(छ) संस्थागत सुशासनको प्रभावकारिता अभिवृद्धि :**

- कोषको संस्थागत सुशासनको ढाँचा (Farmework)र कार्यविधि तर्जुमा गरी कार्यान्वयन गर्ने ।
- अन्य मुलुकका सञ्चय कोष संस्थाहरुले अवलम्बन गरेको असल अभ्यास(Best Practices)को अनुशरण गर्ने ।
- सञ्चालक समिति, प्रशासक एवं उच्च व्यवस्थापनमा सम्लग्न पदाधिकारीहरुले पालना गर्नु पर्ने आचारसंहिता (Code of Conduct)तर्जुमा गरी कार्यान्वयन गर्ने ।
- वित्तीय उत्तरदायित्व र पारदर्शिता सुनिश्चित गर्न वित्तीय विवरणमा गरिने उद्घोषण (Disclosure)लाई थप प्रभावकारी बनाउने ।
- आन्तरिक लेखापरीक्षण तथा लेखापरीक्षण समितिलाई बढी कृयाशील बनाउने ।
- महालेखा परीक्षकको कार्यालयले तोकेको अवधिभित्र लेखा परीक्षण सम्पन्न गर्ने ।

**(ज) सूचना तथा सञ्चार प्रणालीको प्रभावकारितामा अभिवृद्धि :**

- Business Continuity Planर Disaster Recovery Planकार्यान्वयन गर्ने ।
- कोषमा सूचना तथा सञ्चार प्रविधि नीति लागू गर्ने ।
- वित्तीय सूचना प्रणाली र व्यवस्थापन सूचना प्रणालीको आवश्यकताअनुसार वर्तमान सूचना व्यवस्थापन प्रणालीमा सुधार गर्ने ।
- सूचना तथा सञ्चार प्रणालीको प्रभावकारितामा अभिवृद्धि गरी कोषको कारोबारलाई क्रमश कागजरहित बनाउँदै लैजाने ।
- कार्यलयहरुले विद्युतीय साधन प्रयोग गरी कार्यलयबाटै फाँटवारी पठाउन सक्ने प्रणालीको विकास गर्ने ।
- समान प्रकृतिका संस्थाहरुसँग रणनीतिक संयन्त्र र गुणकारी सञ्जाल विकास गर्ने ।
- सञ्चयकर्तालाई वितरण गरिएको परिचयपत्रलाई कोषको सूचना तथा सञ्चार प्रणालीमा आबद्ध गर्ने ।

**(झ) स्रोत व्यवस्थापन तथा असुलीको प्रभावकारिता अभिवृद्धि :**

- Any Branch Banking Systemको उपयोगका माध्यमबाट कोष संकलनलाई प्रभावकारी र मितव्ययी बनाउने ।
- अन्तर्राष्ट्रिय सामाजिक सुरक्षा संस्था (International Social Security Association) ले जारी गरेको सामाजिक सुरक्षाकोषको लगानी व्यवस्थापन मार्गदर्शन (Investment Management Guideline)लाई अवलम्बन गर्ने ।

- लगानी नीतिले निर्धारण गरेको लगानीको क्षेत्रगत सीमा (Portfolio Mix) लाई वित्तीय बजारको अनुकुलता तथा प्रतिफल र जोखिमको विश्लेषणको आधारमा प्रत्येक वर्ष पुनरावलोकन गर्ने ।
- नेपाल सरकारले जारी गर्ने ऋणपत्र तथा बचतपत्रको लगानीलाई उच्च प्राथमिकतामा राखी सोको उपयुक्त अवसरका लागि नेपाल सरकारलाई अनुरोध गर्ने ।
- वाणिज्य बैंकहरुको मुद्दती निक्षेपमा गरिने लगानीलाई प्रतिस्पर्धी र पारदर्शी बनाउन प्रकृयागत सुधार गर्ने ।
- सञ्चयकोष रकम संकलन गर्ने बैंकहरुसँग सहमतीका आधारमा आय आर्जन नगर्ने चालु खाताहरुलाई क्रमशः आय आर्जन गर्ने चलखाता (Call Account)मा रुपान्तरण गर्ने ।
- सञ्चयकर्तालाई प्रदान गरिने सापटीहरुलाई उद्देश्यमूलक एवं परिणाममुखी बनाई सामाजिक सुरक्षासँग आबद्ध गर्ने ।
- मौजुदा परियोजना कर्जा प्रवाह गर्ने कार्यविधिमा सुधार गर्ने ।
- नेपाल सरकारको समेत सम्लग्नता रहेका राष्ट्रिय अर्थतन्त्रमा योगदान गर्ने सार्वजनिक निजी साझेदारी अनुरुपका परियोजनाहरु तथा नेपाल सरकारको जमानतमा सार्वजनिक संस्थानको सुधार सम्बन्धी परियोजनाहरुको लगानीलाई प्राथमिकता दिने ।
- अन्य संस्थागत लगानीकर्ताहरुसँग समन्वय र सहकार्य गर्ने ।
- परियोजना कर्जा तथा सञ्चयकर्ता सापटीको असुलीलाई प्रभावकारी बनाई निष्क्रिय कर्जाको अनुपातलाई निश्चित सीमामा कायम गर्ने ।

**(ञ) सम्पत्ति व्यवस्थापन प्रणालीमा सुधार :**

- कोषका सम्पत्तिको उपयोग सम्बन्धी मापदण्ड निर्धारण गर्ने ।
- कोषका सम्पत्ती तथा दायित्वको प्रभावकारी व्यवस्थापनका लागि उच्चस्तरीय सम्पत्ती तथा दायित्व व्यवस्थापन समिति (ALCo)गठन गर्ने ।
- कोषका जग्गा तथा भवनहरुको व्यावसायिक उपयोग गर्ने ।
- सम्पत्तिको नियमित भौतिक परीक्षण गर्ने तथा उपयोगविहिन अवस्थाका सम्पत्तिहरुको नियमित लिलाम बिक्री तथा अपलेखन गर्ने ।

**(ट) मानव संसाधन नीति तथा व्यवस्थापनमा सुधार :**

- कर्मचारीको उत्प्रेरणा स्तरको सर्वेक्षण गर्ने ।
- मानव संसाधन नीति तथा मानव संसाधन विकास योजना तर्जुमा गरी कार्यान्वयन गर्ने ।
- सूचना तथा सञ्चार प्रणालीमा आधारित मानव संसाधन व्यवस्थापन सूचना प्रणालीको विकास गर्ने ।
- ज्ञान व्यवस्थापन(Knowledge Management)लाई प्रभावकारी बनाउन बरिष्ठ कार्यकारी मञ्च (Senior Executive Forum)गठन गरी नियमित अन्तरक्रिया गर्ने ।
- मुख्य अधिकृत, विभागीय प्रमुख, शाखा/महाशाखा प्रमुखहरुको अधिकार र जफावदेहिता स्पष्ट गर्न अधिकार प्रत्यायोजन सम्बन्धी कार्यविधि तयार गरी लागू गर्ने
- कर्मचारीको वृत्ति विकासपथ र आकर्षक सेवाको सुनिश्चिततताद्वारा कोषमा रहेका योग्य र दक्ष कर्मचारी कोषमै रहने (Retainहुने) अवस्था सिर्जना गर्ने ।
- सरुवा, बढुवा, कार्य सम्पादन मूल्यांकन, प्रोत्साहन तथा पुरस्कारलाई कार्यसम्पादनसँग आबद्ध गरी पारदर्शी बनाउने ।

- पदपूर्ति तालिका (Recruitment Calander)तयार गरी कोषमा नयाँ कर्मचारीको भर्ना सुनिश्चित गर्ने ।
- कर्मचारीको मौजुदा कार्य विवरणको पुनरावलोकन गर्ने ।

**(ठ) वित्तीय व्यवस्थापन तथा आन्तरिक नियन्त्रण प्रणालीमा सुधार :**

- नेपाल चार्टर्ड एकाउण्टेण्ट संस्थाको कार्यसूची अनुरुप कोषमा International Financial Reporting Standard (IFRS)क्रमशः लागू गर्ने ।
- शून्यमा आधारित बजेट प्रणाली(Zero Based Budget System) र कार्यमूलक बजेट प्रणाली (Performance Based Budget System)को कार्यान्वयनको माध्यमबाट बजेट नियन्त्रण प्रणाली(Budgetory Control System)लाई मजबुत बनाउने ।
- बैंक रिकन्सिलिएशन तथा अन्तरशाखा कारोबारको रिकन्सिलिएशनलाई आवधिक रुपमा सम्पन्न गर्ने ।
- आन्तरिक नियन्त्रण प्रभावकारी बनाउन विभागीय कार्यविवरणमा पुनरावलोकन गर्ने ।
- कोषका आन्तरिक नीति नियम तथा प्रचलित कानूनहरु पूर्णपालना गर्ने ।
- ट्रेजरी व्यवस्थापन प्रणालीमा सुधार गर्ने ।
- लेखापरीक्षकले दिएका सुझावहरुको प्रभावकारीरुपमा कार्यान्वयन गर्ने ।

**(ड) सुमधुर श्रम सम्बन्धको विकास**

- व्यवस्थापन र कर्मचारी संगठनहरूबीच नियमित अन्तर्क्रिया गरी सोको निर्णयलाई अभिलेखीकरण गर्ने ।
- कर्मचारीहरूको हित र सरोकारका विषयको निर्णय प्रक्रियामा कर्मचारी संगठनहरूलाई सहभागी गराउने परिपाटीको विकास गर्ने ।
- व्यवस्थापकीय निर्णय प्रक्रियामा प्रचलित नीति नियमको अधीनमा रही सहभागिता र पारदर्शिता सुनिश्चित गर्ने ।

**(ढ) चुहावट नियन्त्रण एवं खर्च कटौती :**

- Any Branch Banking Systemको कार्यान्वयनको माध्यमबाट कोषको रकम संकलन अवधि (Collection Period) र तरलता (Liquidity) कम गर्ने ।
- विद्युतीय कारोबार (Electronic Transaction) को माध्यमबाट कागजको उपयोग कम गर्ने,
- दोहोरो खाता एकीकरणको माध्यमबाट एक व्यक्ति एक खाता कायम गर्ने ।
- कोषमा सम्पत्तिको उपयोगसम्बन्धी मापदण्डसहितको कार्यविधि तयार गरी लागू गर्ने ।
- कोषबाट सञ्चालन गरिने अध्ययन, अनुसन्धान तथा विशेष कार्यक्रमहरूको कार्यान्वयनमा आन्तरिक विज्ञताको उपयोग गर्ने ।
- नेपाल सरकारले जारी गरेको खर्च नियन्त्रण निर्देशिका अनुशरण गर्ने ।
- बैंक रिकन्सिलिएसनलाई अद्यावधिक बनाउने ।

# परिच्छेद - ३
# कोषको मुख्य कारोवार
# (Major Transactions)

सञ्चयकर्तासंग सम्बन्धित कोषको मुख्य कारोबारको विवरण देहाय बमोजिम रहेको छ :


## ३.१ सञ्चयकर्ताको आवद्धता(Membership)

कोषमा हाल देहाय अनुरुपविभिन्न क्षेत्रबाट प्रतिनिधित्व हुने गरी करिव ४ लाख ९० हजार सञ्चयकर्ताहरुको आवद्धता रहेको छ :

| क्षेत्र | सञ्चयकर्ता संख्या | प्रतिशत |
|---|---|---|
| निजामती कर्मचारी | ९१,००० | १८.५७ |
| नेपाली सेना | १००,००० | २०.४१ |
| नेपाल प्रहरी र सशस्त्र प्रहरी | १०१,००० | २०.६१ |
| सार्वजनिक संस्थान र संगठित क्षेत्रका कर्मचारी तथा कामदारहरु | १०८००० | २२.०४ |
| सामुदायिक तथा संस्थागत विद्यालयका शिक्षक कर्मचारीहरु | ९०,००० | १८.३७ |
| **जम्मा** | ४९०,००० | **१००.००** |

## ३.२ सञ्चयकर्ताको क्षेत्रगत विवरण

कोषको सक्रिय सञ्चयकर्ताको संख्या ४ लाख ९० हजारको क्षेत्रगत विवरण देहाय अनुरुप रहेको छ :





कुल सञ्चयकर्ता मध्ये निजामति तर्फ १८.५७प्रतिशत, नेपाली सेनातर्फ २०.४१ प्रतिशत, नेपाल प्रहरी र सशस्त्र प्रहरीतर्फ २०.६१ प्रतिशत,सार्वजनिक संस्थान र संगठित क्षेत्रतर्फ २२.०४ प्रतिशत र सामुदायिक तथा संस्थागत विद्यालयतर्फ १८.३७ प्रतिशत सञ्चयकर्ता रहेका छन् ।

## ३.३ सञ्चयकर्ताको संख्यामावृद्धिको अवस्था(Trends of EPF Contributors)

आर्थिक वर्ष २०७०/७१ मा कोषमा सक्रिय सञ्चयकर्ताको संख्या४ लाख ९० हजार रहेको छ ।विगत पाँच वर्षको तथ्याङ्कका आधारमा सञ्चयकर्ताको औसतवार्षिक वृद्धिदर २.१८ प्रतिशत रहेकोछ । कोषको विगत पाँच वर्षको सञ्चयकर्ता संख्या देहाय अनुरुप रहेको छ :


| आर्थिक वर्ष | संख्या (हजारमा) | वृद्धि प्रतिशत |
|---|---|---|
| २०७०/७१ | ४९० | १.४५ |
| २०६९/७० | ४८३ | ३.६५ |
| २०६८/६९ | ४६६ | १.३० |
| २०६७/६८ | ४६० | २.२२ |
| २०६६/६७ | ४५० | २.२७ |




## ३.४ सञ्चयकर्ताको कुल रकम वृद्धिको अवस्था(Trends of Accumulated Members' Funds)

आर्थिक वर्ष २०७०/७१ मा कोषमा सञ्चयकर्ताको कुल रकम १६३ अर्ब ५४ करोड ८६ लाख रहेको छ ।विगत पाँच वर्षको तथ्याङ्कका आधारमा कुल कोष रकममा औसत वार्षिक वृद्धिदर १७.६३ प्रतिशत रहेको देखिन्छ। कोषको विगत ५ वर्षको सञ्चयकर्ताको कोष रकम देहाय अनुरुप रहेको छ :


| आर्थिक वर्ष | कुल सञ्चय कोष रकम (रु.करोडमा) | वृद्धि प्रतिशत |
|---|---|---|
| २०७०/७१ | १,६३,५४.८६ | १६.२३ |
| २०६९/७० | १,४०,७०.९९ | १५.८७ |
| २०६८/६९ | १,२१,४३.९७ | १८.६८ |
| २०६७/६८ | १,०२,३२.८२ | १८.०२ |
| २०६६/६७ | ८६,७०.४७ | १९.३५ |




## ३.५ सञ्चयकर्ताको रकम फिर्ताको अवस्था( Trends of PF Withdrawals)

आर्थिक वर्ष २०७०/७१ मा अवकाश प्राप्त सञ्चयकर्तालाई कुल रु. ७ अर्ब ५४ करोड १८ लाख कोष कट्टी रकम भुक्तानीगरिएको छ ।विगत पाँच वर्षको तथ्याङ्कका आधारमा सञ्चयकर्तालाई भुक्तान गरिएको रकम आर्थिक वर्ष २०६६/६७मा घटेको थियो भने त्यसपछिका आर्थिक वर्षमा बढेको देखिन्छ । सञ्चयकर्तालाई भुक्तान गरिएको विगत पाँच वर्षको कोष रकमको विवरण देहायअनुरुप रहेको छ :


| आर्थिक वर्ष | कोष भुक्तानी रकम (रु.करोडमा) | बृद्धि प्रतिशत |
|---|---|---|
| २०७०/७१ | ७,५४.१८ | २१.२३ |
| २०६९/७० | ६,२२.१० | १७.२९ |
| २०६८/६९ | ५,३०.४१ | १४२.९७ |
| २०६७/६८ | ३,८९.२८ | ५८.८५ |
| २०६६/६७ | २,४५.०६ | -२२.४५ |



## ३.६ सञ्चयकर्ताको कोष संकलनको अवस्था(Trends of PF Collection)

आर्थिक वर्ष २०७०/७१ मा सञ्चयकर्ता कार्यालयबाट कार्यरत कर्मचारीको वार्षिक सञ्चयकोष वापत कट्टी भएको रकम रु. १७ अर्ब ९८ करोड ७४ लाख रहेको छ ।कोष कट्टी संकलनको रकम कुनै आर्थिक वर्षमा बढी दरमा वृद्धि भएको छ भने कुनै आर्थिक वर्षमा कम दरले बढेको देखिन्छ । विगत पाँच वर्षको तथ्याङ्कका आधारमा संकलनको औषत वार्षिक वृद्धिदर१२.८१ प्रतिशत रहेको छ । कोषको विगत पाँच वर्षको संकलन विवरण देहाय अनुरुप रहेको छ :

| आर्थिक वर्ष | संकलित रकम (रु.करोडमा) | बृद्धि प्रतिशत |
|---|---|---|
| २०७०/७१ | १७,९८.३९ | १७.४९ |
| २०६९/७० | १५,३०.७४ | ५.५० |
| २०६८/६९ | १४,५०.९१ | २३.१४ |
| २०६७/६८ | ११,१५.२५ | ४.४५ |
| २०६६/६७ | १०,६७.९३ | १३.४५ |




## ३.७ संस्थागत सामाजिक उत्तरादायित्व ( Corporate Social Responsibility/CSR)

कोषले विभिन्न सामाजिक कार्यक्रमहरुमा समेत सहभागिता जनाउन थालेको छ । कोषको स्थापनाको उपलक्ष्यमा प्रत्येक वर्ष सञ्चालन गरिने वार्षिकोत्सवको अवसरमा विभिन्न अतिरिक्त क्रियाकलापहरु सञ्चालन गर्नुका साथै चेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ । यसका अतिरिक्त कोषले विभिन्न संघ संस्था मार्फत सञ्चालन गरिने सामाजिक हितका क्रियाकलापहरुमा प्रत्यक्ष वा परोक्ष रुपमा सहयोग गर्दै आएको छ । साथै, यस्ता क्रियाकलापहरुलाई आर्थिक वर्ष २०७०/७१मा समेत निरन्तरता दिएको छ ।

कोषले नेपाल सैनिक महिला संघ, नेपाल प्रहरी महिला संघ, सशस्त्र प्रहरी महिला संघ, निजामति कर्मचारी महिला संघ, पूर्व निजामति कर्मचारी संघ जस्ता राष्ट्रिय स्तरका संघ संस्थाहरु मार्फत सञ्चालन गरिने विविध प्रकारका कल्याणकारी कार्यक्रमहरुमा समेत आर्थिक सहयोग गर्दै आएको छ ।

साथै, कोषभित्र कार्यरत कर्मचारी संगठनहरु मार्फत सञ्चालन गरिने विभिन्न सामाजिक क्रियाकलापहरु जस्तैः रक्तदान, जेष्ठ व्यक्तित्व सम्मान, शैक्षिक पुरस्कार वितरण कार्यक्रमहरुमा सहयोग गर्नुका साथै त्यस्ता कार्यक्रम सञ्चालनमा प्रोत्साहन र सहयोग समेत गर्दै आएको छ ।

## ३.८ वातावरणसँग सम्वन्धित प्रयासहरु (Enviroment Related Innitiatives)

कोषले आफ्नो सम्पत्तिकोउपयोग  तथा दैनिक कार्य सञ्चालन गर्दा पुरातात्विक महत्वका सम्पदा तथा वातावरणसँग सम्वन्धित प्रयासहरु (Enviroment Related Innitiatives) समेत गर्दै आएको छ ।

कोषले कागजको अत्यधिक प्रयोगवाट वातावरणमा पर्न सक्ने नकरात्मक प्रभावलाई कम गर्दै लैजाने उद्धेश्यले आफ्नो दैनिक कार्य प्रणालीलाई कागज रहीत प्रणालीमा रुपान्तरण गर्ने कार्य शुरु गरेको छ । यसका लागि कोषको सूचना तथा सञ्चार प्रविधि विभाग मार्फत सञ्चयकर्ताहरुको वार्षिक हिसावलाई डिजिटल प्रणाली मार्फत उपलब्ध गराउनुका साथै कोषभित्रको सूचना प्रणालीलाई वृहद वनाई प्रत्येक कर्मचारीको पहुँचसम्म पु-याईएको छ । कोषले विद्युत उभोगलाई कम गर्न प्रयोग गरिदै आएका पुराना प्रविधिका कम्प्युटर हार्डवेयरलाई विस्थापन गरी वातावरणमैत्री आधुनिक हार्डवेयरहरुको प्रयोगमा जोड दिएको छ ।

कोषले आर्थिक वर्ष २०७०/७१ मा निर्माण सम्पन्न गरेको लगनखेलस्थित भवनको निर्माण गर्दा भवनको साँधसीमामा रहेकोप्राचीन पोखरीका साथै समग्र वातावरण संरक्षणमा सहयोग गरेको छ ।

# परिच्छेद - ४
# सञ्चयकर्तालाई प्रदान गरिएका सेवा तथा सुविधाहरू
## ( Services and Benefits )

कोषले सञ्चयकर्ताको सञ्चित रकममा वार्षिक रुपमा निश्चित दरले व्याज प्रदान गर्नुका अलावा थप मुनाफा उपलव्ध गराउदैं आएको छ । साथै, कोषले सञ्चयकर्ताका लागि विविध प्रकारका सापटी सुविधाहरु समेतउपलव्ध गराउदैं आएको छ । सोको संक्षिप्त विवरण देहाय अनुरुप रहेको छ :

## ४.१ व्याज तथा मुनाफा

### ४.१.१ व्याजदरको अवस्था(Interest on PF)

कोषले सञ्चयकर्ताको सञ्चित रकममा उचित प्रतिफल उपलव्ध गराउने उद्धेश्य अनुरुप वार्षिक रुपमा व्याज प्रदान गर्ने गरेको छ ।विगत पाँच वर्षमा प्रदान गरेको व्याज दर देहाय अनुरुप रहेको छ :

प्रतिशतमा

| आर्थिक वर्ष | व्याज |
|---|---|
| २०७०/७१ | ८.०० |
| २०६९/७० | ७.५० |
| २०६८/६९ | ८.०० |
| २०६७/६८ | ८.०० |
| २०६६/६७ | ६.५० |

### ४.१.२. थप मुनाफा वितरणको अवस्था( Additional Return on PF)

आर्थिक वर्ष २०७०/७१ मा ८.० प्रतिशत व्याज र ०.८५ प्रतिशत थप मुनाफा वितरण गरेको छ। कोषले विगत पाँच वर्षमा प्रदान गरेको व्याज तथा थप मुनाफा रकमको विवरण देहाय अनुरुप रहेको छ :

प्रतिशतमा

| आर्थिक वर्ष | मुनाफा |
|---|---|
| २०७०/७१ | ०.८५ |
| २०६९/७० | ०.७५ |
| २०६८/६९ | ०.७५ |
| २०६७/६८ | १.५० |
| २०६६/६७ | १.५० |

## ४.२ सापटी सुविधा(Loan Schemes)

कोषले सञ्चयकर्ताको सेवाकालीन आवश्यकतालाई परिपूर्ति गर्ने मूल उद्धेश्यले विभिन्न प्रकारका सापटी सुविधाहरु उपलव्ध गराउदैं आएको छ । सरल र सहज रुपमा उपलव्ध हुने सापटी सुविधाहरुवाट कोषको संकलित स्रोतलाई लगानी विविधीकरणको माध्यमवाट सञ्चयकर्ताको हितमा परिचालन गर्न समेत मद्धत पुगेको छ । कोषले उपलव्ध गराउदैं आएको सापटीहरुको आर्थिक वर्ष २०७०/७१ सम्मको स्थिति देहाय अनुरुप रहेको छ :


### ४.२.१ विशेष सापटी

सञ्चयकर्ताहरुको वित्तीय आवश्यकतालाई दृष्टिगत गरी कोषले वि.सं.२०५७ साल देखि यो सापटी प्रदान गर्न शुरु गरिएको हो ।

दुई वर्ष नियमित कोषकट्टी गरेका सञ्चयकर्ताले सञ्चयकोष रकमको सुरक्षणमा ९० प्रतिशतसम्म रकम सापटीको रुपमा उपयोग गर्न सक्ने व्यवस्था रहेको छ ।विशेष सापटी लिएका सञ्चयकर्ताले प्रत्येक दुई बर्षमा पुन: सापटी लिन सक्ने र लिएको सापटी चुक्ता गरेमा जुनसुकै समयमा पुन:लिन पाउने व्यवस्था रहेको छ ।

कोषले विगत पाँच वर्षमा प्रदान गरेको सापटी रकमको विवरण देहाय अनुरुप रहेको छ :

| आर्थिक वर्ष | सापटी रकम (रु.करोडमा) | बृद्धि प्रतिशत |
|---|---|---|
| २०७०/७१ | ७५५२.८० | १६.९७ |
| २०६९/७० | ६४५७.०८ | २०.३५ |
| २०६८/६९ | ५३६५.०९ | २१.३० |
| २०६७/६८ | ४४२३.१६ | २५.५१ |
| २०६६/६७ | ३५२४.२५ | १९.१८ |



### ४.२.२घर सापटी


सामाजिक सुरक्षाको अवधारणा अनुरुप सञ्चयकर्ताको लागि आवासको व्यवस्था गर्ने उद्धेश्यले वि.सं. २०५७ साल मार्गदेखि यो सापटी प्रदान गर्न शुरु गरिएको हो ।

कम्तीमा दुई बर्षसम्म नियमित सञ्चयकोष कट्टी गरेका र उमेरको आधारमा तीन बर्ष एवं पदावधिको आधारमा दुई बर्ष सेवाअवधि वाँकी भएका संचयकर्तालाई नयाँ घर निर्माण गर्न, भईरहेको घरमा तला थप गर्न,घर वा आवास गृह (अपार्टमेन्ट) खरिद गर्न यो सापटी प्रदान गरिन्छ ।

घर सापटीको अधिकतम सीमा धितो मूल्यांकनबाट कायम भएको रकममा नबढ्ने गरी सञ्चयकर्तालाई शुरु तलवमानको आधारमा दश वर्षको तलव वरावरको रकमदिने व्यवस्था रहेको छ ।

कोषले विगत पाँच वर्षमा प्रदान गरेको यो सापटी रकमको विवरण देहाय अनुरुप रहेको छ :

| आर्थिक वर्ष | सापटी रकम (रु.करोडमा) | बृद्धि प्रतिशत |
|---|---|---|
| २०७०/७१ | १५३२.६४ | ७.०८ |
| २०६९/७० | १४३१.३४ | १४.६३ |
| २०६८/६९ | १२४८.६९ | २१.५२ |
| २०६७/६८ | १०२७.६० | २८.०३ |
| २०६६/६७ | ८०२.६४ | ३७.३४ |




### ४.२.३ शैक्षिक ऋण


सञ्चयकर्ता स्वयं वा सञ्चयकर्ताको पति/पत्नी/छोरा/छोरीको उच्च शिक्षा अध्ययन गर्ने गराउने आवश्यकता परिपूर्तिका लागि सरल र सहज रुपमा सापटी सुविधा प्रदान गर्ने उद्धेश्यलेवि.सं.२०५८ साल मार्गदेखि सञ्चयकर्ताका लागि यो सापटी प्रदान गर्न शुरु गरिएको हो ।

कम्तीमा दुई बर्षसम्म नियमित सञ्चयकोष कट्टी गरेका र उमेर वा पदावधिको आधारमा तीन बर्ष सेवा अवधि वाँकी भएका संचयकर्तालाई १०+२वा सो सरह/स्नातक वा सो सरह उतीर्ण गरेका संचयकर्ता स्वयं वा संचयकर्ताका पति/पत्नी/छोरा/छोरीलाई जुनसुकै विषयमा स्वदेश तथा विदेशमा उच्च शिक्षा अध्ययन गर्न यो सापटी प्रदान गरिन्छ ।

घर जग्गा वा कोष कट्टी रकमको धितोको आधारमा प्रदान गरिने यो सापटीको अधिकतम सीमारु. १० लाखदेखि रु.२५ लाख सम्म रहेको छ ।

कोषले विगत पाँच वर्षमा प्रदान गरेको यो सापटी रकमको विवरण देहायअनुरुप रहेको छ :

| आर्थिक वर्ष | सापटी रकम (रु.करोडमा) | बृद्धि प्रतिशत |
|---|---|---|
| २०७०/७१ | ६१.७६ | (१०.२६) |
| २०६९/७० | ६८.८२ | (१.५६) |
| २०६८/६९ | ६९.९१ | ७.७९ |
| २०६७/६८ | ६४.८६ | ६.६१ |
| २०६६/६७ | ६०.८४ | ९.०९ |




### ४.२.४ सरलचक्र कर्जा

सञ्चयकर्ताहरुको शिक्षा, स्वास्थ्य, आवास, सामाजिक कार्य लगायतका भैपरी आउने आवश्यकता पूरा गर्ने उद्धेश्यले वि.सं. २०६९ साल वैशाखदेखि यो कर्जा प्रदान गर्न शुरु गरिएको हो

कम्तीमा दुई बर्षसम्म नियमित सञ्चयकोष कट्टी गरेका र उमेरको आधारमा पांच बर्ष एवम् पदावधिको आधारमा तीन बर्ष सेवाअवधि बाँकी भएका संचयकर्तालाई सरल चक्रकर्जा प्रदान गरिन्छ ।

घर जग्गा धितोको आधारमा प्रदान गरिने यो सापटीको अधिकतम सीमा बीस लाख रुपैयाँ र न्यूनतम सीमा पाँच लाख रुपैयाँ  रहेको छ । सञ्चयकर्ताको बाँकी नोकरी अवधिमा नवढ्ने गरी सापटी चुक्ता गर्ने अवधि अधिकतम पाँच बर्षको हुने व्यवस्था छ ।


कोषले विगत वर्षहरुमा प्रदान गरेको यो सापटी रकमको विवरण देहाय अनुरुप रहेको छ :

| आर्थिक वर्ष | सापटी रकम (रु.करोडमा) | बृद्धि प्रतिशत |
|---|---|---|
| २०७०/७१ | ६६.२२ | ३०.४६ |
| २०६९/७० | ५०.७६ | ६९९.३७ |
| २०६८/६९ | ६.३५ | - |
| २०६७/६८ | - | - |

### ४.२.५ सञ्चयकर्ता सापटीको प्रवाहको अवस्था(Trends of Contributors Loan)

आर्थिक वर्ष २०७०/७१ मा सञ्चयकर्ता कर्मचारीहरुले कोषबाट प्रदान गरिने विभिन्न सापटी शीर्षकहरुमा रु.१६ अर्ब ३५ करोड ९२ लाख सुविधा उपभोग गरेका छन् ।विगत पाँच वर्षको तथ्याङ्का आधारमा सापटी रकमको औषत वार्षिक वृद्धिदर १५.०३ प्रतिशत रहेको छ । कोषको विगत पाँच वर्षको सापटी रकमको विवरण देहाय अनुरुप रहेको छ :

| आर्थिक वर्ष | सापटी रकम (रु.करोडमा) | बृद्धि प्रतिशत |
|---|---|---|
| २०७०/७१ | १६,३५.९२ | ०.१७ |
| २०६९/७० | १६,३३.०९ | १५.२१ |
| २०६८/६९ | १४,१७.५० | १५.७२ |
| २०६७/६८ | १२,२४.८९ | २४.५६ |
| २०६६/६७ | ९,८३.४० | १९.४८ |




## ४.३ सामाजिक सुरक्षा सुविधा(Social Security Benefits)

कर्मचारी सञ्चय कोषको प्रमुख जिम्मेवारी सञ्चयकर्ताको सञ्चयकोषको सुव्यवस्थापन गरी सेवा अवकास पश्चात व्याज तथा मुनाफा सहित एकमुष्ट रकम फिर्ता गर्ने रहेतापनि मुलुकको एकमात्र सामाजिक सुरक्षा प्रदायक संस्थाको हैसियतले कोषले आफ्नै स्रोतबाट सञ्चयकर्तालाई अतिरिक्तसामाजिक सुरक्षण कार्यक्रमबाट समेत लाभान्वित तुल्याउदै आईरहेको छ ।

कोषले आर्जन गरेको प्रत्येक वर्षको मुनाफाको करिव ९५ प्रतिशत रकम सञ्चयकर्ताहरुका लागि खडागरिएका विभिन्न कोषहरुमा जम्मा गरी सामाजिक सुविधाहरु प्रदान गर्दै आएको छ । कोषले उपलव्ध गराउदैं आएको सामाजिक सुरक्षा सुविधाहरु आर्थिक वर्ष २०७०/७१ सम्मको स्थिति देहाय अनुरुप रहेको छ :

### ४.३.१ काजक्रिया अनुदान योजना, २०४८

सञ्चयकर्ताको सेवाकालमा नै मृत्यु भएमा निजको हकवालालाई आर्थिक अनुदान स्वरुप प्रदान गरिने यो सुविधाको प्रारम्भ वि.सं. २०४८ सालबाट गरिएको हो । प्रारम्भमाएक हजार पाँचसय आर्थिक अनुदान दिन शुरु गरिएको यो सुविधालाई वृद्धि गरी हाल पच्चीस हजार रुपैंयाँदिने व्यवस्था गरिएको

छ ।यस सुविधा अन्तर्गत आर्थिक वर्ष २०७०/७१ मा ८८० जना सञ्चयकर्ताहरुले रु.२ करोड १७ लाख सुविधा उपभोग गरेका छन् ।

कोषले विगत पाँचवर्षमा प्रदान गरेको अनुदान रकमको विवरण देहाय अनुरुप रहेको छ :

| आर्थिक वर्ष | सुविधा रकम (रु.हजारमा) | बृद्धि प्रतिशत |
|---|---|---|
| २०७०/७१ | २१६९० | ०.७५ |
| २०६९/७० | २१५२९ | २८.५२ |
| २०६८/६९ | १६७५२ | ९१.८५ |
| २०६७/६८ | ८७३२ | ११.५३ |
| २०६६/६७ | ७८२९ | २५.९७ |

### ४.३.२ दूर्घटना क्षतिपूर्ति योजना, २०५२

दुर्घटनामा परी सञ्चयकर्ताको सेवाकालमा मृत्यु वा पूर्ण अंगभंग भएमा निज वा निजको हकवालालाई आर्थिक सहयोग स्वरुप प्रदान गरिने यो सुविधा वि. सं. २०५२ सालबाट शुरु गरिएको हो ।प्रारम्भमा पचास हजारआर्थिक सहयोग दिन शुरु गरिएको यो सुविधावृद्धि गरी हाल रु. एक लाख दिने व्यवस्था गरिएको र आंशिक अंगभंग भएमा समेत दश हजारदेखि पच्चीस हजार रुपैयाँसम्म दिने व्यवस्था गरिएको छ ।यस सुविधा अन्तर्गत आर्थिक वर्ष २०७०/७१ मा १२१ जना सञ्चयकर्ताहरुले रु.१करोड १९ लाख सुविधा उपभोग गरेका छन् ।

कोषले विगत पाँचवर्षमा प्रदान गरेको सुविधा रकमको विवरण देहाय अनुरुप रहेको छ :

| आर्थिक वर्ष | सुविधा रकम (रु.हजारमा) | बृद्धि प्रतिशत |
|---|---|---|
| २०७०/७१ | १,१९,१५ | (२४.९९) |
| २०६९/७० | १,५८,८५ | २९.७८ |
| २०६८/६९ | १,२२,४० | (३३.६२) |
| २०६७/६८ | १,८४,४० | (२४.८४) |
| २०६६/६७ | २,४५,३५ | (४७.३४) |

### ४.३.३ सञ्चयकर्ता औषधोपचार सहयोग कार्यक्रम, २०७०

सञ्चयकर्ताको हित र सुविधाको लागि कोषले २०७० साल बैशाख देखि सञ्चयकर्ता औषधोपचार सहयोग कार्यक्रम कार्यान्वयन गरिएको छ । यस कार्यक्रम अन्तर्गत कोषले तोकेको अस्पतालमा उपचार गराउँदा अधिकतम पन्ध्र हजार रुपैयासम्म तथा कडा रोगको उपचारका लागि पैतिस हजार रुपैयासम्मको रकम सञ्चयकर्ताले कोषबाट शोधभर्ना पाउने व्यवस्था गरिएको छ । यस सुविधा अन्तर्गत आर्थिक वर्ष २०७०/७१ मा ३८ जना सञ्चयकर्ताहरुले रु.७ लाख ३७ हजार सुविधा उपभोग गरेका छन् ।

कोषले विगत वर्षमा प्रदान गरेको सुविधा रकमको विवरण देहाय अनुरुप रहेको छ :

| आर्थिक वर्ष | सुविधा रकम (रु.हजारमा) | बृद्धि प्रतिशत |
|---|---|---|
| २०७०/७१ | ७,३६.५३ | – |
| २०६९/७० | – | – |

## ४.३.४सामाजिक सुरक्षा सुविधा वितरणको अवस्था( Trends of Social Security Benefit)

आर्थिक वर्ष २०७०/७१ मा सञ्चयकर्ता कर्मचारीहरुलाई कोषबाट विभिन्न सामाजिक सुरक्षा अनुदान सुविधा स्वरुप दुर्घटना क्षतिपूर्ति, काजकिरिया अनुदान र औषधोपचार सहयोग कार्यक्रम वापत रु. ३ करोड ४३ लाख ८० हजार प्रदान गरिएको छ ।

आर्थिक वर्ष २०६६/६७ सम्म अतिरिक्त सुविधा योजना शीर्षकमा प्रदान गरिदैं आएको सुविधालाई आर्थिक वर्ष २०६६/६७ मा सञ्चयकर्ताको खातामा समानुपातिक तवरले एकमुष्ठ जम्मा गरिएको थियो ।

कोषको विगत पाँच वर्षको सामाजिक सुरक्षा सुविधाको विवरण देहाय अनुरुप रहेको छ :

| आर्थिक वर्ष | सुविधा रकम(रु.हजारमा) | बृद्धिप्रतिशत |
|---|---|---|
| २०७०/७१ | ३,४३,८० | (८.१७) |
| २०६९/७० | ३,७४,३९ | २९.२० |
| २०६८/६९ | २,८९,७७ | ६.४९ |
| २०६७/६८ | २,७२,१० | (९८.८६) |
| २०६६/६७ | २,३८,५७,६५ | १,१७३.९६ |

*नोटः आ.व. २०६६/६७ मा अतिरिक्त सुविधा भुक्तानी समेतको रकम*

## ४.४ कोषका अन्य सेवाहरू(Other Services)

कोषले सञ्चयकर्तालाई सरल र सहज रुपमा सेवा तथा सुविधा प्रवाह गर्न अत्याधुनिक सञ्चार प्रविधिमा आधारित विभिन्न प्रकारका सेवाहरुको समेत व्यवस्थापन गर्दै आएको छ । कोषवाट प्रभावकारी सेवा प्रवाहका लागि निःशुल्क रुपमा प्रदान गर्दै आएका सेवाहरुको विवरणहरु देहाय अनुरुप रहेका छन् :

### ४.४.१अनलाईन सेवा

कोषले उपत्यका भित्रका३ वटा र उपत्यका बाहिर रहेका ८ वटा शाखा कार्यालयहरुवाट सञ्चयकर्तालाई छिटो छरितो तथा सहज रुपमा सेवा प्रदान गर्ने उद्धेश्यले सम्पूर्ण कारोबारलाई **अनलाईन सेवा(Online-service)**मार्फत सञ्चालन गर्दै आएको छ।

कोषले शुरु चरणमा प्रयोगमा ल्याएकोData Base Fox Pro Based System लाई सुधार गरीOracle Systemमा आधारित Contribution Management System (CMS)मा रुपान्तरण गरी सेवा प्रवाह गर्दै आएको छ ।

### ४.४.२ई-सेवा

कोषले सञ्चयकर्तालाई प्रभावकारी सेवा प्रदान गर्ने लक्ष्य लिएर निःशुल्क रुपमा कोषकट्टी र बिशेष सापटीको सम्पूर्ण विवरण हेर्न र कोषलाई आवश्यक सुचना प्रदान गर्न सकिने व्यवस्था सहितको **ई-सेवा (E-service)**उपलब्ध गराउदैं आएको छ ।

सञ्चयकर्ता एवं सञ्चयकर्ता कार्यालयहरुले कोषका ठमेलस्थित कार्यालय, सेवाकेन्द्र तथा शाखा कार्यालयहरुबाट प्राप्त गर्न सकिने ई-सेवावाट कार्यालयहरुले सञ्चयकर्ताकोकोष कट्टी रकमको फांटबारी समेत Web posting गर्न सकिनेसुविधा रहेको छ ।

### ४.४.३डाटा ईम्पोर्ट-सेवा

सञ्चयकर्ताहरुको कोषकट्टी रकमको लेखाङ्कन प्रणालीमा प्रभावकारिता ल्याउन कोषले फाँटबारीहरुलाई कार्यालयहरुबाटSoft copy मा प्राप्त गरी सञ्चयकर्ताको खातामा शीधै लेखाङ्कन गर्ने कार्य शुरु गरेको छ । साथै, यस कार्यको प्रभावकारिता वृद्धि गर्न कोष कट्टी रकमको फांटबारीहरुलाईWebsite बाट समेत पठाउन सकिने ब्यवस्था मिलाईएको छ ।

### ४.४.४ सञ्चयकर्ता सूचना सेवा

कोषले सञ्चयकर्ताहरुका लागि टेलिकमको GSM Mobileप्रयोग गरी **SMS**मार्फत कोषकट्टी बिवरण तथा आवश्यक सूचना लिन सक्ने गरी **SMS Service** सञ्चालनमा ल्याएको छ ।

त्यसै गरी कोषले सञ्चयकर्ताहरुलाई आफ्नो कोष तथा ऋण सम्बन्धी बिवरणको साथै कोषले प्रदान गरेको अन्य सेवा सुविधाको जानकारी लिन सहज वनाउने उद्धेश्यले **Tele Kosh Service**सेवा सञ्चालन गरेको छ ।

यस सेवा अन्तर्गत सञ्चयकर्ताले नेपाल टेलिकमको PSTN Telephone-PSTNर GSM Mobile Phone)बाट १६४२ डायल गरीप्राप्त हुने निर्देशनका आधारमा कोषसंग सम्वन्धित सूचनाहरु लिन सकिने छ ।

साथै, कोषले **Audio Notice Board Service** सञ्चालनमा ल्याएको छ । सञ्चयकर्ताले टेलिफोन १६१८-०१-४२२५३८६ मा शीधा सम्पर्क गरी कोषको महत्वपूर्ण सूचनाहरु लिन सक्ने व्यवस्था रहेको छ ।

### ४.४.५ शाखा सञ्जाल

सञ्चयकर्तालाई स्थानीय स्तरमा सरल र सहज सेवा प्रदान गर्ने उद्देश्यअनुरुप कोषले पूर्वाञ्चलको धनकुटा र बिराटनगर,मध्यमाञ्चलको हेटौडा,पश्चिमाञ्चलको पोखरा र बुटवल, मध्यपश्चिमाञ्चलको कोहलपुर र सुर्खेत तथा सुदुरपश्चिमाञ्चलको धनगढीमा शाखा कार्यालय स्थापना गरी सेवा प्रदान गर्दै आएको छ ।यी आठवटा शाखा कार्यालयलाई काठमाण्डौमा रहेको कार्यालयसंग सञ्चार प्रविधि मार्फत सम्पर्क गर्ने व्यवस्था मिलाई सवै कार्यालयवाट कोषका सेवाहरु लिन सकिने व्यवस्था गरेको छ ।

# परिच्छेद - ५
# वित्तीय विश्लेषण
# (Financial Analysis)

कोषको आर्थिक वर्ष २०७०/७१ र विगत ५ वर्षको वित्तीय अवस्था, लेखा र लेखापरीक्षण अवस्थाको तुलनात्मक विवरण देहायअनुरुप रहेको छ :

## ५.१ आर्थिक वर्ष २०७०/७१ को वित्तीय अवस्थाको विश्लेषण :

### ५.१.१ समग्र वित्तीय अवस्था :

कोषको लेखापरीक्षण सम्पन्न आर्थिक विवरण अनुसार आर्थिक वर्ष २०७०/७१ मा कुल स्रोत रु.१६९अर्ब६९ करोड ४ लाख परिचालन गरी सो अवधिमारु. १ अर्ब ७०करोड १३ लाख खूद मुनाफा आर्जन गरेको छ। यस अवधिको कोषको वित्तीय कारोबारको सारांश देहायअनुसार रहेको छ :

रु. करोडमा

| विवरण | आ.व. २०६९/७० | आ.व. २०७०/७१ | वृद्धि (न्यून) | |
|---|---|---|---|---|
| | | | रकम | प्रतिशत |
| सञ्चय कोष | १४,०७०.९९ | १६,३५४.८६ | २,२८३.८७ | १६.२३ |
| जगेडा कोष तथा मुनाफा | ३४७.८० | ४२०.२९ | ७२.४९ | २०.८४ |
| दायित्व तथा व्यवस्थाहरू | १५१.५५ | १९३.८९ | ४२.३४ | २७.९४ |
| **कुल स्रोत** | **१४,५७०.३४** | **१६,९६९.०४** | **२,३९८.७०** | **१६.४६** |
| **कुल ऋण तथा लगानी** | १३,९३६.३२ | १६,०२६.९९ | २,०९०.६७ | १५.०० |
| **कुल आम्दानी** | १,१५६.१७ | १,४३३.१९ | २७७.०२ | २३.९६ |
| **ब्याज खर्च** | ९४४.९३ | १,१५१.९३ | २०७.०० | २१.९१ |
| **कर्मचारी तथा सञ्चालन खर्च** | ६२.१६ | ८३.३२ | २१.१६ | ३४.०४ |
| **जोखिम व्यवस्था** | १०.८२ | २४.९० | १४.०८ | १३०.१३ |
| **खुद मुनाफा** | १३६.४३ | १७०.१३ | ३३.७० | २४.७० |

२०७१ आषाढ मसान्त सम्ममा सञ्चय कोष रू. १६३ अर्ब ५४ करोड ८६ लाख, जगेडा कोष रू. ४ अर्ब २० करोड २९ लाख र अन्य दायित्व तथा व्यवस्थाहरू रु.१ अर्ब ९३ करोड ८९ लाख गरी जम्मा रू.१६९ अर्ब ६९ करोड ४ लाख कुल स्रोत रहेको छ। आर्थिक वर्ष २०७०/७१ को अवधिमा मात्र सञ्चयकर्ताबाट रु.१७ अरव ९८ करोड ३९ लाख रूपैयाँ सञ्चय कोष रकम संकलन भएको छ। तदनुरुप, आर्थिक वर्ष २०६९/७० को तुलनामा आर्थिक वर्ष २०७०/७१ मा कोषको कुल स्रोतमा १६.४६ प्रतिशतले बृद्धि भएको छ।

कोषले आफ्नो वित्तीय स्वास्थ्य कायम राख्न Prudential Banking Normsअनुरुप मुद्दति निक्षेपको लगानी, शेयर लगानी, परियोजना कर्जा र सञ्चयकर्ता सापटीमा आवश्यक कर्जा नोक्सानी व्यवस्था गरिएको छ। असुली प्रभावकारी भएका कारण विगत वर्षसम्मको कर्जा नोक्सानी व्यवस्थाबाट रु.८ करोड ३१लाख र दामासाहीमा परेको नेपाल विकास बैंकमा बाँकी रहेको मुद्दती निक्षेपको नोक्सानी व्यवस्थावाट रु.३ करोड ५७ लाख, सञ्चयकर्ता सापटीबाट रु २२ लाख तथाशेयर लगानीबाट रु.३ करोड३५ लाख गरी जम्मा रु.१५ करोड ४६ लाख Write Backगरिएको छ।

त्यसै गरी परियोजना कर्जा अन्तर्गत थप व्यवस्था रु.१२ करोड ३६ लाख, सञ्चयकर्ता सापटीमा थप व्यवस्था रु. २४ करोड ४९ लाख र अन्य व्यवस्थामा रु. ३ करोड ५० लाख गरी आर्थिक वर्ष २०७०/७१ मारु. ४० करोड ३५ लाख नोक्सानी व्यवस्थामा जम्मा गरिएकोले कोषको वित्तीय अवस्था थप सुदृढ बनेको छ।

कोषमा कुनै पनि कोषरहित दायित्व (Non funded liabilityर काल्पनिक सम्पति (Fictitious Assets) रहेको छैन ।कर्मचारीलाई अवकाशपछि प्रदान गरिने निवृत्तिभरण तथा उपदान सुविधाका लागि गरिएको बीमाङ्कीय मूल्याङ्कन (Acturial Valuation)प्रतिवेदनका आधारमा निर्धारित कुल दायित्व मध्ये आर्थिक वर्षको शुरु मौज्दात कट्टी गर्दा नपुग हुन आएको रकमको दुई तिहाई रकम आर्थिक वर्ष २०७०/७१ मा व्यवस्था गरिएको छ ।

### ५.१.२ कुल स्रोत उपयोगको अवस्था :

वि.सं. २०७१ असार मसान्तमा मौज्दात रहेको कुल स्रोत रू. १६९ अर्ब ६९ करोड ४ लाख मध्ये रु. १६० अर्व २६ करोड ९९ लाख (९४.४५ प्रतिशत) ऋण तथा लगानीमा, ३३ करोड १० लाख (०.२० प्रतिशत) स्थिर सम्पत्तिमा र बाँकी रु ९ अर्वदकरोड ९४ लाख (५.३६ प्रतिशत) चालु सम्पत्तिमा उपयोग भएको छ ।

(रु. करोडमा)

| विवरण | आ.व. २०६९/७० | आ.व. २०७०/७१ | वृद्धि (न्यून) | |
|---|---|---|---|---|
| | | | रकम | प्रतिशत |
| ऋण तथा लगानी | १४,०७०.९९ | १६,३५४.८६ | २,२८३.८७ | १६.२३ |
| स्थिर सम्पत्ती | ३४७.८० | ४२०.२९ | ७२.४९ | २०.८४ |
| चालू | १५१.५५ | १९३.८९ | ४२.३४ | २७.९४ |
| **कुल स्रोत उपयोग** | **१४,५७०.३४** | **१६,९६९.०४** | **२,३९८.७०** | **१६.४६** |

### ५.१.३ ऋण तथा लगानीको अवस्था :

वि.सं. २०७१ असार मसान्तको कुल ऋण तथा लगानी रु. १६० अर्व२६ करोड ९९ लाख देहायअनुसार विभिन्न क्षेत्रमा परिचलन भएको छ :

(रु.करोडमा)

| विवरण | आ.व. २०६९/७० | आ.व. २०७०/७१ | वृद्धि (न्यून) | |
|---|---|---|---|---|
| | | | रकम | प्रतिशत |
| सञ्चयकर्ता सापटी | ७,९७६.५७ | ९,१५७.६३ | १,१८१.०६ | १४.८१ |
| बैंकको मुद्दती निक्षेप | २,७८०.०० | २,६६६.०० | (११४.००) | (४.१०) |
| सरकारी बचतपत्र तथा ऋणपत्र | १,३७०.३६ | १,४१३.०१ | ४२.६५ | ३.११ |
| परियोजना कर्जा | १,५५६.३९ | २,४८६.२३ | ९२९.८४ | ५९.७४ |
| शेयर | २१७.३६ | २२२.०५ | ४.६९ | २.१६ |
| भवन तथा आवास | ३५.६४ | ८२.०७ | ४६.४३ | १३०.२७ |
| **जम्मा** | **१३,९३६.३२** | **१६,०२६.९९** | २,०९०.६७ | १५.०० |

सहवित्तीयकरण कर्जा विगत ९ वर्ष यता प्रवाह नभएको र असुलीलाई प्रभावकारी बनाएका कारण सहवित्तीयकरण कर्जा रु.११०.७१करोडबाट घटेर रु. २९.०८ करोड पुगेको छ ।

### ५.१.४ कुल तथा खुद आम्दानीको अवस्था :

आर्थिक वर्ष २०७०/७१मा ऋण तथा लगानीबाट प्राप्त आम्दानी रु. १४ अर्ब ९ करोड ४८ लाख र विविध आम्दानी रु. २३ करोड ७१ लाख समेत कोषको कुल आम्दानी रु. १४ अर्ब ३३करोड १९ लाख रहेको छ । सो कुल आम्दानीको रकम गत वर्षको कुल आम्दानी रु.११ अर्व ५६ करोड १७ लाखको तुलनामा २३.९६ प्रतिशतले वढी रहेको छ ।

आर्थिक वर्ष २०७०/७१मा कोषको खुद मुनाफा रु. १ अर्ब७० करोड १३ लाख रहेको छ । सो रकम कोषको कुल स्रोतको एक प्रतिशत र कुल आम्दानीको १२.०७प्रतिशत हुन आउँदछ । सो मुनाफा रकम गत बर्षको रु. १ अर्ब३६ करोड ४३ लाखको तुलनामा २१.९१ प्रतिशतले बढी रहेको छ ।

आर्थिक वर्ष २०७०/७१ मा कोषको कर्मचारी तथा सञ्चालन खर्च ८३ करोड ३२ लाख रहेको छ। सो रकम कोषको कुल आम्दानीको ५.८१प्रतिशत हुन आउँदछ। उक्त खर्चको रकम गत बर्षको रु.६२ करोड १६ लाखको तुलनामा ३४.०४ प्रतिशतले वृद्धि भएको छ।

## ५.२ विगत ५ वर्षको वित्तीय अवस्थाको तुलनात्मक विवरण

### ५.२.१ समग्र वित्तीय अवस्था :


कोषको आर्थिक वर्ष २०६६/६७ देखि आर्थिक वर्ष २०७०/७१सम्मको वित्तीय अवस्थाको तुलनात्मक विवरण देहायबमोजिम रहेको छ :

(करोडमा)

| विवरण | २०६६/६७ | २०६७/६८ | २०६८/६९ | २०६९/७० | २०७०/७१ |
|---|---|---|---|---|---|
| सञ्चय कोष | ८६७०.४७ | १०२३२.८२ | १२१४३.९७ | १४०७०.९९ | १६३५४.८६ |
| जगेडा कोषहरू | ३१७.५३ | ३१५.११ | २९७.१३ | ३४७.८० | ४२०.२८ |
| अन्य दायित्व र ब्यवस्थाहरू | ५१.०८ | ११०.५२ | १३४.१७ | १५१.५५ | १९३.८९ |
| **कूल स्रोत** | **९०३९.०८** | **१०६५८.४५** | **१२५७५.२७** | **१४५७०.३४** | **१६९६९.०३** |
| कर्जा तथा लगानी | ८६७१.४७ | १०२२९.३२ | ११८७७.१९ | १३९३६.३२ | १६०२६.९९ |
| स्थीर सम्पत्ति | ५०.२८ | ५८.०१ | ६७.५४ | ८३.५८ | ३३.१० |
| चालू सम्पत्ति | ३१७.३३ | ३७१.१२ | ६३०.५४ | ५५०.४४ | ९०८.९४ |
| **कूल उपयोग** | **९०३९.०८** | **१०६५८.४५** | **१२५७५.२७** | **१४५७०.३४** | **१६९६९.०३** |
| **खुद मुनाफा** | **१४५.८४** | **१५८.४९** | **११९.१६** | **१३६.४३** | **१७०.१३** |
| **कुल स्रोतमा कर्जा तथा लगानीको अनुपात** | **९५.९३** | **९५.९७** | **९४.४५** | **९५.६५** | **९४.४४** |
| **कुल स्रोतमा चालू सम्पत्तिको अनुपात** | **३.५१** | **३.४८** | **५.०१** | **३.७८** | **५.३६** |
| **कुल स्रोतमा स्थीर सम्पत्तिको अनुपात** | **०.५६** | **०.५५** | **०.५४** | **०.५७** | **०.२०** |

आर्थिक वर्ष २०६७/६८ मा वाहेक अन्य आर्थिक वर्षहरुमा देशको वित्तीय वजारमा देखिएको अत्यधिक तरलताका कारण बैकको मुद्दती खाताको व्याजदरमा आएको गिरावटले कोषको आयमा प्रत्यक्ष प्रभाव परेको देखिन्छ। आर्थिक वर्ष २०६७/६८ मा बैकको मुद्दती खाताको व्याजदरमा देखिएको सकारात्मक परिवर्तनवाट कोषको आय समेत उल्लेखनीय रुपमा वृद्धि भएको थियो भने आर्थिक वर्ष २०७०/७१ मा कोषले खराव कर्जामा गरेको असुलीका कारण आयमा उल्लेखनीय रुपमा वृद्धि भएको छ।

कोषको कुल स्रोतको विगत ५ वर्षको वृद्धिको प्रवृति देहायबमोजिम रहेको छ :





## ५.२.२ कोषको लगानीको क्षेत्रगत अवस्था :

कोषको लगानीको विगत ५ वर्षको क्षेत्रगत विवरण देहायबमोजिम रहेको छ :

(रु.करोडमा)

| सि.नं. | विवरण | ईकाइ | २०६६/६७ | २०६७/६८ | २०६८/६९ | २०६९/७० | २०७०/७१ |
|---|---|---|---|---|---|---|---|
| १. | **सरकारी बचतपत्र तथा ऋणपत्र** | रकम | ७०२.७६ | १३४७.१३ | १४९५.०५ | १३७०.३६ | १४१३.०१ |
| | | प्रतिशत | ८.१० | १३.१७ | १२.५९ | ९.८३ | ८.८२ |
| २. | **शेयर** | रकम | १००.०३ | १११.८५ | २१९.७९ | २१७.३६ | २२२.०५ |
| | | प्रतिशत | १.१५ | १.०९ | १.८५ | १.५६ | १.३९ |
| ३. | **बैंकको मुद्दती निक्षेप** | रकम | ३,०९१.०० | २५९८.०० | २३८८.०० | २७८०.०० | २६६६.०० |
| | | प्रतिशत | ३५.६५ | २५.४० | २०.११ | १९.९५ | १६.६३ |
| ४. | **परियोजना कर्जा** | रकम | ३६२.५४ | ६३३.४८ | १०७३.८३ | १५५६.३९ | २४८६.२३ |
| | | प्रतिशत | ४.१८ | ६.१९ | ९.०४ | ११.१७ | १५.५१ |
| ५. | **सञ्चयकर्ता सापटी** | रकम | ४,३७८.७२ | ५५०४.२५ | ६६६३.२१ | ७९७६.५७ | ९१५७.६३ |
| | | प्रतिशत | ५०.५० | ५३.८१ | ५६.१० | ५७.२३ | ५७.१४ |
| ६ | **भवन तथा आवास** | रकम | ३६.४२ | ३४.६१ | ३७.३१ | ३५.६४ | ८२.०७ |
| | | प्रतिशत | ०.४२ | ०.३४ | ०.३१ | ०.२६ | ०.५१ |
| | **कुल लगानी** | रकम | ८,६७१.४७ | १०२२९.३२ | ११८७७.१९ | १३९३६.३२ | १६०२६.९९ |
| | | प्रतिशत | १००.०० | १००.०० | १००.०० | १००.०० | १००.०० |








## ५.२.३ कोषको कुल मुनाफा तथा खुद मुनाफाको अवस्था :

कोषको आर्थिक वर्ष २०६६/६७ देखि आर्थिक वर्ष २०७०/७१ सम्मको वित्तीय अवस्थाको तुलनात्मक विवरण देहाय बमोजिम रहेको छ :

(रु.करोडमा)

| सि.नं. | विवरण | २०६६/६७ | २०६७/६८ | २०६८/६९ | २०६९/७० | २०७०/७१ |
|---|---|---|---|---|---|---|
| १. | कुल मुनाफा | ६८६.४१ | ९३२.६४ | १,०६४.३४ | १,१५६.१७ | १,४३३.१९ |
| २. | खुद मुनाफा | १४५.८४ | १५८.४९ | ११९.१६ | १३६.४३ | १७०.१३ |






## ५.३ कोषको लेखा तथा लेखा परीक्षण :

कोषको लेखा तथा लेखापरीक्षण सम्वन्धमा कर्मचारी सञ्चयकोष ऐन, २०१९ को दफा २३ मा स्पष्ट व्यवस्था रहेको छ। सोही व्यवस्था अनुरुप कोषको वित्तीय विवरणहरुको ढाँचा महालेखापरीक्षकवाट तोकिने गरेको छ। कोषको आर्थिक वर्ष २०७०/७१ को वित्तीय विवरणहरु समेत महालेखापरीक्षकवाट मिति २०६८ मार्ग १ मा स्वीकृत ढाँचामा तयार गरी लेखापरीक्षण सम्पन्न गरिएको छ।

कर्मचारी सञ्चय कोष ऐन, २०१९ मा कोषको लेखापरीक्षण कार्य प्रत्येक आर्थिक वर्ष समाप्त भएकोनौ महिनाभित्र सम्पन्न गर्नुपर्ने व्यवस्था रहेता पनि सो समय सीमा ननाघ्ने गरी निश्चित समय तोकी महालेखा परीक्षकवाट सहायक लेखापरीक्षक नियुक्त हुने गरेको छ र सोही अवधिभित्र सम्पूर्ण लेखापरीक्षण कार्य सम्पन्न गरिदैं आएको छ।

कोषको विगत पाँचवर्षमा लेखापरीक्षण कार्य सम्पन्न गर्दा लागेको समयको तुलनात्मक विवरणदेहाय अनुरुप रहेको छ :

| आर्थिक वर्ष | सञ्चालक समितिवाट स्वीकृत | लेखापरीक्षण अवधि (महिनामा) |
|---|---|---|
| २०७०/७१ | २०७१ साल पौष | ६ |
| २०६९/७० | २०७० साल पौष | ६ |
| २०६८/६९ | २०६९ साल पौष | ६ |
| २०६७/६८ | २०६८ साल मार्ग | ५ |
| २०६६/६७ | २०६७ सालमाघ | ७ |

कोषको आर्थिक वर्ष २०७०/७१ को वित्तीय विवरणहरु, लेखा नीति तथा टिप्पणीहरु परिशिष्ठहरुमा समावेस गरिएको छ। कोषको लेखा नीतिमा उल्लेख भएकोमा वाहेक अन्य नीतिहरुमा कुनै परिवर्तन गरिएको छैन।

# परिच्छेद - ६
# आर्थिक वर्ष २०७०/७१ को प्रमुख उपलब्धीहरु

कोषले आर्थिक वर्ष २०७०/७१ मा सञ्चयकर्ताको हित, नीतिगत तथा कानुनी सुधार, स्रोतव्यवस्थापन, जोखिम व्यवस्थापन, मानव संशाधन तथा आन्तरिक व्यवस्थापन, सूचना तथा सञ्चार प्रविधि लगायत अन्य क्षेत्रमा सम्पन्न गरेका मुख्य उपलव्धीहरुको विवरण देहायअनुरुप रहेको छ :

## ६.१ *सामाजिक सुरक्षा तर्फ*

- कोषले आर्थिक वर्ष २०६९/७० को खूद मुनाफाबाट सञ्चयकर्ताहरुका लागि सामाजिक सुरक्षा सुविधा सञ्चालन गर्न ***सञ्चयकर्ता कल्याणकारी कोष***मा एकमुष्ठ रु.२७,२९,००,०००/- बाँडफाँड गरेको छ ।

- कोषको सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत सञ्चयकर्ता वा निजको हकवालालाई प्रदान गरिने ***दुर्घटना क्षतिपूर्ति योजना*** अन्तर्गत २०७०/७१ मा १२१ जनालाई रु. १ करोड १९ लाख १५ हजार र ***काजकिरिया अनुदान योजना*** अन्तर्गत ८८० जनालाई रु.२ करोड १६ लाख ९० हजार भुक्तान गरिएको छ ।

- कोषले तोकेको अस्पतालहरुमा स्वास्थ्य उपचार गर्दा लागेको तोकिएको सीमासम्मको खर्च सोधभर्ना भुक्तानी दिने गरी ***सञ्चयकर्ता औषधोपचार सहयोग कार्यक्रम -२०७०*** सञ्चालन गरिएको र यस योजना अन्तर्गत हालसम्म ३८ जनालाई रु.७ लाख ३७ हजार औषधोपचार सहयोग प्रदान गरिएको छ ।

- ***योगदानमा आधारित सञ्चयकर्ता स्वास्थ्य सुविधा योजना*** लागु गर्न कोषले आवश्यक नियमावली तयार गरी स्वीकृतिका लागि नेपाल सरकार, अर्थमन्त्रालय समक्ष पेश गरिएको छ ।

## ६.२ *सञ्चयकर्ता सेवा प्रवाह तर्फ*

- सञ्चयकर्तालाई प्रदान गरिने सापटी प्रक्रियामा समयसापेक्ष सुधार गरी थप व्यवस्थित गर्ने उद्देश्यले ***सञ्चयकर्ता सापटी कार्यविधि, २०७०*** लागु गरिएको छ ।
- कोषले सञ्चयकर्ताहरुलाई प्रदान गर्दै आएका सेवा सुविधाका सम्वन्धमा सञ्चयकर्ताहरुको सन्तुष्टि अध्ययन मार्फत सुधार गर्न वाह्य विषय विज्ञ मार्फत ***सञ्चयकर्ता सन्तुष्टि सर्वेक्षण*** सम्पन्न गरेको छ ।
- सञ्चयकर्ता सेवा प्रवाह प्रक्रियामा क्रमिक सुधार गर्दै लैजाने नीति अनुरुप कोषको ठमेल कार्यालयमा ElectronicQueuingMachine सहितको केन्द्रीय काउण्टरबाटसेवा प्रदान गर्ने व्यवस्था मिलाईएको छ ।
- सञ्चयकर्ताहरुलाई कार्यालय समय अघि/पछि तथा विदाको दिनमा अत्यावश्यक सेवा प्रदान गर्न कोषको ठमेल कार्यालयमा सन्ध्याकालीन सेवा प्रवाहको व्यवस्था मिलाईएको छ ।
- शाखा कार्यालयबाट सञ्चयकोष कट्टीको डाटा इन्ट्रीको कार्यलाई निरन्तरता दिई समयमै कोष रकमको लेखाकंन गरिएको छ ।
- सञ्चयकर्तालाई कोष सम्वन्धि गतिविधि तथा महत्वपूर्ण सूचनाका साथै कोषबाट प्रदान गरिने सेवा तथा सुविधाहरुको जानकारी दिनe-Newsletter(bulletin)को त्रैमासिक रुपमा प्रकाशनलाई निरन्तरता दिनुका साथै गुणस्तरमा सुधार गर्दै लगिएको छ ।
- सूचना प्रविधिको माध्यमबाट सञ्चयकर्तालाई प्रभावकारी सेवा प्रदान गर्ने उद्देश्यले सञ्चयकर्ताको कोष कट्टी विवरणCDवाWebsiteबाटImport गरी कोषकोDatabaseमा समावेश गर्ने नीति अनुरुप यस अवधिमा करीव ६२ प्रतिशत फाँटवारी सञ्चयकर्ता

कार्यालयवाटशीधैCDवाWebSiteबाटImportगरीलेखाङ्कनगरिएको छ । सो कार्यवाटDataEntryप्रक्रियामा सरलता, लेखाङ्कनमा शुद्धता र सञ्चयकर्तालाई प्रदान गर्ने सेवा थप प्रभावकारी हुदैं गएको छ ।

- निजी क्षेत्रका कामदार कर्मचारीलाई कोषमा आवद्ध गराई संगठित क्षेत्रमा कोषको दायरा विस्तार गर्ने नीतिअनुरुप आर्थिक वर्ष २०७०/७१ मा १०२ वटा संस्थाका करिव २०५० जनाकामदार/कर्मचारीहरुलाई कोषमा आवद्ध गरिएको छ ।
- सञ्चयकर्ता परिचयपत्रलाई विद्युतीय अभिलेख राख्ने क्रमलाई निरन्तरता दिदै यस अवधिमा परिचयपत्र बनाउँदा नै सञ्चयकर्ताको परिचयपत्र स्क्यानिङ्ग गर्ने गरिएको छ भने सञ्चयकर्ताहरुको कार्यस्थल ( अनलाईन अनसाईट) मा नै करिव १०,००० परिचयपत्र वितरण गरिएको छ ।
- अवकाशपश्चात् रकम फिर्ता पाउन सक्ने अवस्था भएको शुरु मितिले छ वर्ष सम्म रकम फिर्ता लिन नआएका सञ्चयकर्ताको सञ्चित रकमलाई व्यवस्थित गर्न ***बेचालु सञ्चय कोष व्यवस्थापन कार्यविधि, २०७१***कार्यान्वयन गरिएको छ ।
- सञ्चयकर्तालाई कोषबाट उपलब्ध गराउंदै आएका सेवाहरुलाई प्रभावकारी तथा थप व्यवस्थित बनाई स्थानीयस्तरमै बैंकिङ्ग सञ्जालको माध्यमबाट विशेष सापटी तथा कोषकट्टी रकम भुक्तानी गर्ने सन्दर्भमा राष्ट्रिय वाणिज्य बैंकसँग समभ्रुदारी सम्झौता (MOU) भइसकेको र अन्यआवश्यक कार्य समेत अघि बढाईएको छ ।
- कोषको नेपालगञ्ज वा नजिकको स्थानमा शाखा कार्यालय सञ्चालन गर्ने कार्यक्रमअनुरुप कोहलपुर, बाँकेमा शाखा कार्यालय सञ्चालन गरिएको छ भने दाङ्गको घोराहीमा सेवा केन्द्र सञ्चालन गर्ने कार्य अघि बढाइएको छ ।
- मुलुकको प्रमुख प्रशासनिक केन्द्र सिंहदरवारभित्र सञ्चयकर्ता सेवाकेन्द्रको स्थापना गरी सेवा प्रारम्भ गरिसकिएको छ । साथै, कोषको केन्द्रीय कार्यालय, पुल्चोकमा निकट भविष्यमा सञ्चयकर्ता सेवाकेन्द्र सञ्चालन गर्ने कार्य अघि बढाइएको छ ।

## ६.३ *नीतिगत तथा कानूनी सुधारतर्फ*

- कर्मचारी सञ्चय कोष ऐन, २०१९ मा समसामयिक सुधार गरी कोषको कार्यमा थप प्रभावकारिता ल्याउने उद्देश्यअनुरुपसंशोधनमस्यौदा तयार गरी स्वीकृतिका लागि नेपाल सरकार, अर्थमन्त्रालय समक्ष प्रस्तुत गरिएको छ ।
- कोषको दीर्घकालीन लक्ष्य एवं उद्देश्य प्राप्तिका लागि कोषले सम्पादन गर्ने नियमित तथा बिशेष कार्यक्रमको कार्यान्वयन एवं सोको अनुगमन तथा मूल्यांकनलाई प्रभावकारी तथा नतिजामुखी बनाउन ***कर्मचारी सञ्चय कोष अनुगमन र मूल्याङ्कनको मापदण्ड तथा कार्यविधि,२०७०*** (Standard Operation Procedure /SOP) कार्यान्वयन गरिएको छ ।
- संचालक समिति, व्यवस्थापन र सञ्चयकर्ता बीच समन्वय गरी संस्थाको आन्तरिक नियन्त्रण प्रणाली सवल बनाउन, कोषको कार्य प्रणालीलाई नियमित, व्यवस्थित र सुशासित बनाउन तथा सञ्चयकर्ताहरुको हितसुनिश्चित गर्न र सञ्चयकर्ताहरुको अपेक्षाअनुरुप व्यावसायिक कार्यप्रणालीको विकास गर्न सहयोग पुऱ्याउने उद्देश्यले ***संस्थागत सुशासन निर्देशिका,२०७१***कार्यान्वयन गरिएको छ ।
- कर्मचारी सञ्चय कोषको वार्षिक बजेटको तर्जुमा, कार्यान्वयन, समीक्षा तथा नियन्त्रण सम्बन्धी प्रक्रियाहरुलाई थप व्यवस्थित गर्न ***बजेट निर्देशिका,२०७१*** कार्यान्वयन गरिएको छ ।
- कोषले गर्ने वित्तीय कारोबारहरुमा निहीत जोखिमहरुको पहिचान, विश्लेषण, मापन र अनुगमन तथा नियन्त्रणमा आवश्यक सहयोग पुऱ्याउने उद्देश्यले ***जोखिम व्यवस्थापन निर्देशिका,२०७१*** कार्यान्वयन गरिएको छ ।

- कोषको स्रोत प्रतिफलयुक्त क्षेत्रमा प्रभावकारी परिचालनका निमित्त साविकको लगानी नीतिमा समसामयिक सुधार गरी ***लगानी नीति, २०७१***कार्यान्वयन गरिएको छ ।
- दैवी प्रकोप तथा अन्य आपदको अवस्थामा कोषवाट सञ्चयकर्तालाई प्रदान गरिने सेवाको निरन्तरता तथा आवश्यक सूचनाको सुरक्षाकालागि कोषले ***व्यवसायिक निरन्तरता योजना/विपद व्यवस्थापन योजना, २०७१***( BusinessContinutyPlan /DisasterRecoveryPlan -2071)कार्यान्वयन गरिएको छ ।

## ६.४ *स्रोत परिचालन तथा जोखिम व्यवस्थापन तर्फ*

- सञ्चयकर्ताहरुलाई समेत शेयर स्वामित्व सुनिश्चित गरिएको निर्माणाधीन ४५६ मेगावाटको माथिल्लो तामाकोसी जलविद्युत परियोजनाका लागि कोषले रु.१० अर्व लगानी गर्ने प्रतिवद्धता जनाएअनुरुप हालसम्म रु. ५ अर्ब ७८ करोड कर्जा प्रवाह गरिएको छ । आर्थिक वर्ष २०७०/७१ मा मात्र रु.१ अर्व १९ करोड ४९ लाख कर्जा (पूँजीकृत समेत) प्रवाह गरिएको छ ।

- सञ्चयकर्ताहरुलाई समेत शेयर स्वामित्व सुनिश्चित गरिएका चिलिमे जलविद्युत कम्पनीद्वारा प्रवर्द्धित २७२ मेगावाट क्षमताका निर्माणाधीन ४ जलविद्युत आयोजनाहरुका लागि कोषले रु. १६ अर्व ५० करोड लगानी गर्ने प्रतिवद्धता जनाए अनुरुप हाल सम्म रु. १ अर्ब ३० करोड लगानी गरिएको छ । आर्थिक वर्ष २०७०/७१ मा मात्र रु. ५८ करोड ८३ लाख कर्जा (पूँजीकृत समेत) प्रवाह गरिएको छ ।

- देशको पर्यटन क्षेत्रको विकासका लागि नेपाल वायु सेवा निगमलाई जहाज खरिदका लागि १० अर्ब ऋण दिने सम्झौता भए बमोजिम हालसम्म रु. ४ अर्ब ४० करोड ५९ लाख लगानी गरिएको छ । आर्थिक वर्ष २०७०/७१ मा मात्र रु. २ अर्व ९५ करोड ४० लाख कर्जा (पूँजीकृत समेत) प्रवाह गरिएको छ ।

- देशमा ईन्धन आपूर्तिलाई सहज बनाउनका लागि नेपाल सरकारको जमानतमा नेपाल आयल निगमलाई हालसम्म रु. १२ अर्ब ३५ करोड कर्जा प्रवाह गरिएको छ । आर्थिक वर्ष २०७०/७१ मा मात्र रु. ४ अर्व ३५ करोड कर्जा प्रवाह गरिएको छ ।

- परियोजना कर्जाको असुलीलाई प्रभावकारी बनाईएका कारण कोषको कुल स्रोतमा निष्कृय कर्जाको अनुपात संस्थागततर्फ ०.३८ प्रतिशत कायम भएको छ भने सञ्चयकर्ताहरुलाई प्रदान गरिएको सापटीमा रहेको निष्कृय कर्जाको अंशलाई कम गर्न असुली कार्यलाई प्रभावकारी रुपमा अगाडि बढाईएको छ ।

- कोषको लगनखेलस्थित कमर्सियल कम्प्लेक्स भवन निर्माण कार्य सम्पन्न भएको र व्यावसायिक प्रयोगमा लगाउने कार्य सम्पन्न भएको छ ।
- कोषको विभिन्न बैंकहरुमा रहेको मौज्दात रकमलाई समयमै केन्द्रमा रकमान्तर गरी प्रतिफलयुक्त क्षेत्रमा लगानी गर्नका लागि प्रभावकारी रुपमा स्रोत संकलन गर्ने कार्यलाई AnyBranchBankingSystem को माध्यमबाट व्यवस्थित बनाउन राष्ट्रिय वाणिज्य बैंकसंग मिति २०७० माघ देखि लागू हुने गरी समझदारी सम्झौता (MOU) गरी केन्द्रीय स्तरको कोषको खातामा कोषकट्टी रकम जम्मा गर्ने व्यवस्था मिलाईएको छ ।

- अवलेखन गरिएको र शतप्रतिशत कर्जा नोक्सानी व्यवस्था भएका कर्जाहरुको प्रभावकारी असुली प्रक्रिया अगाडि बढाउन कानून विद एवं बैकिङ्ग विज्ञ समेतवाट प्राप्त राय सुझाव सहितको प्रतिवेदनको आधारमा असुली कार्यलाई प्रभावकारी वनाईएको छ ।

- नेपाल ओरियण्ट म्याग्नेसाइट प्रा.लि.वाट असुल हुँन वाँकी रहेको साँवा तथा व्याज रकम मध्ये रु. ३५ करोड २ लाख नेपाल सरकार, अर्थमन्त्रालय मार्फत कोषलाई प्राप्त भएको छ ।

- कोषले सञ्चयकर्ताहरुलाई सेवा प्रवाह गर्न प्रयोग गरिएको सूचना प्रविधि प्रणालीमा निहीत जोखिम विश्लेषण तथा सुधारका लागि आर्थिक वर्ष २०७०/७१ मा *सिस्टम अडिट* सम्पन्न गरिएको छ ।
- कोषले प्रदान गर्दै आएको सञ्चयकर्ता सरल चक्र कर्जामा रहेको निहीत जोखिम व्यवस्थापनका लागि अध्ययन तथा विश्लेषण कार्य सम्पन्न गरिएको छ ।

### ६.५ *लेखा तथा लेखापरीक्षण तर्फ*

- आर्थिक वर्ष २०६९/७० को अन्तिम लेखापरीक्षण समयमै सम्पन्न भई महालेखापरीक्षकको कार्यालयबाट प्रतिवेदन समेत प्राप्त भइसकेको छ ।
- कोषको आर्थिक वर्ष २०६९/७० को लेखापरीक्षण समयमा नै सम्पन्न गरी लेखापरीक्षणपश्चात् कायम भएको रु.१ अर्ब ३६ करोड ४३ लाख सञ्चालन वचत मध्येबाट सञ्चयकर्तालाई मुनाफा वापत कुल सञ्चय कोष मौज्दातको ०.७५ प्रतिशत रकम सञ्चयकर्ताको व्यक्तिगत कोषकट्टी खातामा जम्मा गरिएको छ ।
- कोषमा IFRS/ NFRSकार्यान्वयनका लागि आवश्यक पूर्वाधार तयारी तथा लेखा नीतिमा समसामयिक सुधार गर्न सम्बन्धित संस्था तथा निकायको सहयोगमा कार्य अघि वढाउन कोषमा एक CoreTeam को गठन गरी कार्य प्रारम्भ गरिएको छ ।
- कर्मचारी सञ्चय कोष ऐन, २०१९ द्धारा तोकिएको समयमा नै आर्थिक वर्ष २०६९/७० को वार्षिक प्रतिवेदन नेपाल सरकार, अर्थ मन्त्रालय समक्ष प्रस्तुत गरिएको छ ।
- कोषको लेखाङ्कन तथा आन्तरिक नियन्त्रण प्रणालीमा सुधार गर्दै लैजान कोषको लेखा परीक्षण समितिका सुझाव तथा निर्णयहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने नीति लिइएको छ ।

### ६.६ *मानव ससांधन तथा आन्तरिक व्यवस्थापन तर्फ :*

- मान्यता प्राप्त विश्वविद्यालयबाट M.Phil तथा Phd अध्ययन गर्दा सामाजिक सुरक्षा तथा सञ्चय कोषको क्षेत्रमा अध्ययन अनुसन्धान गर्ने सोधपत्रकर्ताका लागि छात्रवृत्ति प्रदान गर्न ***सामाजिक सुरक्षा एवं सञ्चय कोषसंग सम्वन्धित विषयमा सोधकार्यका लागि आर्थिक सहयोग प्रदान गर्नेसम्बन्धी कार्यविधि, २०७०*** कार्यान्वयन गरिएको र सो अनुरुप कोषका २ जना शोधकर्ताहरुलाई आर्थिक सहयोग प्रदान गरिएको छ ।
- कोषको कर्मचारीका छोराछोरीलाई उच्च शिक्षाका लागि छात्रवृत्ती प्रदान गर्न ***कोषका कर्मचारी सन्तति छात्रवृत्ति निर्देशिका, २०७०*** कार्यान्वयन गरिएको र सो अनुरुप कोषका कर्मचारीका ५ जनासन्ततीलाई छात्रवृत्ति प्रदान गरिएको छ ।
- कोषमा क्रियाशील कर्मचारी संगठनहरुको उर्जालाई कोषको सुधार योजनामा उपयोग गर्न कार्यक्षेत्र तोकी कार्यान्वयन गरिएको छ ।
- कर्मचारीको क्षमता तथा दक्षता अभिबृद्धि गर्ने नीतिअनुरुप आर्थिक वर्ष २०७०/७१ मा २० वटा स्वदेश तथा ७ वटा विदेशका विभिन्न विषयगत तालिम कार्यक्रममा १८७ जना कोषका कर्मचारीहरुलाई सहभागी गराईएको छ ।
- अन्तर्राष्ट्रिय सामाजिक सुरक्षा संस्था (International Social Security Association/ISSA)को सदस्य संस्थाको हैसियतले दोहा, कतारमा भएको ३१ औं साधारण सभामा कोषको उच्चस्तरीय सहभागिता रहेको छ । उक्त अवसरमा वैदेशिक रोजगारमा रहेका नेपाली कामदार तथा कर्मचारीहरुका लागि सञ्चय कोषको व्यवस्था गर्ने सम्वन्धमा अन्तरक्रिया तथा छलफल गरिएको छ । साथै, ISSA ले

ओस्लो, नर्वे तथा जेनेभा, स्वीट्जरल्याण्डमा आयोजना गरेको अन्तर्राष्ट्रिय सम्मेलनमा समेत कोषको उच्चस्तरीय सहभागिता रहेको छ ।

- Association of Developement Financing Institutions in Asia and the Pacific/ADFAIP ले मस्को, रसियामा आयोजना गरेको ३७ औं वैठकमा कोषको उच्चस्तरीय सहभागिता रहेको छ ।
- इण्डोनेशियाको सामाजिक सुरक्षाका क्षेत्रमा कार्यरत संस्थाBPJS Ketenagakerjaan का उच्चस्तरीय पदाधिकारीहरुको सहभागितामा कोष र उक्त संस्था वीच अनुभव आदान प्रदान कार्य सम्पन्न भएको छ ।
- मलेसियाको सामाजिक सुरक्षा संस्था (SOCSO or PERKESO)को निमन्त्रणामा कोषका १२ जना प्रवन्धकहरुद्धारा मलेशियाको सञ्चयकोष प्रणाली र सामाजिक सुरक्षा कार्यक्रमका विषयमा अध्ययन भ्रमण गरिएको छ ।
- सञ्चय कोष, मलेसियाको निमन्त्रणामा कोषको उच्चस्तरीय टोलीले मलेशियाको सञ्चयकोष प्रणाली र सामाजिक सुरक्षा कार्यक्रमका विषयमा अवलोकन भ्रमण सम्पन्न गरेको छ ।
- कोषको रिक्त दरबन्दी पूर्ति गर्ने सन्दर्भमा १०० जना दक्ष जनशक्ति खुल्ला/समावेशी प्रतियोगितात्मक परीक्षाबाट पदपूर्ति गर्ने प्रक्रिया अन्तिम चरणमा रहेको छ । यसबाट कोषको मानव संशाधनको रिक्तता पूर्ति हुनाको साथै, संस्थामा नयाँ रक्तसञ्चार हुने विश्वास रहेको छ ।
- कोषमा कार्यरत कर्मचारीहरुको ज्ञान व्यवस्थापनलाई प्रभावकारी बनाउन, व्यवस्थापकीय तहमा रहेका कर्मचारीहरुको नेतृत्वकला र निर्णय क्षमता विकास गरी उत्तराधिकारी योजना (Succession Planning) सुनिश्चित गर्न तथा कर्मचारीहरु बीच समूहगत कार्यप्रणाली (Team Work) भावनाको विकास गर्न कोषको कार्य प्रकृतिअनुरुप विभिन्न पाँच क्षेत्रलाई समेट्ने गरी गठित वरिष्ठ कार्यकारी मञ्च (Senior Executive Forum)को २ चरणमा सम्पन्न अन्तक्रिया कार्यक्रमबाट कोषको नीति निर्माणमा पृष्ठपोषण प्राप्त भएको छ ।

### ६.७*सूचना तथा सञ्चार प्रविधि तर्फ :*

- सञ्चयकर्ताका गुनासा तथा सुझावहरुलाई प्रभावकारी रुपमा व्यवस्थापन गर्न ***विद्युतीय गुनासो व्यवस्थापन प्रणाली***(Electronic Grievance Handling System)को विकास गरिएको छ ।
- कोषको Intranet Portal लाई प्रभावकारी वनाउनSoftware RequirementSpecification (SRS) को कार्य सम्पन्न गरिएको छ ।
- Documents Archieving Systemतयारी कार्य सम्पन्न गरी कार्यान्वयनको चरणमा रहेको छ ।
- कोषको सूचना प्रविधि प्रणालीमा निहीत जोखिम विश्लेषण तथा सुधारका लागि आर्थिक वर्ष २०७०/७१ मा सम्पन्न गरिएको सिस्टम अडिटवाट प्राप्त सुझावहरुका आधारमा कोषले प्रयोग गरिरहेको कम्प्युटर प्रणालीमा आवश्यक सुधार गर्न कार्ययोजना सहित प्रक्रिया अघि वढाईएको छ।
- कोषले व्यवसायिक निरन्तरता योजना/विपद व्यवस्थापन योजना अनुरुप आवश्यक कार्य अघि वढाएको छ ।
- कोषले सञ्चयकर्ताहरुको पहिचान, सुरक्षा तथा सेवा प्रवाहमा सरलीकृत गर्नका लागि वायोमेट्रिक डाटा संकलन कार्य शुरु गरिएको छ ।

# परिच्छेद - ७
# कोषका भाबी योजना ( Future Plan )

सञ्चयकर्ताको दायरा बिस्तार, कोषको स्रोत परिचालन,सामाजिक सुरक्षा कार्यक्रम तथा सञ्चयकर्ता सेवा सुबिधा बिस्तार लगायत समग्र कोषको संस्थागत विकासका सम्बन्धमा कोषको भाबी योजना देहायबमोजिम रहेको छ :

७.१ नेपालको अन्तरिम संविधानले प्रत्याभूत गरेको रोजगार तथा सामाजिक सुरक्षाको हकलाई मूर्तरुप दिन र सञ्चयकर्ता कर्मचारीको सर्वथा हित कायम हुने गरी निजी क्षेत्रका कर्मचारी/कामदार तथा स्वरोजगारमा रहेका व्यक्तिलाई समेत सामाजिक सुरक्षाको सञ्जालमा ल्याई सामाजिक सुरक्षा प्रदान गर्नु आजको आबस्यकता रहेको सन्दर्भमा कर्मचारी सञ्चय कोष ऐन, २०१९ मा समसामयिक संशोधन गरी निबृत्तिभरण योजना, स्वास्थ्य बीमा योजना जस्ता योजना सञ्चालन गर्न नेपाल सरकार समक्ष ऐन संशोधनको प्रस्ताव गरिएको छ ।

७.२ कर्मचारी सञ्चय कोष ऐन संशोधनपश्चात् स्वरोजगार क्षेत्रमा कार्यरत व्यक्ति, बैदेशिक रोजगारमा रहेका कर्मचारी तथा कामदारहरु, अंसगठित क्षेत्रमा कार्यरत कर्मचारी तथा कामदार समेत कोषको दायराभित्र समाहित भई सामाजिक सुरक्षाको सञ्जालमा आबद्ध गर्ने कार्यक्रम रहेको छ ।

७.३ स्रोत परिचालनको दायरा विस्तार गर्न कोषमा भएको संम्फौतित दीर्घकालीन बचतलाई देशको पूर्वाधारको क्षेत्रमा लगानी विस्तार गर्न नेपाल सरकारका प्राथमिकता प्राप्त परियोजनाका साथै सरकारी ऋृण तथा सुरक्षणपत्र तथा विकास ऋृणपत्रमा प्राथमिकताका साथ लगानी गरिने कार्यक्रम रहेको छ ।

७.४ कोषको लगानी विविधीकरण गर्न तथा सञ्चयकर्तालाई दिने प्रतिफल र सुरक्षा बीच सन्तुलन कायम गर्न सामूहिक लगानी कोष (Mutual Fund) संचालन गरी देशको पूँजी बजारको विकासमा टेवा पुर्‍याउने लक्ष्य रहेको छ ।

७.५ वित्तिय व्यवस्थापन सुधारका लागि कोषको लेखा प्रणालीलाई अन्तराष्ट्रिय मापदण्ड अनुरुप बनाउन कोषको लेखाङ्कन प्रणालीमा क्रमशः IFRS लागू गरिनेछ ।

७.६ नेपालमा स्वास्थ्य बीमा सम्बन्धी व्यवस्था नभएको, नेपालभित्र स्वास्थ्य सेवाको क्षेत्र महगो हुदै गइरहेको, सीमित र निश्चित आयमा जीवन यापन गरिरहेका सञ्चयकर्ताको औषधोपचार खर्च, दुर्घटना क्षतिपूर्ति, प्रसुति खर्च जस्ता दायित्वको भार कम गरी जोखिम बहन गर्न अत्यावश्यक भएको सर्न्दभमा योगदानमा आधारित स्वास्थ्य सुविधा योजना कार्यान्वयन गर्न नेपाल सरकार समक्ष अवधारणापत्र र नियमावलीको मस्यौदा पेश गरिएको छ । ऐन संशोधनमा समेत सम्बोधन भएको उक्त योजना स्वीकृत भई आएपछि सञ्चयकर्ता स्वास्थ्य उपचारमा रहेको जोखिम न्यूनीकरण हुने छ ।

७.७ निजी क्षेत्रका लागि योगदानमा आधारित निवृत्तिभरण योजनाको कार्यान्वयन गरिनेछ ।

७.८ कोषमा रहेको कम्प्युटर प्रणालीमा सुधार गरी कोषका सम्पूर्ण कारोबारहरु एकीकृत कम्प्युटर प्रणालीबाट संचालन गर्ने, विद्युतीय माध्यमको प्रयोग गरी कार्यालयबाटै फाँटबारी पठाउन सक्ने

प्रणालीको विकास गर्ने, सरकारी स्वामित्वका वाणिज्य बैंकहरुको सहकार्यमा सञ्चयकर्तालाई स्थानीय स्तरमै सेवा प्रदान गर्ने कार्यलाई मूर्तरुप दिइने छ ।

७.९ सञ्चयकर्ताको आवासको आवश्यकतालाई दृष्टिगत गरी नेपाल सरकारको सहयोगमा प्रमुख शहरहरुमा सञ्चयकर्ता आवास योजनाको विकास र विस्तार गर्ने र यसका लागि भगिनी संस्थाको स्थापना र संचालन गर्ने कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइने छ ।

७.१० प्रत्येक शाखा कार्यालयहरुबाट कार्यालय समय अघि/पछि र विदाको समयमा पनि सञ्चयकर्तालाई सेवा सुविधा प्रदान गर्ने कार्यलाई बृहत बनाई निरन्तरता दिइने छ । सञ्चयकर्तालाई पायक पर्ने स्थानको छनौट गरी थप सेवा केन्द्रको स्थापना र संचालन गरिने छ ।

**कोषसंग सम्वन्धित विभिन्न ऐन, नियम, नीति तथा कार्यविधिहरू**

- कर्मचारी सञ्चय कोष ऐन, २०१९
- जगेडा कोष, कल्याणकारी कोष, निवृत्तिभरण कोष र अन्य कोषहरू सञ्चालन नियमावली, २०६२
- कर्मचारी सञ्चय कोष, कर्मचारी सेवा शर्त नियमावली (संशोधन सहित)२०४८
- सार्वजनिक खरिद ऐन, २०६३
- कर्मचारी सञ्चय कोष (खरिद) नियमावली, २०६८
- कर्मचारी सञ्चय कोष (आर्थिक प्रशासन) नियमावली, २०६८
- कर्मचारी सञ्चय कोष, लगानी नीति, २०७१
- सहवित्तीयकरण कर्जा कार्यविधि, २०६१
- परियोजना कर्जा कार्यविधि, २०६१
- कर्जा असुली कार्यविधि, २०६७
- कर्मचारी सञ्चय कोष पदपूर्ति कार्यविधि (पहिलो संशोधन सहित) निर्देशिका २०५८
- कर्मचारी सञ्चय कोष दैनिक तथा भ्रमण भत्तासम्बन्धी कार्यविधि, (संशोधन सहित) २०४२
- भ्रमण निर्देशिका, २०६७
- प्रोत्साही पुरस्कार तथा दण्डसम्बन्धी कार्यविधि (संशोधन सहित), २०३३
- कोषका कर्मचारीको निमित्त अवकाश कोष सञ्चालन निर्देशिका, २०६०
- कर्मचारी जीवन सुरक्षण कोष सञ्चालन निर्देशिका, २०६०
- कर्मचारी औषधोपचार सम्वन्धी व्यवस्था, २०५०
- कर्मचारी सञ्चय कोष सामान्य नियम, (संशोधन सहित)२०२०
- कागज धुल्याउने कार्यविधि, २०२८
- लेखा निर्देशिका, २०६३
- आन्तरिक लेखापरीक्षण निर्देशिका, २०६७
- शाखा कार्यालय सञ्चालन निर्देशिका, २०६३
- अधिकार प्रत्यायोजन कार्यविधि, २०७०
- संस्थागत सुशासन निर्देशिका, २०७१
- बजेट निर्देशिका, २०७१
- जोखिम व्यवस्थापन निर्देशिका, २०७१
- व्यवसायिक निरन्तरता योजना/विपद व्यवस्थापन योजना, २०७१
- कर्मचारी सञ्चय कोष अनुगमन र मूल्याङ्कनको मापदण्ड तथा कार्यविधि,२०७०
- सामाजिक सुरक्षा एवं सञ्चय कोषसंग सम्वन्धित विषयमा सोधकार्यका लागि आर्थिक सहयोग प्रदान गर्नेसम्बन्धी कार्यविधि, २०७०
- कोषका कर्मचारी  सन्तति छात्रवृत्ती निर्देशिका, २०७०
- सञ्चयकर्ता सापटी कार्यविधि,२०७१
- बेचालु सञ्चय कोष व्यवस्थापनकार्यविधि,२०७१

# महालेखा परीक्षकको कार्यालय
## Office of the Auditor General
### सङ्गठित संस्था लेखापरीक्षण महा-निर्देशनालय

k-;__ @)&!.&@
r-g__

ldlt M२०७१/११/३

>L cWolf,
sd+rf/L ;~ro sf]if,
7d]n, sf7df8f}_ .

**ljifo M <u>n]vfk/LIf0f k|ltj]bg .</u>**

**१. jflif+s ljQLo ljj/0f pk/ k|ltj]bg**

xfdLn] o;};fy ;_nUg sd+rf/L ;_ro sf]ifsf] @)&! cfiff9 d;fGtsf] jf;nft Pj_ ;f]xL ldltdf ;dfKt ePsf] cfly+s jif+sf] cfo ljj/0f, gub k|jfx ljj/0f tyf d'gfkmfaf6 l;h+gf ul/Psf] sf]ifx?df ePsf] kl/jt+gsf] ljj/0f / tT;DaGwL n]vf gLlt tyf n]vf l6Kk0fL ;dfj]z ePsf] ljQLo ljj/0fsf] n]vfk/LIf0f ;DkGg u/]sf 5f}_ .

**२. ljQLo ljj/0f pk/ Joj:yfkgsf] lhDd]jf/L**

g]kfn n]vfdfg ;DalGwt P]g / cGo P]g, lgod, sfg"g cEof; cg'?k oL ljQLo ljj/0f tof/L ug]+ Pa_ plrt ?kdf k|:t'lts/0f ug]+ lhDd]jf/L Joj:yfkgdf /x]sf] 5 . o:tf] lhDd]jf/L cGtu+t ljQLo ljj/0f hfn;fhL, q'l6 nufot ;f/e"t ?kdf unt cf_s8f/lxt k|:t'lts/0f, cfjZos cfGtl/s lgoGq0f k|0ffnL lg/Gt/ k|efjsf/L ?kdf sfof+Gjog x'g]u/L :yflkt ug]+, pko'Qm n]vf gLltsf] 5gf}6 tyf sfof+Gjog ug]+ / cfjZostf cg';f/ plrt n]vf cg'dfgx? nfu" ug]+ sfo+ kb+5g\ .

**३. n]vfk/LIfssf] lhDd]jf/L**

xfd|f] lhDd]jf/L k|:t't ljQLo ljj/0fx?pk/ n]vfk/LIf0fsf] cfwf/df /fo JoQm ug'+ xf] . g]kfn n]vfk/LIf0fdfg / dxfn]vfk/LIfssf] sfof+non] hf/L u/]sf] dfu+bz+gsf cfwf/df n]vfk/LIf0f u/]sf 5f} . tL n]vfk/LIf0fdfg tyf dfu+bz+g cg';f/ Joj;flos cfrf/ ;_lxtfsf] kfngf ug]+ / ljQLo ljj/0fx? ;f/e"t ?kdf unt cf_s8f/lxt k|:t'tL ug]+ s'/fdf oyf]lrt cfZj:ttf k|bfg ug+ n]vfk/LIf0f of]hgf th'+df u/L tbg';f/ n]vfk/LIf0f ;DkGg ug]+ sfo+ kb+5g\ .

ljQLo ljj/0fdf pNn]lvt /sd tyf v'nf;f ul/Psf ;"rgf nufot cGo ljj/0fsf af/]df k'i6\ofO ug]+ oy]i6 k|df0f ;_sng ug]+, k|df0fsf] k"0f+ jf cfF\lzs jf 58\s] k/LIf0f ug]+ sfo+ljlw n]vfk/LIf0fdf ;dfj]z x'G5 . o;/L

cjnDag ul/Psf n]vfk/LIf0f sfo+ljlwdf ljQLo ljj/0f hfn;fhL jf q'l6af6 ;f/e"t?kdf unt cf_s8f k|:t'tL x'g ;Sg] s'/fdf cjnDag ul/g] n]vfk/LIf0fsf] hf]lvd d"Nof_sg ;lxtsf] Joj;flos ljj]sdf lge+/ x'G5 . n]vfk/LIf0faf6 hf]lvd d"Nof_sg ug]+ qmddf lgsfosf] ljQLo ljj/0f tof/L oyfy+ k|:t'lts/0fsf] nflu cfjZos kg]+ cfGtl/s lgoGq0fsf] pko'Qmtf af/] k/LIf0f ul/Psf] 5 tfklg To:tf] cfGtl/s lgoGq0f k|0ffnLsf] k|efjsfl/tf af/] n]vfk/LIf0faf6 /fo JoQm ug]+ p2]Zo /flvPsf] 5}g . Joj:yfkgn] ljQLo ljj/0f tof/ ubf+ k|of]u u/]sf n]vf gLltsf] ;fGble+stf, ljZn]if0f / n]vf cg'dfgsf] pko'Qmtfsf ;fy} ljQLo ljj/0fsf] ;du| l:yltsf] d"Nof_sg ug'+ ;d]t n]vfk/LIf0f cGtu+t kb+5 .

xfdLn] k|fKt u/]sf k|df0fx?n] s}lkmot;lxtsf] n]vfk/LIf0f /fo JoQm ug]+ ;Gbe+df kof+Kt / pko'Qm cfwf/ k|bfg ub+5 eGg] s'/fdf xfdL ljZj:t 5f}_ .

४. **n]vfk/LIf0f /fo JoQm ug]+ cfwf/ Y** n]vfk/LIf0faf6 s}lkmot;lxtsf] /fo JoQm ug+] cfwf/sf ?kdf ljQLo ljj/0fdf ;f/e"t c;/ kg+] Joxf]/f lgDgfg';f/ 5g\ M

४.१ **खुद सम्पत्ति -** पेश गरेको वित्तीय विवरण अनुसार आ. व २०७०।७१ को अन्त्य सम्ममा खुद सम्पत्ति रु. २ अर्ब ३८ करोड ६५ लाख ७३ हजारले धनात्मक रहेको छ। यसै प्रतिवेदनमा उल्लेखित कैफियतहरुको यथोचित समायोजन गर्दा सो रकममा असर पर्ने देखिन्छ ।

४.२ **सञ्चयकर्ताको सापटी** - कोषले सञ्चयकर्ताहरुको हितका लागि विशेष सापटीबाहेक घर सापटी, शैक्षिक सापटी तथा सरल चक्र कर्जा प्रदान गर्दै आएको छ । यस्ता सापटीहरुमध्ये कतिपय सापटीहरु कोषले तोकेको सिमाभन्दा माथि प्रवाह भएको, आर्थिक वर्ष २०६६/६७सम्म व्याज आम्दानीमा प्रोदभावी लेखाङ्कन नीति अवलम्बन गरेका कारणबाट उल्लेख्य व्याज रकम पूंजीकृत भएको, सापटीकर्ताहरुले कोषले तोकेको तालिका बमोजिम भुक्तानी समेत नगरेको परिप्रेक्षमा कोषले गरेको २ प्रतिशत (सञ्चयकर्ताले बीचैमा अवकास लिई तोकिएको अवधिभित्र कर्जा तथा सापट चुक्ता नगरेको अवस्थामा शत प्रतिशत जोखिम व्यवस्थापन कोष कायम गर्ने नीति लिएको बाहेक) जोखिम व्यवस्थाले सञ्चयकर्ता सापटीमा निहित जोखिमलाई सम्बोधन गर्न सक्ने तथ्यगत आधार रहेको देखिदैन । साथै, कोषले प्रवाह गरेका कर्जाहरु तथ्यगत रुपमा विश्लेषण गरी शैक्षिक तथा घरसापटीमा निहित जोखिमको देहायका कारणले यथार्थ चित्रण गर्न सक्ने स्थिति छैन ।

क. सापटी रकमको भुक्तानी अवधि स्पष्ट किटान नभएको र कुन ऋणीले कहिले/कहिले रकम भुक्तान गरेको हो भन्ने व्यहोरा स्पष्ट हुने विवरण कोषको सि.एम.एस. प्रणालीबाट स्पष्ट हुन नसक्ने ।

ख. सञ्चयकर्ता सापटी प्रवाह भए पछि एक पटक पनि साँवा भुक्तान नगर्ने ऋणीलाई समेत तलबमानमा भएको बृद्धिको आधारमा थप कर्जा प्रवाह गर्ने प्रचलन रहेको ।

ग. यस्ता कर्जामा बीमा गर्नुपर्ने र वर्षेनी बीमाको नबीकरण गर्नुपर्ने बाध्यकारी व्यवस्था भए पनि बीमाको नबीकरण भए/नभएको सम्बन्धमा कोषसँग तत्काल तथ्याङ्क उपलब्ध हुन सक्ने अवस्था नरहेको ।

घ. तथ्याङ्क विश्लेषणको लागि आवश्यक तथ्यगत तथ्याङ्क उपलब्ध हुन नसक्ने, सम्बन्धित कर्जा फाइलको अध्ययनबिना बीमाको स्थिति, कर्जाको साँवा भुक्तानीको स्थिति, व्याज भुक्तानीको स्थिति ऋणीले कर्जा रकम तिर्ने अवधि र थप नयाँ कर्जा प्रवाहको स्थितिको बारेमा यकिन विवरण कोषको सि.एम.एस. प्रणालीबाट उपलब्ध हुन सक्ने अवस्था नरहेको ।

ङ. कर्जा भुक्तानीको सम्बन्धमा कोषको कर्जा कार्यविधिहरु पनि स्पष्ट नरहेको र धितोकै आधारमा मात्र कर्जामा जोखिम नरहने भन्ने आधार कोषले तय गरेको ।

च. उक्त कारणहरुले कोषल प्रवाह गरेको घर सापटी तथा शैक्षिक सापटीमा जोखिम देखिएको तर जोखिमको अवस्थाको यथार्थ चित्रण लेखापरीक्षणबाट हुन नसक्ने तथा कोषले पनि आन्तरिक रुपमा कति कर्जा जोखिममा रहेको छ भन्ने बारे विस्तृत अध्ययन नगरेको र सि.एम.एस.बाट समेत एकीन तथ्याङ्क उपलब्ध हुन सक्ने अवस्था नरहेकोले थप कति कर्जा नोक्सानी व्यवस्था कायम गर्नु पर्ने हो यकिन गर्न ऋणीले कर्जा रकम तिर्ने अवधि, बीमा नवीकरणको अवस्था, थप कर्जा प्रवाहको अवस्था एवं कोषको नीतिगत व्यवस्थाको अधिनमा रहि वास्तविक जोखिम अवस्थाको बारेमा एकीन विवरण पत्ता लगाउन र कोषको सापटी कार्यविधिमा सामयिक परिवर्तन गरी जोखिममा आधारित व्यवस्था लागू गर्न एवं कोषले हालसम्म प्रवाह गरेका घरसापटी तथा शैक्षिक सापटी अन्तर्गतका सम्पूर्ण कर्जा फाइलहरुको विस्तृत अध्ययन गर्न विशेष लेखापरीक्षण (Due Diligence)गर्नुपर्ने देखिन्छ । कोषले जोखिम व्यवस्थापन नीतिमा परिवर्तन गरेको भएतापनि वास्तविक अवस्था विश्लेषण सहितको वस्तुगत आधार विना निर्धारण गरेको जोखिम दरले सम्पूर्ण जोखिमलाई सम्बोधन गर्न सक्ने गरी यथेष्ट जोखिम व्यवस्था गरेको आधार यकिन हुन सकेन ।

माथी उल्लेख भए बमोजिम जोखिममा रहेको कर्जा यकिन गर्न नसकिएको, जोखिम व्यवस्था दर औचित्यपूर्ण रहेको आधार यकिन हुन नसकेको जस्ता कारणले यस वर्षको आय-व्यय विवरणमा सो हदसम्मको रकमले खुद मुनाफा बढी (वा घटि) देखिएको भए तापनि मुनाफामा परेको प्रभावको परिमाणीकरण गर्न सकिएन ।

४.३ **बैंक खाता तथा हिसाबमिलान स्थिति -** कोषले बैंक तथा वित्तीय संस्थाहरुमा सञ्चयकर्ताबाट प्राप्त हुने रकम संकलनको निमित्त सञ्चालन गरेको बैंक खाताहरुमध्ये विभिन्न बैंक खाताहरुमा गरी रु. ३ अर्ब १ करोड ७१ लाख ११ हजार बराबरको रकम खाताबहीअनुसार ऋणात्मक रहेको छ । बैंक मौज्दातको हिसाब मिलान विवरणमा समेत उल्लेख्य रकमहरु लामो समयदेखि यथावत रहनु तथा सञ्चयकर्ताहरुले दाखिला गरेको कोषकट्टि रकमहरुको विवरण समयमा नै उपलब्ध हुन नसक्ने कारणले अद्यावधिक रुपमा लेखाङ्कन हुन नसकी वित्तीय विवरणमा प्रस्तुत भएको बैंक मौज्दात साथै सञ्चयकोष रकमसमेत उल्लेख्य रुपमा फरक परेको देखिएको छ । हालको स्थितिसम्ममा रु. ७८ करोड ३७ लाख अझै बैंक हिसाबमिलान गर्न बाँकी रहेको छ ।

४.४ **कम्प्युटर प्रणाली र लेखा सफ्टवेयर -** सूचना प्रविधि लेखापरीक्षणबाट औंल्याइएका निम्न तथ्य तथा कोषको बढ्दो स्रोत एवं स्रोत परिचालनलाई समेत लाई दृष्टिगत गर्दा कोषको विद्यमान सफ्टवेयरले कोषको भविष्यमा हुने दायरा बिस्तार तथा व्यवसायिक उद्देश्य एवं नीतिलाई सम्बोधन गर्न नसक्ने कारणले कोषको उद्देश्यलाई मेल खाने गरी विद्यमान सफ्वेयरमा सारभूत परिमार्जन गर्नुपर्ने वा यस सफ्टवेयरको विकल्प उपर ध्यान पुग्नुपर्ने देखियो ।

क) कोषको दीर्घकालीन सूचना प्रविधि रणनीति नरहेको ।

ख) कोषले हालको सफ्टवेयर पूर्ण रुपमा प्रयोगमा आउने अवधी किटान नगरेको ।

ग) कोषको सफ्टवेयरमा भल्नरेबिलिटी र पोनिट्रेशन टेस्टीङ्ग नगरिएको ।

घ) कोषको सफ्टवेयर विकाससम्बन्धी देहायका व्यहोराहरु रहेको:

- सफ्टवेयर विकास गर्दा जेनरल परपोज प्रोग्रामिङ्ग लैङ्ग्वेज प्रयोग नगरिएको तथा सफ्टवेयर विकास कन्भेन्सन उपयोग नगरिएको ।
- अटोमेटेड क्यू.ए. टुल्स प्रयोग नगरिएको ।
- सफ्टवेयर पुनरावलोकन नीति लागू नगरिएको ।
- विस्तृत सफ्टवेयरको आवश्यकतालाई सम्बोधन गर्ने (स्पेशिफिकेशन सम्बन्धी) कागजात तयार नगरिएको ।

- सि.एम.एस. सफ्टवेयरको patchको लागि installerतयार नगरिएको ।
- Test Caseलिपिबद्ध नगरिएको ।
- विजिनेश लजिक इम्प्लीमेन्टेशनको लागि लेखापरीक्षण लगत नभएको ।
- आन्तरिक प्रडक्ट प्रलेखिकरणनभएको ।

४.५ **खराब कर्जा व्यवस्थापन -** कोषले मूख्य अधिकृतसहितको असुली समिति गठन गरी असुली प्रक्रिया सुरु गरिसकेको भए तापनि ऋण असुली न्यायाधिकरणबाट मुद्धा फैसला भइसकेका खराब कर्जाको हकमा कर्जा असुलीको प्रयास ठोस रुपमा अघि बढ्नु पर्ने तथा अन्य अपलेखित कर्जाको असुलीको लागि समेत प्रभावकारी कदम चाल्नुपर्ने देखिन्छ ।

४.६ **Joj:yfkg kq**–Joj:yfkgn] ;'wf/ ug'+kg]+ yk Joxf]/f o;};fy ;_nUg Joj:yfkg kqdf bzf+OPsf] 5 .

## ५. n]vfk/LIfssf] /fo

xfd|f] /fodf s}lkmot ;lxtsf] n]vfk/LIf0f /fo JoQm ug+] cfwf/sf ?kdf j'_bf g_- $-! b]lv $-^ ;Dd cf}_NofOPsf ljifon] ljQLo ljj/0fx?df kg]+ c;/afx]s, ;_nUg ljQLo ljj/0fn] sd+rf/L ;~ro sf]ifsf]] @)&! c;f/ d;fGtsf] ljQLo l:ylt / ;f]xL ldltdf ;dfKt ePsf] jif+sf] cfo ljj/0f / gub k|jfx ljj/0fsf] g]kfn n]vfdfg adf]lhd True & Fairlrq0f ub+5 .

[;'sb]j vqL{
pkYdxfn]vfk/LIfs

# आर्थिक वर्ष २०७०/७१ को वित्तीय विवरणहरु

## कर्मचारी सञ्चय कोष

## वासलात

| विवरण | | अनुसूची | यस वर्षको (रु.) | गत वर्षको (रु.) |
|---|---|---|---|---|
| **१. कोषको स्रोत** | | | | |
| १.१ | सञ्चय कोष | १ | १६३,५४८,५७५,२४६ | १४०,७०९,८६१,२३३ |
| १.२ | मुनाफाबाट सिर्जना गरिएको जगेडा तथा अन्य कोष | २ | ४,२०२,८८६,२९७ | ३,४७७,९९८,११७ |
| १.३ | पूँजीगत जगेडा कोष | ३ | - | - |
| १.४ | दायित्वहरु | ४ | ७३३,२७१,३३४ | ५९१,९९०,७५६ |
| १.५ | व्यवस्थाहरु | ५ | १,२०५,६५२,१५२ | ९२३,५०५,२५९ |
| **जम्मा** | | | **१६९,६९०,३८५,०२९** | **१४५,७०३,३५५,३६५** |
| **२. कोषको उपयोग** | | | | |
| २.१ | नगद तथा बैंक मौज्दात | ६ | ७,३८०,८०१,५३९ | ३,८९०,१५८,७०० |
| २.२ | राष्ट्रिय बचतपत्र तथा ऋणपत्रमा लगानी | ७ | १४,१३०,१०४,७२३ | १३,७०३,६७९,६५७ |
| २.३ | मुद्दती निक्षेपमा लगानी | ८ | २६,६६०,०००,००० | २७,८००,०००,००० |
| २.४ | डिवेन्चरमा लगानी | ९ | - | - |
| २.५ | शेयरमा लगानी | १० | २,२२०,५३०,७४१ | २,१७३,५८७,५८१ |
| २.६ | परियोजना कर्जा | ११ | २४,८६२,२८२,२४५ | १५,५६३,८६७,२४९ |
| २.७ | सञ्चयकर्ता सापटी | १२ | ९१,५७६,२९९,५८० | ७९,७६५,६७७,९०५ |
| २.८ | आवास परियोजनामा लगानी | १३ | - | ४१८,२२६ |
| २.९ | स्थिर सम्पत्तिमा लगानी | १४ | ८२०,७१४,५८५ | ३५६,०१८,०४९ |
| २.१० | स्थिर सम्पत्ति | १५ | ३२८,८५७,८०१ | ४८०,९८४,०१५ |
| २.११ | निर्माणाधीन सम्पत्ति | १६ | २,१६८,३५३ | ३५४,८१८,७६९ |
| २.१२ | विविध सम्पत्ति | १७ | १,७०८,६२५,४६२ | १,६१४,१४५,२१४ |
| **जम्मा** | | | **१६९,६९०,३८५,०२९** | **१४५,७०३,३५५,३६५** |

# कर्मचारी सञ्चय कोष
# आय विवरण

| विवरण | अनुसूची | यस वर्षको (रु.) | गत वर्षको (रु.) |
|---|---|---|---|
| **१) ऋण तथा लगानीबाट आम्दानी** | १८ | **१४,०९४,८२१,३१५** | **११,३९७,५५७,८५५** |
| २) ब्याज खर्च | १९ | ११,५१९,३१६,७०४ | ९,४४९,३१२,३०३ |
| **३) कुल मुनाफा (१-२)** | - | **२,५७५,५०४,६११** | **१,९४८,२४५,५५२** |
| ४) विविध आम्दानी | २० | २३७,०७४,६९१ | १६४,१११,६५३ |
| ५) व्यवस्थापन खर्च | | **८९०,६४१,०५२** | **६६३,६३४,६०३** |
| क) कर्मचारी खर्च | २१ | ७३३,६२९,३५० | ५३८,३०१,१९५ |
| ख) सञ्चालन खर्च | २२ | ९९,५४०,७६३ | ८३,३८५,२५२ |
| ग) ह्रास खर्च | | ५४,९७३,६७१ | ३९,८८३,६७७ |
| ङ.) वित्तीय खर्च | | २,४९७,२६८ | २,०६४,४७९ |
| ६) कर्जा तथा लगानी जोखिम व्यवस्थाको अघिको मुनाफा (३+४–५) | - | **१,९२१,९३८,२५०** | **१,४४८,७२२,६०२** |
| ७) कर्जा तथा लगानी जोखिमको व्यवस्था | २३ | २४८,९९१,४९३ | १०८,१५१,५६० |
| ८) कर्जा तथा लगानी जोखिमको व्यवस्था पछिको मुनाफा (६–७) | - | **१,६७२,९४६,७५७** | **१,३४०,५७१,०४२** |
| ९) विगत वर्षको आम्दानी (खर्च) | | ३,४८१,४२८ | १६,५०४,१४० |
| १०) अपलेखित कर्जाको आम्दानी/खर्च समायोजन अघिको मुनाफा (८+९) | | **१,६७६,४२८,१८५** | **१,३५७,०७५,१८२** |
| ११) अपलेखित कर्जाको खुद खर्च (आम्दानी) | २४ | (२४,८८४,३४३) | (७,२४६,०६४) |
| **१२) खुद मुनाफा (नोक्सान)** | | **१,७०१,३१२,५२८** | **१,३६४,३२१,२४६** |

कर्मचारी सञ्चय कोष

# नगद प्रवाहको विवरण

| विवरण | यस वर्ष (रु.) | गत वर्ष (रु.) |
|---|---|---|
| **१. कार्य सञ्चालनबाट नगद प्रवाह** | | |
| • यस वर्षको खुद मुनाफा (नोक्सान) | १,७०१,३१२,५२८ | १,३६४,३२१,२४६ |
| • ह्रास कट्टी तथा अवलेखनमा वृद्धि (कमी) | ५४,९७३,६७१ | ३९,८८३,६७७ |
| • विविध व्यवस्थाका लागि खर्चमा वृद्धि (कमी) | २४८,९९१,४९३ | १०८,१५१,५६० |
| • सञ्चय कोषमा व्याज खर्च | ११,४८३,१०६,१०५ | ९,४१९,८६७,०३१ |
| • दायित्व तथा व्यवस्थाहरुमा वृद्धि (कमी) | ४२३,४२७,४७१ | १७३,७२९,५९४ |
| • विविध सम्पत्तिमा कमी (वृद्धि) | (१२९,५२९,००४) | (४७,८६९,१०६) |
| **जम्मा** | १३,७८२,२८२,२६४ | ११,०५८,०८४,००२ |
| **२. वित्तीय श्रोतवाट नगद प्रवाह** | | |
| • सञ्चय कोषमा वृद्धि (कमी) | ११,३५५,६०७,९०७ | ९,८५०,३४२,९०२ |
| • जगेडा कोषहरूमा वृद्धि (कमी) | (९७६,४२४,३४८) | (८५७,६५९,००५) |
| **जम्मा** | १०,३७९,१८३,५५९ | ८,९९२,६८३,८९७ |
| **३. लगानीमा नगद प्रवाह** | | |
| • राष्टिय वचतपत्र तथा ऋणपत्र लगानीमा फिर्ता (थप) | (४२६,४२५,०६६) | १,२४६,७९८,१५० |
| • शेयर लगानीमा फिर्ता (थप) | (१३,४००,१४६) | (६२८,९१७) |
| • मुद्दती निक्षेप लगानी फिर्ता (थप) | १,१७५,७७०,६५६ | (३,९०४,८०८,३६२) |
| • परियोजना कर्जा असुली (थप ) | (९,३३८,९१८,५६८) | (४,८९६,७०८,७०४) |
| • सञ्चयकर्ता सापटी असुली (थप ) | (१२,०५३,३७४,५१०) | (१३,१६०,८९५,९०२) |
| • स्थिर सम्पत्तिमा लगानी फिर्ता (थप) | (४९८,८१२,८६२) | - |
| • आवास परियोजना लगानी असुली (थप ) | ४१८,२२६ | ३३०,५३६ |
| • स्थिर तथा निर्माणाधिन सम्पत्ति विक्रि (खरिद ) | ४८३,९१९,२८५ | (१८३,८५५,१६०) |
| **जम्मा** | (२०,६७०,८२२,९८५) | (२०,८९९,७६८,३६०) |
| **४. खुद नगद प्रवाह** (१+२+३) | ३,४९०,६४२,८३९ | (८४९,०००,४६१) |
| **५. शुरु नगद तथा बैंक मौज्दात** | ३,८९०,१५८,७०० | ४,७३९,१५९,१६१ |
| **६. अन्तिम नगद तथा बैंक मौज्दात** (४+५) | **७,३८०,८०१,५३९** | **३,८९०,१५८,७००** |

# मुनाफाबाट सिर्जना गरिएको कोषहरुमा भएको परिवर्तनको विवरण

| विवरण | शुरु मैजदात (रु.) | | खर्च (रु.) | | रकमान्तर (रु.) | | मुनाफा वांडफांड (रु.) | | अन्तिम मौज्दात (रु.) | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | यस वर्षको | गत वर्षको | यस वर्षको | गत वर्षको | यस वर्षको | गत वर्षको | यस वर्षको | गत वर्षको | यस वर्षको | गत वर्षको |
| साधारण जगेडा कोष | १,०२२,८८०,४३१ | ९५४,६५९,१८५ | – | – | | | ८५,२१२,५२८ | ६८,२२१,२४६ | १,१०८,०९२,९५९ | १,०२२,८८०,४३१ |
| सञ्चयकर्ता कल्याणकारी कोष | १,२४१,२७२,१५८ | १,००५,६२२,२८३ | ८,५९०,२८५ | ३७,२५०,१२५ | – | – | ३४०,२००,००० | २७२,९००,००० | १,५७२,८८१,८७३ | १,२४१,२७२,१५८ |
| कर्मचारी कल्याणकारी कोष | १५७,४३७,४८६ | १४७,६७२,८४९ | ५७,०३६,३७८ | ५८,४३५,३६३ | – | – | ६७,५००,००० | ६८,२००,००० | १६७,९०१,१०८ | १५७,४३७,४८६ |
| मुनाफा वांडफांड कोष | १,०५६,४०८,०४२ | ८६३,३८१,५५९ | ९१०,७९७,६८५ | ७६१,९७३,५१७ | – | – | १,२०८,४००,००० | ९५५,०००,००० | १,३५४,०१०,३५७ | १,०५६,४०८,०४२ |
| **जम्मा** | **३,४७७,९९८,११७** | **२,९७१,३३५,८७६** | **९७६,४२४,३४८** | **८५७,६५९,००५** | **–** | **–** | **१,७०१,३१२,५२८** | **१,३६४,३२१,२४६** | **४,२०२,८८६,२९७** | **३,४७७,९९८,११७** |

कर्मचारी सञ्चय कोष

# सञ्चय कोष

| अन्तिम मौज्दात विवरण | शुरु मौज्दात (रु.) | | संकलन (रु.) | | मुनाफा बाँडफाँड (रु.) | | रकमान्तर (रु.) | | भुक्तानी (रु.) | | ब्याज थप (रु.) | | बेचालु सञ्चय कोष (रु.) | | अन्तिम मौज्दात (रु.) | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | यस वर्षको | गत वर्षको | यस वर्षको | गत वर्षको | यस वर्षको | गत वर्षको | यस वर्षको | गत वर्षको | यस वर्षको | गत वर्षको | यस वर्षको | गत वर्षको | यस वर्षको | गत वर्षको | यस वर्षको | गत वर्षको |
| | ३८,०९७,११९,०८६ | ३३,३५५,१५३,५७३ | ३,८४३,०२७,२२७ | ३,३७३,८०३,४८३ | २५०,१६३,६५२ | २१४,४९७,०२९ | (९९६,४५५,३५०) | ३४,७७४,६९७ | १,७५९,०२३,५८७ | १,४५३,६६६,८६१ | ३,०७८,४३९,७९९ | २,५७२,५५७,१६५ | १,०३८,६३८,५७७ | ९४८,७९७,९४९ | ४३,५५१,९०९,४०४ | ३८,०९७,११९,०८६ |
| प्रहरी | २०,३२६,४९४,८८४ | १६,८८५,५४४,८३५ | ३,३५८,५५६,०४३ | २,६६१,३२५,८५३ | १२६,६४१,५८६ | ९७,३३१,८६४ | (१,०४३,१५०,५९८) | २,९०७,४२४ | ७५२,३३१,१२१ | ६५८,९५४,७४६ | १,६५७,९८५,६४५ | १,३३८,३३९,६५४ | १,०४२,९३८,४५० | ९५७,९१८,२८१ | २४,७१७,१३४,८८९ | २०,३२६,४९४,८८४ |
| जङ्गी | २०,५९६,८९७,७३३ | १७,२८१,३२४,३०२ | ३,१४७,६५९,४९७ | २,६३६,८३०,३१८ | १२९,६०९,९३२ | १०५,३४७,७०८ | (४३०,४०९,७३४) | (४०८,३६९) | १,३१८,९२१,४३२ | ७८६,९७३,७३५ | १,७०१,८३१,३९६ | १,३६०,७७७,५०८ | ४२७,१७५,५७७ | ३९०,५६७,४९७ | २४,२५३,८४२,९६९ | २०,५९६,८९७,७३३ |
| शिक्षा | ३४,८२२,६०५,५१० | ३०,७४५,०९९,६८५ | ३,५०५,१३६,७९१ | ३,२०३,३८६,६५८ | २३०,५८८,५४८ | १९८,२६४,८२६ | (३४५,७७२,८९२) | (२६,२४७,३३०) | १,८९८,९७६,५८८ | १,६५३,८६२,०१८ | २,८३५,९४४,९२७ | २,३५५,९६३,६९० | ३०८,३९४,०८६ | २८०,८९६,९६० | ३९,४५७,९२०,३८३ | ३४,८२२,६०५,५१० |
| संस्थान | २६,८६६,७४४,०२० | २३,१७२,५२८,९०५ | ४,१२९,५६८,०९९ | ३,४३२,०५५,३६० | १७३,७९३,९६७ | १४६,५३२,०९० | (४४०,५७५,४२७) | (११,०९७,४२२) | १,८१२,५३०,३५८ | १,६६७,५४५,२०९ | २,२११,५४९,९८९ | १,७९४,२७०,२९६ | ४३९,२१७,३११ | ४००,१५४,८३७ | ३१,५६७,७६७,६०१ | २६,८६६,७४४,०२० |
| अन्य संस्था | - | - | | - | | - | | - | | - | | - | | - | - | - |
| जम्मा | १४०,७०९,८६१,२३३ | १२१,४३९,६५१,३०० | १७,९८३,९४७,६५७ | १५,३०७,४०१,६७२ | ९१०,७९७,६८५ | ७६१,९७३,५१७ | (३,२५६,३६४,००१) | (७१,०००) | ७,५४१,७८३,०८६ | ६,२२१,००२,५६९ | ११,४८५,७५१,७५६ | ९,४२१,९०८,३१३ | ३,२५६,३६४,००१ | २,९७८,३३५,५२४ | १६३,५४८,५७५,२४६ | १४०,७०९,८६१,२३३ |

# कर्मचारी सञ्चय कोष
## मुनाफाबाट सिर्जना गरिएको जगेडा तथा अन्य कोष

| विवरण | शुरु मैजदात (रु.) | | खर्च (रु.) | | रकमान्तर (रु.) | | मुनाफा वांडफांड (रु.) | | अन्तिम मौज्दात (रु.) | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | यस वर्षको | गत वर्षको | यस वर्षको | गत वर्षको | यस वर्षको | गत वर्षको | यस वर्षको | गत वर्षको | यस वर्षको | गत वर्षको |
| साधारण जगेडा कोष | १,०२२,८८०,४३१ | ९५४,६५९,१८५ | - | - | | | ८५,२१२,५२८ | ६८,२२१,२४६ | १,१०८,०९२,९५९ | १,०२२,८८०,४३१ |
| सञ्चयकर्ता कल्याणकारी कोष | १,२४१,२७२,१५८ | १,००५,६२२,२८३ | ८,५९०,२८५ | ३७,२५०,१२५ | - | - | ३४०,२००,००० | २७२,९००,००० | १,५७२,८८१,८७३ | १,२४१,२७२,१५८ |
| कर्मचारी कल्याणकारी कोष | १५७,४३७,४८६ | १४७,६७२,८४९ | ५७,०३६,३७८ | ५८,४३५,३६३ | - | - | ६७,५००,००० | ६८,२००,००० | १६७,९०१,१०८ | १५७,४३७,४८६ |
| मुनाफा वांडफांड कोष | १,०५६,४०८,०४२ | ८६३,३८१,५५९ | ९१०,७९७,६८५ | ७६१,९७३,५१७ | - | - | १,२०८,४००,००० | ९५५,०००,००० | १,३५४,०१०,३५७ | १,०५६,४०८,०४२ |
| **जम्मा** | **३,४७७,९९८,११७** | **२,९७१,३३५,८७६** | **९७६,४२४,३४८** | **८५७,६५९,००५** | **-** | **-** | **१,७०१,३१२,५२८** | **१,३६४,३२१,२४६** | **४,२०२,८८६,२९७** | **३,४७७,९९८,११७** |

कर्मचारी सञ्चय कोष

# पूँजीगत जगेडा कोष

| विवरण | शुरु मौज्दात (रु.) | | खर्च (रु.) | | थप (रु.( | | अन्तिम मौज्दात (रु.) | |
|---|---|---|---|---|---|---|---|---|
| | यस वर्षको | गत वर्षको | यस वर्षको | गत वर्षको | यस वर्षको | गत वर्षको | यस वर्षको | गत वर्षको |
| स्थिर सम्पत्ति पूनर्मूल्याङ्कन | ० | ० | ० | ० | ० | ० | ० | ० |
| लगानी पूनर्मूल्याङ्कन | ० | ० | ० | ० | ० | ० | ० | ० |
| अनुदान पाएको सम्पत्ति | ० | ० | ० | ० | ० | ० | ० | ० |
| जम्मा | ० | ० | ० | ० | ० | ० | ० | ० |

कर्मचारी सञ्चय कोष

## दायित्वहरु

| विवरण | | यस वर्षको (रु.) | गत वर्षको (रु.) |
|---|---|---|---|
| १ | **कर्मचारी सम्वन्धि दायित्व** | ४९५,९०३,१२४ | ४१६,४५२,३४० |
| २ | कोषले लिएको धरौटी | ४७,२७८,६९३ | ४३,१९०,१४३ |
| ३ | अग्रिम आम्दानी | - | १,१३०,२५५ |
| ४ | सण्ड्री क्रेडिटर्स | १८,८९४,२५६ | ६,८३८,८७१ |
| ५ | श्रोतमा आयकर कट्टी | ३,४६९,८०७ | ४,१६५,४५८ |
| ६ | भुक्तानी गर्न बाँकी सामान्य हिसाब | - | - |
| ७ | प्रत्याभूती/जमानतमा लिएको अल्पकालीन ऋण | - | - |
| ८ | सञ्चयकर्ताको कोष/सापटी समायोजन | १६६,१९२,८५२ | ११८,६८१,०८६ |
| ९ | केन्द्रीय तथा शाखा हिसाब | - | - |
| १० | अन्य दायित्वहरु | १,५३२,६०२ | १,५३२,६०३ |
| | **जम्मा** | **७३३,२७१,३३४** | **५९१,९९०,७५६** |

## व्यवस्थाहरु

| विवरण | | यस वर्षको (रु.) | गत वर्षको (रु.) |
|---|---|---|---|
| १ | कर्मचारी सम्बन्धी व्यवस्थाहरु | १,२०४,३२५,८०७ | ९२२,१२४,१३० |
| | १.१ निवृत्तिभरण व्यवस्था | ५४४,९५१,०६७ | ४०५,६८९,५२४ |
| | १.२ उपदान व्यवस्था | ६२,३८६,२६२ | ४७,८०३,६२९ |
| | १.३ सञ्चित विदाको तलव व्यवस्था | २१९,१३५,४४५ | १५०,५२९,१७५ |
| | १.४ कर्मचारी जीवन सुरक्षण व्यवस्था | २९३,३०९,२२६ | १३८,४९९,०५७ |
| | १.५ औषधि उपचार अनुदान व्यवस्था | ८४,५४३,८०७ | ७९,६०२,७४५ |
| | १.६ अन्य व्यवस्था | - | - |
| २ | आवास योजनाको आम्दानी व्यवस्था | - | ५४,७८४ |
| ३ | अन्य व्यवस्था | १,३२६,३४५ | १,३२६,३४५ |
| | **जम्मा** | **१,२०५,६५२,१५२** | **९२३,५०५,२५९** |

कर्मचारी सञ्चय कोष

## नगद तथा बैंक मौज्दात

| विवरण | | यस वर्षको (रु.) | गत वर्षको (रु.) |
|---|---|---|---|
| **नगद मौज्दात** | | | |
| | नगद | ५०,७७१ | ६७,५०६ |
| | **जम्मा** | **५०,७७१** | ६७,५०६ |
| **बैंक मौज्दात** | | | |
| १ | नेपाल राष्ट्र बैंक | ८७२,६९५,२३१ | ९७०,४०८,८८७ |
| २ | नेपाल बैंक लिमिटेड | ७३८,८१३,७५६ | ३७८,८८१,५०५ |
| ३ | राष्ट्रिय वाणिज्य बैंक | ३,१७१,१७६,९१९ | ५४२,८७९,०६३ |
| ४ | नविल बैंक लिमिटेड लि. | १०९,६१५,४९९ | ५१,११४,२७३ |
| ५ | नेपाल इन्भेष्टमेण्ट बैंक लि. | ३८८,६०१,५२६ | ३४३,९८०,३११ |
| ६ | स्ट्याण्डर्ड चार्टर्ड बैंक लि. | ६१,०८१,१०१ | २,०३८,७३२ |
| ७ | कृषि विकास बैंक लि. | २३,२६१,६४० | २६,३८४,२३९ |
| ८ | हिमालयन बैंक लि. | ६३०,३०९,२९७ | ३४५,४८९,७८२ |
| ९ | नेपाल एस.बी.आई. बैंक लि. | ९०,८९९,६३५ | ७८,७२५,७४२ |
| १० | एभरेष्ट बैंक लि. | ११५,३१७,५६७ | ९७,६५०,६०३ |
| ११ | नेपाल बंगलादेश बैंक लि. | ३,२५५,४६७ | १,९१०,१६० |
| १२ | बैंक अफ काठमाडौं लि. | १६७,४८८,३६२ | ३७३,८१७,२९१ |
| १३ | नेपाल विकास बैंक लि. | १,३१२,५८७ | १,३१२,५८७ |
| १४ | कुमारी बैंक लि. | २३,५७९,१८० | ४७,७१९,५८६ |
| *१५* | *लक्ष्मि बैंक लि.* | - | - |
| *१६* | *मालिका विकास बैंक लि.* | - | - |
| १७ | एन.सी.सी. बैंक लि. | १०,६८७,५८४ | २९,६१६,२११ |
| १८ | लुम्बिनी बैंक लि. | ३२९,६२४,०४३ | २४०,०६४,२७६ |
| १९ | एन.आई.सी. बैंक लि. | ३३,१९६,५५८ | १३,२४६,७४९ |
| २० | डेभलपमेन्ट क्रेडिट बैंक लि. | ३७०,६२१,५१२ | २२,५१५,६२५ |
| २१ | माछापुच्छ्रे बैक लि. | १२६,२९१,७७२ | १२९,२२२,७३२ |
| २२ | सिद्धार्थ बैक लि. | १६,२१८,५०५ | ५२,८२७,१४३ |
| २३ | सिटिजन बैक लि. | १६,७७१,०५५ | ३९,९८४,२७२ |
| २४ | ग्लोवल बैक लि. | ९,१०२,५६२ | ३०,०५०,४९४ |
| २५ | प्राईम कमर्सियल बैक लि. | २७,९५३,६३४ | १७,७६१,५२१ |
| २६ | एन.एम.बि.बैंक लि. | ४२,८७५,७७६ | ५२,४८९,४१० |
| | **जम्मा** | **७,३८०,७५०,७६८** | **३,८९०,०९१,१९४** |
| | **कुल जम्मा** | **७,३८०,८०१,५३९** | **३,८९०,१५८,७००** |

कर्मचारी सञ्चय कोष

## राष्ट्रिय बचतपत्र तथा ऋणपत्रमा लगानी

| विवरण | | यस वर्षको (रु.) | गत वर्षको (रु.) |
|---|---|---|---|
| १ | विकास ऋण पत्र २०६९ | - | ५४७,६००,००० |
| २ | विकास ऋण पत्र २०७० | ४३०,२२५,००० | ४३०,२२५,००० |
| ३ | विकास ऋण पत्र २०७१ | - | ५४०,९७५,००० |
| ४ | विकास ऋण पत्र २०७१ क | ४९८,५५०,००० | ४९८,५५०,००० |
| ५ | विकास ऋण पत्र २०७१ ख | २३५,४५०,००० | २३५,४५०,००० |
| ६ | विकास ऋण पत्र २०७१ घ | १६१,४००,००० | १६१,४००,००० |
| ७ | विकास ऋण पत्र २०७२ क | ४५०,०००,००० | ४५०,०००,००० |
| ८ | विकास ऋण पत्र २०७२ ग | ७८२,१७५,००० | ७८२,१७५,००० |
| ९ | विकास ऋण पत्र २०७२ ख | ३२६,६५०,००० | ३२६,६५०,००० |
| १० | विकास ऋण पत्र २०७२ ङ | ४२८,६००,००० | ४२८,६००,००० |
| ११ | विकास ऋण पत्र २०७३ | १०८,६५०,००० | १०८,६५०,००० |
| १२ | विकास ऋण पत्र २०७३ क | १,२५०,०००,००० | १,२५०,०००,००० |
| १३ | विकास ऋण पत्र २०७५ | ३३४,७००,००० | - |
| १४ | विकास ऋण पत्र २०७५ क | ५४२,२५०,००० | ५४२,२५०,००० |
| १५ | विकास ऋण पत्र २०७६ | १६२,०००,००० | १६२,०००,००० |
| १६ | विकास ऋण पत्र २०७६ क | १३८,४५०,००० | १३८,४५०,००० |
| १७ | विकास ऋण पत्र २०७६ ख | ६६,८२५,००० | ६६,८२५,००० |
| १८ | विकास ऋण पत्र २०७६ ग | १,२७५,०००,००० | - |
| १९ | राष्ट्रिय वचत पत्र २०७२ | २,४१०,०००,००० | २,४१०,०००,००० |
| २० | राष्ट्रिय वचत पत्र २०७२ क | ४४७,३५५,००० | ४४७,३५५,००० |
| २१ | राष्ट्रिय वचत पत्र २०७३ | ३,२०६,१५६,००० | ३,२०६,१५६,००० |
| २२ | राष्ट्रिय वचत पत्र २०७३ क | ६८७,१०१,००० | ६८७,१०१,००० |
| २३ | ऋणपत्रहरुमा प्रिमियम | १८८,५६७,७२३ | २८३,२६७,६५७ |
| | जम्मा | **१४,१३०,१०४,७२३** | **१३,७०३,६७९,६५७** |

कर्मचारी सञ्चय कोष

## मुद्दती निक्षेपमा लगानी

| बैंकको नाम | | यस वर्षको | गत वर्षको |
|---|---|---|---|
| | | (रु.) | (रु.) |
| १ | राष्ट्रिय वाणिज्य बैंक | ३,९५०,०००,००० | १,९५०,०००,००० |
| २ | नेपाल बैंक लिमिटेड | - | १,०००,०००,००० |
| ३ | नेपाल इन्भेष्टमेण्ट बैंक लि. | २,९५०,०००,००० | ३,०००,०००,००० |
| ४ | कृषि विकास बैंक | १,०००,०००,००० | ५,४००,०००,००० |
| ५ | नेपाल एस.बी.आई. बैंक लि. | १,२५०,०००,००० | ५००,०००,००० |
| ६ | हिमालयन बैंक लि. | ४००,०००,००० | - |
| ७ | बैंक अफ काठमाण्डौं लि. | ९००,०००,००० | ३५०,०००,००० |
| ८ | एभरेष्ट बैंक लि. | - | ५००,०००,००० |
| ९ | एन. सी. सी. बैंक लि. | २००,०००,००० | १,०५०,०००,००० |
| १० | लुम्बिनी बैंक लि. | ५७०,०००,००० | ३००,०००,००० |
| ११ | एन.आई.सी. बैंक लि. | १,९००,०००,००० | ७००,०००,००० |
| १२ | ग्राण्ड बैंक नेपाल लि. | १,०५०,०००,००० | १,०००,०००,००० |
| १३ | नेपाल विकास बैंक लि. | १,६००,०००,००० | ८५०,०००,००० |
| १४ | माछापुच्छ्रे बैक लि. | ६२०,०००,००० | ७००,०००,००० |
| १५ | सिद्धार्थ बैंक लि. | - | ४५०,०००,००० |
| १६ | लक्ष्मी बैक लि. | १,४५०,०००,००० | १,२००,०००,००० |
| १७ | कुमारी बैक लि. | १,४२०,०००,००० | १,३५०,०००,००० |
| १८ | सिटिजन बैक ईन्टरनेशनल लि. | १,१००,०००,००० | १,२५०,०००,००० |
| १९ | सनराईज बैंक लि. | - | ७००,०००,००० |
| २० | बैंक अफ एसिया लि. | १,३००,०००,००० | ४५०,०००,००० |
| २१ | प्राईम कमर्सियल बैंक लि. | १,३५०,०००,००० | १,०००,०००,००० |
| २२ | ग्लोबल बैंक लि. | २५०,०००,००० | ७५०,०००,००० |
| २३ | एन.एम.बि बैंक लि. | - | ५५०,०००,००० |
| २४ | किस्ट बैंक लि. | ९००,०००,००० | ८००,०००,००० |
| २५ | जनता बैंक लि. | १,४५०,०००,००० | ७००,०००,००० |
| २६ | सिभिल बैंक लि. | १५०,०००,००० | ३५०,०००,००० |
| २७ | कमर्ज एण्ड ट्रष्ट बैंक लि. | ७००,०००,००० | ४००,०००,००० |
| २८ | मेगा बैंक लि. | २००,०००,००० | ५५०,०००,००० |
| २९ | सानिमा बैंक लि. | ५७,९११,४६७ | ९३,६८२,१२३ |
| जम्मा | | **२६,७१७,९११,४६७** | **२७,८९३,६८२,१२३** |
| जोखिम व्यवस्था | | **५७,९११,४६७** | **९३,६८२,१२३** |
| खुद जम्मा | | **२६,६६०,०००,०००** | **२७,८००,०००,०००** |

कर्मचारी सञ्चय कोष

## डिवेन्चरमा लगानी

| डिवेन्चर जारी गर्ने निकायको नाम | | यस वर्षको (रु.) | गत वर्षको (रु.) |
|---|---|---|---|
| १ | | – | – |
| २ | | – | – |
| जम्मा | | – | – |

कर्मचारी सञ्चय कोष

## शेयरमा लगानी

| शेयर जारी गर्ने निकायको नाम | | यस वर्षको (रु.) | गत वर्षको (रु.) |
|---|---|---|---|
| १ | हिमालयन बैंक लि. | ८,४००,००० | ८,४००,००० |
| २ | नेपाल एस.बि.आई. बैंक लि. | १५९,२१०,००० | १५९,२१०,००० |
| ३ | लुम्बिनी बैंक लि | १८९,२०५,४०० | १८९,२०५,४०० |
| ४ | नेपाल विकास बैंक लि. | ८,०००,००० | ८,०००,००० |
| ५ | एन.आई.डि.सि. क्यापिटल मार्केट लि. | ८८,६१८,६८२ | ८८,६१८,६८२ |
| ६ | एलायन्स ईन्स्योरेन्स कम्पनि लि. | २९,९००,१४५ | १६,५००,००० |
| ७ | एनएमवि बैंक लि. | १८८,०२१,३४८ | १८८,०२१,३४८ |
| ८ | एन.सि.एस.आई.डि.बैंक (मनकामना विकास वैंक लि) | २४,०००,००० | २४,०००,००० |
| ९ | क्लिन ईनर्जि बैंक लि. | १६३,२००,००० | १६३,२००,००० |
| १० | एन.डि.ई.पि. डेभलपमेण्ट बैंक लि. | ७२,०००,००० | ७२,०००,००० |
| ११ | राष्ट्रिय बीमा संस्थान | २९७,९७५,१६६ | २९७,९७५,१६५ |
| १२ | जलविद्युत लगानी तथा विकास क.लि. | १,०००,०००,००० | १,०००,०००,००० |
| **जम्मा** | | **२,२२८,५३०,७४१** | **२,२१५,१३०,५९५** |
| **जोखिम व्यवस्था** | | ८,०००,००० | ४१,५४३,०१४ |
| **खुद जम्मा** | | **२,२२०,५३०,७४१** | **२,१७३,५८७,५८१** |

## परियोजना कर्जा

| विवरण | जमानत कर्जा | | संस्थागत कर्जा | | सहवित्तीयकरण कर्जा | | कुल कर्जा | |
|---|---|---|---|---|---|---|---|---|
| | यस वर्ष सम्मको (रु.) | गत वर्ष सम्मको (रु.) | यस वर्ष सम्मको (रु.) | गत वर्ष सम्मको (रु.) | यस वर्ष सम्मको (रु.) | गत वर्ष सम्मको (रु.) | यस वर्ष सम्मको (रु.) | गत वर्ष सम्मको (रु.) |
| १. परियोजना कर्जा | | | | | | | | |
| असल कर्जा | - | - | २५,०३८,१७३,३०६ | १५,६१०,७७१,३८१ | - | - | २५,०३८,१७३,३०६ | १५,६१०,७७१,३८१ |
| पुनरसंरचना गरिएको | - | - | - | - | ६६,३३२,९२० | ७७,१११,९१० | ६६,३३२,९२० | ७७,१११,९१० |
| कमसल | - | - | - | - | २१,९३२,४८९ | ५५,६४०,८८१ | २१,९३२,४८९ | ५५,६४०,८८१ |
| शंकास्पद | - | - | - | - | - | - | - | - |
| खराब | - | - | ३०६,५४०,४८३ | ३४३,८१८,२५८ | २०२,५२३,७२२ | २०९,२४१,९२२ | ५०९,०६४,२०५ | ५५३,०६०,१८० |
| **कुल कर्जा (क)** | **-** | **-** | ***२५,३४४,७१३,७८९*** | ***१५,९५४,५८९,६३९*** | ***२९०,७८९,१३१*** | ***३४१,९९४,७१३*** | ***२५,६३५,५०२,९२०*** | ***१६,२९६,५८४,३५२*** |
| २. कर्जा तथा लगानी जोखिम व्यवस्था | | | | | | | | |
| असल | - | - | २५०,३८१,७३३ | १५६,१०७,७१४ | - | - | २५०,३८१,७३३ | १५६,१०७,७१४ |
| पुनरसंचना गरिएको | - | - | - | - | ८,२९१,६१५ | ९,६३८,९८९ | ८,२९१,६१५ | ९,६३८,९८९ |
| कमसल | - | - | - | - | ५,४८३,१२२ | १३,९१०,२२० | ५,४८३,१२२ | १३,९१०,२२० |
| शंकास्पद | - | - | - | - | - | - | - | - |
| खराब | - | - | ३०६,५४०,४८३ | ३४३,८१८,२५८ | २०२,५२३,७२२ | २०९,२४१,९२२ | ५०९,०६४,२०५ | ५५३,०६०,१८० |
| **कुल व्यवस्था (ख)** | **-** | **-** | ***५५६,९२२,२१६*** | ***४९९,९२५,९७२*** | ***२१६,२९८,४५९*** | ***२३२,७९१,१३१*** | ***७७३,२२०,६७५*** | ***७३२,७१७,१०३*** |
| ३. गत वर्ष सम्मको कर्जा तथा लगानी जोखिम व्यवस्था **(ग)** | - | - | ४९९,९२५,९७२ | ४१६,६६८,४३३ | २३२,७९१,१३१ | २४४,८८५,१९४ | ७३२,७१७,१०३ | ६६१,५५३,६२७ |
| ४.यस वर्षको थप व्यवस्था **(ख-ग)** | - | - | ५६,९९६,२४४ | ८३,२५७,५३९ | (१६,४९२,६७२) | (१२,०९४,०६३) | ४०,५०३,५७२ | ७१,१६३,४७६ |
| **५. खुद कर्जा (क-ख)** | **-** | **-** | **२४,७८७,७९१,५७३** | **१५,४५४,६६३,६६७** | **७४,४९०,६७२** | **१०९,२०३,५८२** | **२४,८६२,२८२,२४५** | **१५,५६३,८६७,२४९** |

कर्मचारी सञ्चय कोष

# सञ्चयकर्ता सापटी

| विवरण | विशेष सापटी | | पुरानो घर सापटी | | घर सापटी २०५७ | | शैक्षिक सापटी २०५८ | | सरल चक्र कर्जा २०६८ | | कुल सापटी | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | यस वर्ष सम्मका (रु.) | गत वर्ष सम्मको (रु.) | यस वर्ष सम्मको (रु.) | गत वर्ष सम्मको (रु.) | यस वर्ष सम्मको (रु.) | गत वर्ष सम्मको (रु.) | यस वर्ष सम्मको (रु.) | गत वर्ष सम्मको (रु.) | यस वर्ष सम्मको (रु.) | गत वर्ष सम्मको (रु.) | यस वर्ष सम्मको (रु.) | गत वर्ष सम्मको (रु.) |
| १. सञ्चयकर्तालाई सापटी | | | | | | | | | | | | |
| असल कर्जा | ७५,५२७,९५१,०५७ | ६४,५७०,७६१,४२२ | - | - | १५,११०,००४,५९६ | १४,३१३,४२६,६६६ | ६१७,६८२,०७३ | ६८८,२०६,२५५ | ३३४,४७०,४६५ | ५०७,६३७,८४४ | ९१,५९०,१०८,१९१ | ८०,०८०,०३२,१८७ |
| शंकास्पद | - | - | - | - | - | - | - | - | ३१५,३१०,१९० | | ३१५,३१०,१९० | |
| खराब | - | - | ९,५६१,१४१ | १०,३१४,६७९ | २१६,३५२,२७९ | - | - | - | १२,३८९,५७५ | | २३८,३०२,९९५ | १०,३१४,६७९ |
| **कुल कर्जा (क)** | ७५,५२७,९५१,०५७ | ६४,५७०,७६१,४२२ | ९,५६१,१४१ | १०,३१४,६७९ | १५,३२६,३५६,८७५ | १४,३१३,४२६,६६६ | ६१७,६८२,०७३ | ६८८,२०६,२५५ | ६६२,१७०,२३० | ५०७,६३७,८४४ | ९२,१४३,७२१,३७६ | **८०,०९०,३४६,८६६** |
| २. सापटीमा जोखिम व्यवस्था | | - | - | - | - | - | - | - | - | - | - | - |
| असल | ४,३०३,१०९ | ४,१६८,८६७ | - | - | ३०२,२००,०९२ | २८६,२६८,५३३ | १२,३५३,६४१ | १३,७६४,१२५ | - | १०,१५२,७५७ | ३१८,८५६,८४२ | ३१४,३५४,२८२ |
| सरल चक्रकर्जाको लागि जोखिम व्यवस्था (लगानी नीति ५.६ ख बमोजिम) | - | - | - | - | - | - | - | - | - | - | | - |
| व्याज नियमित भएका सम्पूर्ण कर्जा (१ प्रतिशत) | - | - | - | - | - | - | - | - | ३,३४४,७०४ | - | ३,३४४,७०४ | - |
| एक वर्षको अवधिले व्याज नियमित नभएका कर्जा (२ प्रतिशत) | - | - | - | - | - | - | - | - | ५,६२८,७५० | - | ५,६२८,७५० | - |
| दुई वर्षको अवधिले व्याज नियमित नभएका कर्जा (३ प्रतिशत) | - | - | - | - | - | - | - | - | ६०७,६९४ | - | ६०७,६९४ | - |
| तीन वर्षको अवधिले व्याज नियमित नभएका कजा (५ प्रतिशत) | - | - | - | - | - | - | - | - | ६८०,८१० | - | ६८०,८१० | - |
| चार वर्षको अवधिले व्याज नियमित नभएका कर्जा (१० प्रतिशत) | - | - | - | - | - | - | - | - | - | - | - | - |
| खराब (शतप्रतिशत) | - | - | ९,५६१,१४१ | १०,३१४,६७९ | २१६,३५२,२७९ | | - | - | १२,३८९,५७५ | – | २३८,३०२,९९५ | १०,३१४,६७९ |
| **कुल व्यवस्था (ख)** | ४,३०३,१०९ | ४,१६८,८६७ | ९,५६१,१४१ | १०,३१४,६७९ | ५१८,५५२,३७१ | २८६,२६८,५३३ | १२,३५३,६४१ | १३,७६४,१२५ | २२,६५१,५३४ | १०,१५२,७५७ | **५६७,४२१,७९६** | **३२४,६६८,९६१** |
| ३.गत वर्ष सम्मको कुल व्यवस्था **(ग)** | ४,१६८,८६७ | ४,६२९,४०० | १०,३१४,६७९ | २९,०४४,१२० | २८६,२६८,५३३ | २४९,७३७,३६६ | १३,७६४,१२५ | १३,९८१,३६७ | १०,१५२,७५७ | – | ३२४,६६८,९६१ | २९७,३९२,२५३ |
| ४.यस वर्षको थप व्यवस्था ( **ख-ग)** | १३४,२४२ | (४६०,५३३) | (७५३,५३८) | (१८,७२९,४४१) | २३२,२८३,८३८ | ३६,५३१,१६७ | (१,४१०,४८४) | (२१७,२४२) | १२,४९८,७७७ | १०,१५२,७५७ | २४२,७५२,८३५ | २७,२७६,७०८ |
| **५. खुद कर्जा (क-ख)** | **७५,५२३,६४७,९४८** | **६४,५६६,५९२,५५५** | **-** | **-** | **१४,८०७,८०४,५०४** | **१४,०२७,१५८,१३३** | **६०५,३२८,४३२** | **६७४,४४२,१३०** | **६३९,५१८,६९६** | ४९७,४८५,०८७ | **९१,५७६,२९९,५८०** | **७९,७६५,६७७,९०५** |

कर्मचारी सञ्चय कोष

# आवास परियोजनामा लगानी

| विवरण | यस वर्षको | गत वर्षको |
|---|---|---|
| | (रु.) | (रु.) |
| पोखरा आवास परियोजना | - | ४१८,२२६ |
| | | |
| जम्मा | - | ४१८,२२६ |

कर्मचारी सञ्चय कोष

# स्थिर सम्पत्तिमा लगानी

| विवरण | परल मोल | | | | | सञ्चित ह्रास कोष | | | | | खुद बाँकी मौज्दात | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | शुरु मौज्दात | यस वर्षको थप | परल मोल जम्मा | समायोजन | जम्मा | शुरु मौज्दात | यस वर्षको थप | ह्रास कट्टी जम्मा | समायोजन | जम्मा | यस वर्षको | गत वर्षको |
| | (रु.) | (रु.) | (रु.) | (रु.) | (रु.) | (रु.) | (रु.) | (रु.) | (रु.) | (रु.) | (रु.) | (रु.) |
| १ | २ | ३ | ४ (२+३) | ५ (–) | ६ (४–५) | ७ | ८ | ९ (७+८) | १० (–) | ११ (९–१०) | **१२** | **१३** |
| **जग्गा** | ४४,७५९,६१९ | १२७,७४४,७७५ | १७२,५०४,३९४ | - | *१७२,५०४,३९४* | - | | - | - | - | १७२,५०४,३९४ | ४४,७५९,६१९ |
| **भवन** | ४२५,६७६,१६७ | ३७१,०६८,०८७ | ७९६,७४४,२५४ | - | *७९६,७४४,२५४* | ११४,४१७,७३७ | ३४,११६,३२६ | १४८,५३४,०६३ | - | *१४८,५३४,०६३* | ६४८,२१०,१९१ | ३११,२५८,४३० |
| **जम्मा** | ४७०,४३५,७८६ | ४९८,८१२,८६२ | ९६९,२४८,६४८ | - | ९६९,२४८,६४८ | | ३४,११६,३२६ | १४८,५३४,०६३ | - | १४८,५३४,०६३ | ८२०,७१४,५८५ | ३५६,०१८,०४९ |

कर्मचारी सञ्चय कोष

# स्थिर सम्पत्ति

| विवरण | | परल मोल | | | | | सञ्चित ह्रास कोष | | | | | खुद बाँकी मौज्दात | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | शुरु मौज्दात | यस वर्षको थप | परलमोल जम्मा | समायोजन | जम्मा | शुरु मौज्दात | यस वर्षको थप | ह्रास कट्टी जम्मा | समायोजन | जम्मा | यस वर्षको | गत वर्षको |
| | | (रु.) | (रु.) | (रु.) | (रु.) | (रु.) | (रु.) | (रु.) | (रु.) | (रु.) | (रु.) | (रु.) | (रु.) |
| | १ | २ | ३ | ४ (२+३) | ५ | ६ (४–५) | ७ | ८ | ९ (७+८) | १० | ११ (९–१०) | १२(६-११) | १३(२–७) |
| १ | जग्गा | ३३८,०७२,३१५ | - | ३३८,०७२,३१५ | १३८,७१४,८५३ | १९९,३५७,४६२ | - | - | - | - | - | १९९,३५७,४६२ | ३३८,०७२,३१५ |
| २ | भवन | ८०,५१०,२४३ | - | ८०,५१०,२४३ | - | ८०,५१०,२४३ | १९,३४३,६०१ | ३,०५२,०७९ | २२,३९५,६८० | - | २२,३९५,६८० | ५८,११४,५६३ | ६१,१६६,६४२ |
| ३ | फर्निचर | २१,९४२,२८३ | १,६७७,२८६ | २३,६१९,५६९ | ३०७,२५७ | २३,३१२,३१२ | १२,०४३,२९० | १,९३८,६९० | १३,९८१,९८० | २४५,२५४ | १३,७३६,७२६ | ९,५७५,५८६ | ९,८९८,९९३ |
| ४ | सवारी साधन | ५५,००४,३२९ | ३,१५९,००० | ५८,१६३,३२९ | १७२,४१० | ५७,९९०,९१९ | ३२,८१०,९३५ | ४,४०५,१६३ | ३७,२१६,०९८ | ३१,७९६ | ३७,१८४,३०२ | २०,८०६,६१७ | २२,१९३,३९४ |
| ५ | मेसिनरी तथा उपकरण | ६०,६७७,७४६ | १,२५६,५७१ | ६१,९३४,३१७ | १७८,७९९ | ६१,७५५,५१८ | ४१,५८२,५५१ | ३,८०४,६१४ | ४५,३८७,१६५ | ९८,६०६ | ४५,२८८,५५९ | १६,४६६,९५९ | १९,०९५,१९५ |
| ६ | कम्प्युटर उपकरण | ९७,५१६,८२६ | १,४३१,८७८ | ९८,९४८,७०४ | ५४,९९७ | ९८,८९३,७०७ | ६७,७९५,८९८ | ७,५७७,३९० | ७५,३७३,२८८ | ३३,०५७ | ७५,३४०,२३१ | २३,५५३,४७६ | २९,७२०,९२८ |
| ७ | कम्प्युटर सफ्टवेयर | २,४१८,०८० | २२६,००० | २,६४४,०८० | - | २,६४४,०८० | १,५८१,५३२ | ७९,४१० | १,६६०,९४३ | - | १,६६०,९४३ | ९८३,१३८ | ८३६,५४८ |
| ८ | अन्य उपकरण | - | - | - | - | - | - | - | - | - | - | - | - |
| जम्मा | | ६२९,९३८,२९८ | ६५६,१४१,८२२ | ७,७५०,७३५ | ६६३,८९२,५५७ | १३९,४२८,३१६ | ५२४,४६४,२४१ | १७५,१५७,८०७ | २०,८५७,३४५.३८ | १९६,०१५,१५२ | ४०८,७१३ | १९५,६०६,४४० | ३२८,८५७,८०१ |

कर्मचारी सञ्चय कोष

# निर्माणाधीन सम्पत्ति

| विवरण | | शुरु मौज्दात | यस वर्षको थप | जम्मा | घटी वा अवलेखन | यस वर्ष सम्मको | गत वर्ष सम्मको |
|---|---|---|---|---|---|---|---|
| | | (रु.) | (रु.) | (रु.) | (रु.) | (रु.) | (रु.) |
| १ | निर्माणधिन भवन, लगनखेल | ३५२,८११,५८३ | ४९८,९६० | ३५३,३१०,५४३ | ३५३,३१०,५४३ | - | **३५२,८११,५८३** |
| २ | निर्माणधिन भवन, पुल्चोक | १३२,६३४ | - | १३२,६३४ | १३२,६३४ | - | **१३२,६३४** |
| ३ | निर्माणधिन भवन, चितवन | १,५९४,७२८ | - | १,५९४,७२८ | - | **१,५९४,७२८** | **१,५९४,७२८** |
| ४ | निर्माणधिन भवन, विराटनगर | २७९,८२४ | २९३,८०१ | ५७३,६२५ | - | **५७३,६२५** | **२७९,८२४** |
| **जम्मा** | | **१९७,१६७,१३३** | **३५४,८१८,७६९** | **७९२,७६१** | **३५५,६११,५३०** | **३५३,४४३,१७७** | **२,१६८,३५३** |

कर्मचारी सञ्चय कोष

## विविध सम्पत्ति

| विवरण | | यस वर्षको (रु.) | गत वर्षको (रु.) |
|---|---|---|---|
| १ | कर्मचारी सापटी | १,१५७,७१७,०४९ | १,०२२,८५१,४५२ |
| २ | असूल हुन बाँकी व्याज | २,१२८,६२९,३८२ | २,१४६,४०९,४७४ |
| | न्यून: व्याज मुल्तवि हिसाब | (१,८१०,६२८,१२६) | (१,७६८,३१६,३७५) |
| ३ | असूल हुन बाँकी बहाल तथा महसुल | २३६,५४९,०३३ | १७७,५०७,६३६ |
| ४ | सण्ड्री डेटर्स | (३५,०४८,७५६) | - |
| ५ | मसलन्द मौज्दात | ५,१७४,९९२ | ७,०१०,४३२ |
| ६ | सञ्चयकर्ता कल्यांण योजना भुक्तानी तथा शोधभर्ना | १,६७९,२९१ | १,१९४,५८५ |
| ७ | कोषले राखेको धरौटी | ३,८०५,००० | ७,०३५,००० |
| ८ | प्रतीतपत्र हिसाब | १,२०५,०४५ | १,१९७,५४५ |
| ९ | आवास योजना अक्षय कोष | - | - |
| १० | मार्गस्थ कोष रकम | १,०००,००० | १,०००,००० |
| ११ | कोषले कब्जा गरेको सम्पत्ति | - | - |
| १२ | पूर्व कर्मचारीबाट असूल गर्न बाँकी | - | - |
| १३ | अन्य सम्पत्ति | १८,५४२,५५२.०० | १८,२५५,४६५ |
| **जम्मा** | | **१,७०८,६२५,४६२** | **१,६१४,१४५,२१४** |

कर्मचारी सञ्चय कोष

## ऋण तथा लगानीबाट आम्दानी

| विवरण | | यस वर्षको | गत वर्षको |
|---|---|---|---|
| | | (रु.) | (रु.) |
| १ | राष्ट्रिय बचतपत्र तथा ऋणपत्रमा व्याज | १,०९६,७९२,५६७ | १,१३४,८४१,११५ |
| २ | मुद्दती निक्षेपमा व्याज | १,९६४,९००,८४० | २,१३२,६५७,३०२ |
| ३ | शेयर लगानीमा लाभांश | १४६,०२३,९९३ | ७८,५१४,९८८ |
| ४ | डिवेञ्चर लगानीमा व्याज | - | - |
| ५ | परियोजना कर्जामा व्याज | २,८४९,०११,७२६ | १,५४९,४००,२५२ |
| ६ | स्थिर सम्पत्तिमा बहाल/महसुल | १८४,२३७,७५६ | १६८,२५६,५८९ |
| ७ | सञ्चयकर्ता सापटीमा व्याज | ७,८५३,७७७,४०३ | ६,३३३,७८५,२१७ |
| ८ | आवास परियोजनामा व्याज तथा मुनाफा | ७७,०३० | १०२,३९२ |
| ९ | अन्य लगानीबाट प्राप्त व्याज तथा मुनाफा | - | - |
| **जम्मा** | | **१४,०९४,८२१,३१५** | **११,३९७,५५७,८५५** |

कर्मचारी सञ्चय कोष

## व्याज खर्च

| विवरण | | यस वर्षको | गत वर्षको |
|---|---|---|---|
| | | (रु.) | (रु.) |
| १ | सञ्चय कोषमा व्याज | ११,४८३,१०६,१०५ | ९,४१९,८६७,०३१ |
| २ | अन्य व्याज | ३६,२१०,५९९ | २९,४४५,२७२ |
| **जम्मा** | | **११,५१९,३१६,७०४** | **९,४४९,३१२,३०३** |

कर्मचारी सञ्चय कोष

## विविध आम्दानी

| विवरण | | यस वर्षको | गत वर्षको |
|---|---|---|---|
| | | (रु.) | (रु.) |
| १ | कर्मचारी सापटीमा व्याज तथा मुनाफा | २७,३७३,८८९ | २७,२३४,८४१ |
| २ | चालु/कल खातामा व्याज | ७८,००४,८१० | ८७,८३२,१५४ |
| ३ | सेवा शुल्क | १९,८७२,०५७ | १९,२००,३०० |
| ४ | अन्य आम्दानी | ४२,३१०,७९३ | २९,८४४,३५८ |
| ५ | सम्पति बिक्रीमा आम्दानी | ६९,५१३,१४२ | - |
| **जम्मा** | | **२३७,०७४,६९१** | **१६४,१११,६५३** |

कर्मचारी सञ्चय कोष

## कर्मचारी खर्च

| विवरण | | यस वर्षको | गत वर्षको |
|---|---|---|---|
| | | (रु.) | (रु.) |
| १ | तलब भत्ता खर्च | २१९,२०६,६१३ | १९९,७९३,८०८ |
| २ | वार्षिक सुविधा खर्च | ६९,८४४,१७७ | १०२,८३६,१५३ |
| ३ | तालिम तथा सेमिनार खर्च | १४,९६६,०५३ | ११,०४५,९३१ |
| ४ | अन्य खर्च | - | - |
| ५ | .कर्मचारी दायित्व व्यवस्था खर्च | **४२९,६१२,५०७** | **२२४,६२५,३०३** |
| - निवृत्तिभरण व्यवस्था खर्च | | १३४,८५५,२०४ | १३८,५९६,२३० |
| - उपदान व्यवस्था खर्च | | - | २,८२६,६३३ |
| - संचित विदाको तलव व्यवस्था खर्च | | ८८,६३०,३०३ | १०,९२१,४४० |
| - कर्मचारी जीवन सुरक्षण व्यवस्था खर्च | | १७४,७७५,५५५ | ६१,७००,००० |
| - औषधि उपचार अनुदान व्यवस्था खर्च | | ३१,३५१,४४५ | १०,५८१,००० |
| - अन्य व्यवस्था खर्च | | - | - |
| **जम्मा** | | **७३३,६२९,३५०** | **५३८,३०१,१९५** |

कर्मचारी सञ्चय कोष

## सञ्चालन खर्च

| विवरण | | यस वर्षको | गत वर्षको |
|---|---|---|---|
| | | (रु.) | (रु.) |
| १ | भ्रमण खर्च | ११,८१७,४३४ | १०,७७७,८४९ |
| २ | छपाई, मसलन्द | ५,९८४,६२१ | ४,५९५,२६४ |
| ३ | मर्मत तथा सम्भार | ६,७०८,६०७ | ९,९७२,९७८ |
| ४ | फ्लोरिङ्ग एण्ड फर्निसिङ्ग | ५१४,१७५ | १,१२९,३१६ |
| ५ | ईन्धन | १४,५४९,१५७ | १२,११४,१५० |
| ६ | भाडा, शुल्क तथा महसुल | ५,८९५,५२४ | ६,७३२,२१३ |
| ७ | टिकट तार टेलिफोन | १,६७२,९६५ | १,६६८,२८७ |
| ८ | सदस्यता शुल्क | १,२९२,८७६ | १,२००,००० |
| | लेखापरीक्षण शुल्क | २८२,५०० | २८२,५०० |
| | लेखापरीक्षण  खर्च | २७९,१९९ | ४१०,५९८ |
| ९ | पुस्तक प्रकाशन तथा पत्रपत्रिका | १,५५४,३७४ | १,४१४,१६९ |
| १० | बैठक भत्ता तथा खर्च | १३,७८३,१९१ | ५,४७३,०१६ |
| ११ | विज्ञापन तथा प्रर्वद्धन खर्च | ३,३३४,५५८ | २,७४४,९९५ |
| १२ | उत्सव तथा साल तमामी खर्च | १,८८९,९४८ | १,७४८,२५३ |
| १३ | फुटकर तथा भैपरी आउने खर्च | २,६५६,९७३ | २,१८१,५०८ |
| १४ | सुरक्षा खर्च | ७,८६५,३१९ | ६,९४३,८८४ |
| १५ | कानूनी खर्च | ५०४,४०० | १,१५९,११६ |
| १६ | स्थिर सम्पत्तिमा बीमा खर्च | ४,००४,३२८ | ३,०८३,५३७ |
| १७ | विशेष कार्यक्रम खर्च | ५,५४५,५३७ | १,९४२,१२१ |
| १८ | आर्थिक सहायता, चन्दा पुरस्कार तथा पदक खर्च | १,७१२,००० | १,६०२,५०० |
| १९ | करार सेवा खर्च | ७,०९५,७०५ | ६,००८,९९८ |
| २० | परामर्श सेवा शुल्क | २३२,००० | २००,००० |
| २१ | अवलेखन खर्च | ३६५,३७२ | - |
| | **जम्मा** | **९९,५४०,७६३** | **८३,३८५,२५२** |

## कर्जा तथा लगानी जोखिम व्यवस्था

| विवरण | | यस वर्षको | गत वर्षको |
|---|---|---|---|
| | | (रु.) | (रु.) |
| १ | कर्जा नोक्सानीमा व्यवस्था भएको वृद्धि | ८६,८८७,४८६ | ३११,१००,५३४ |
| २ | कर्जा नोक्सानीमा व्यवस्थाबाट फिर्ता | (१५,७२४,०१०) | (७८,१०३,८१६) |
| ३ | लगानी नोक्सानी व्यवस्थामा भएको वृद्धि | २८,२६३,०१४ | ८,६४०,००० |
| ४ | लगानी नोक्सानी व्यवस्थाबाट फिर्ता | (१८,५५१,६३८) | (२१०,१२६,२३९) |
| ५ | सञ्चयकर्ता सापटी नोक्सानी व्यवस्थामा भएको वृद्धि | ४६,६८३,९२४ | १५४,६९९,४९५ |
| ६ | सञ्चयकर्ता सापटी नोक्सानी व्यवस्थाबाट फिर्ता | (१९,४०७,२१६) | (२,२२७,२९४) |
| ७ | अन्य सम्पत्ति नोक्सानी व्यवस्थामा भएको वृद्धि | - | - |
| ८ | अन्य सम्पत्ति नोक्सानी व्यवस्थाबाट फिर्ता | - | - |
| **जम्मा** | | **१०८,१५१,५६०** | **१८३,९८२,६८०** |

कर्मचारी सञ्चय कोष

## कर्जा अपलेखन सम्बन्धी खुद खर्च (आम्दानी)

| विवरण | | यस वर्षको | गत वर्षको |
|---|---|---|---|
| | | (रु.) | (रु.) |
| १ | कर्जा अपलेखन खर्च | १२३,६४२,४०२ | ८६,८८७,४८६ |
| २ | अपलेखन भईसकेका कर्जाको असुली | (८३,१३८,८२९) | (१५,७२४,०१०) |
| ३ | अन्य खर्च/आम्दानी | - | २८,२६३,०१४ |
| **जम्मा** | | **(२४,८८४,३४३)** | **(७,२४६,०६४)** |

# लेखासँग सम्बन्धित नीति तथा टिप्पणी
## आर्थिक वर्ष २०७०/७१

### १. पृष्ठभूमी

कर्मचारी सञ्चय कोष सञ्चयकर्ताहरुबाट संकलन भएको वचत रकमको सुव्यवस्थापन तथा प्रभावकारी परिचालन गरी उचित प्रतिफल प्रदान गर्न कर्मचारी सञ्चय कोष ऐन, २०१९ अनुरुप स्थापित सामाजिक सुरक्षण संस्था हो । यस कोषको केन्द्रिय कार्यालय पुल्चोक, ललितपुरमा रहेको छ ।

कोषले करिव ४ लाख ९० हजार सञ्चयकर्ताहरुको सञ्चित रकममा वार्षिक रुपमा व्याज तथा मुनाफा प्रदान गर्नुका अलावा उनीहरुको हितमा विशेष सापटी, घर सापटी, शैक्षिक ऋण र सरल चक्रकर्जा जस्ता कर्जा तथा सापटी सुविधाहरु प्रदान गर्दै आएको छ भने सामाजिक सुरक्षा सुविधा अन्तर्गत सञ्चयकर्ता दुर्घटना क्षतिपूर्ति, सञ्चयकर्ता काजकृया अनुदान, सञ्चयकर्ता कल्याणकारी योजना सोधभर्ना र सञ्चयकर्ता औषधोपचार सहयोग योजना सञ्चालन गर्दै आएको छ ।

### २. प्रमुख लेखा नीतिहरु

कोषको वित्तीय विवरणहरु तयार गर्दा आधार लिईएका प्रमुख लेखा नीतिहरु तल उल्लेख गरिएको छ । अन्यथा उल्लेख गरिएको अवस्थामा बाहेक अटुट रुपमा नीतिहरुको पालना गरिएको छ ।

### २.१. लेखाङ्कनका आधारहरु

संलग्न वित्तीय विवरणहरु "कर्मचारी सञ्चय कोष ऐन, २०१९", "कोषको लेखा निर्देशिका, २०६३", "कोषको लगानी नीति, २०७१", "कोषको जगेडा कोष, निवृत्तिभरण कोष, कल्याणकारी कोष र अन्य कोषहरु नियमावली, २०६२", कोषको लेखासंग सम्बन्धित अन्य नीति, नियम, कार्यविधि तथा निर्देशिका र लेखाका सर्वमान्य सिद्धान्तहरुको अधिनमा रही महालेखा परीक्षकको कार्यलयबाट मिति २०६८/८/१ मा स्वीकृत ढाँचा अनुरुप तयार गरिएको छ ।

### २.२. वित्तीय विवरणको तयारीका आधारहरु

### २.२.१ आम्दानीको लेखाङ्कन

### २.२.१.१. परियोजना कर्जा लगानीबाट प्राप्त हुने व्याज

परियोजना कर्जा लगानीबाट प्राप्त हुने व्याजलाई नगद प्राप्तिको आधारमा आम्दानी जनाईएको छ भने ऋण सम्झौता अनुसार साँवामा पूँजीकृत गरिएको व्याजलाई प्रोदभावी (Accrual)आधारमा आम्दानी जनाईएको छ । कुनै एक आर्थिक वर्षमा पाकेको व्याज प्राप्त नभएमा त्यस्तो व्याजलाई 'व्याज मुल्तबी हिसाब परियोजना कर्जा' मा जम्मा गरी 'असूल गर्नु पर्ने व्याज परियोजना कर्जा' शीर्षकमा खर्च लेखी लेखाङ्कन गरिएको छ ।

परियोजना कर्जा लगानीको व्याज गणना गर्दा नेपाली क्यालेण्डर अनुसार बैंक दाखिला मितिले दिन गन्तीको आधारमा त्रैमासिक रूपमा गणना गरिएको छ ।

### २.२.१.२. सरकारी सुरक्षणपत्रको लगानीमा प्राप्त हुने व्याज

सरकारी सुरक्षणपत्रहरू जस्तो ट्रेजरी बिल, बचतपत्र, विकास ऋणपत्र आदिमा भएको लगानीबाट आर्जित व्याजलाई प्रतिफलमा आधारित भई प्रोदभावी (Accrual)आधारमालेखाङ्कन गरिएको छ । छुटमा खरिद भएको सुरक्षणपत्रको लगानीबाट प्राप्त हुने व्याजमा सुरक्षणपत्रका छुट रकमलाई समानुपातिक अवधिको आधारमा समायोजन गरी आम्दानी जनाउने नीति रहेको छ भने प्रिमियममा खरिद भएको सुरक्षणपत्रको लगानीबाट प्राप्त हुने व्याजमा सुरक्षणपत्रको प्रिमियम रकमलाई समानुपातिक अवधिको आधारमा समायोजन गरी बाँकी रकमलाई आम्दानी जनाउने गरिएको छ । सरकारी सुरक्षणपत्रहरूको व्याज आम्दानीको गणना गर्दा सम्बन्धित सुरक्षणपत्रमा उल्लेखित शर्त र अवस्था (Terms and Conditions) का आधारमा गरिएको छ ।

### २.२.१.३. लाभांश आम्दानी

शेयर लगानीबाट प्राप्त हुने लाभांशलाई नगद प्राप्तिको आधारमा आम्दानी जनाउने नीति लिईएता पनि त्यस्तो लाभांश प्राप्त गर्ने अधिकार प्राप्त भइसकेको छ भने प्रोदभावी (Accrual) आधारमा लेखाङ्कन गरी आम्दानी जनाईएको छ तर शेयर लगानीमा प्राप्त भएको बोनस शेयरलाई आम्दानी जनाईएको छैन ।

### २.२.१.४. मुद्दति निक्षेपको लगानीमा प्राप्त हुने व्याज

मुद्दती निक्षेपको लगानीबाट प्राप्त हुने व्याज आम्दानीलाई प्रोदभावी(Accrual)का आधारमा लेखाङ्कन गरी आम्दानी जनाईएको छ । मुद्दती निक्षेपको व्याज आम्दानीको गणना गर्ने तरिका सम्बन्धी अन्य व्यवस्था सम्बन्धित मुद्दती निक्षेपमा उल्लिखित शर्त र अवस्था (Terms & Conditions)का आधारमा गरिएको छ ।

### २.२.१.५. सञ्चयकर्ताको सापटीबाट प्राप्त हुने व्याज

सञ्चयकर्तालाई प्रदान गरिएको विशेष सापटीबाट प्राप्त हुने व्याज आम्दानीलाई प्रोदभावी (Accrual) आधारमा लेखाङ्कन गरिएको छ । कुनै एक आर्थिक वर्षको व्याज सोही आर्थिक वर्षभित्र असुल नभएमा साँवामा पूँजीकृत गरिएको छ । विशेष सापटी वाहेक सम्पत्तिको धितो जमानतमा प्रदान गरिएका अन्य सापटीहरुको व्याज आम्दानीलाई नगद प्राप्तिका आधारमा लेखाङ्कन गर्ने नीति अनुरुप एक आर्थिक वर्षमा पाकेको तर प्राप्त नभएको व्याज रकमलाई 'व्याज मुल्तबी हिसाब, सञ्चयकर्ता सापटी' मा जम्मा र 'असुल गर्नुपर्ने सञ्चयकर्ता सापटीमा व्याज' शीर्षकमा खर्च लेखी लेखाङ्कन गरिएको छ । सञ्चयकर्तालाई प्रदान गरिएको सापटीको व्याज गणना गर्दा नेपाली क्यालेण्डर अनुसार बैंक दाखिला मितिले दिन गन्तीको आधारमा गणना गरिएको छ ।

### २.२.१.६. बहाल आम्दानी

कोषको व्यापारिक भवन तथा जग्गाको बहाल आम्दानीलाई प्रोदभावी आधारमा लेखाङ्कन गरिएको छ । अग्रिम रूपमा प्राप्त भएको घर बहाललाई अन्य दायित्वमा र प्राप्त हुन बाँकी घर बहाललाई विविध सम्पत्तिको रूपमा लेखाङ्कन गरिएको छ । बहालमा लगाएको सम्पत्तिको बहाल आम्दानीसँग सम्बन्धित पूँजीगत खर्च वाहेकका सञ्चालन खर्चहरूलाई बहाल आम्दानीको सम्बन्धित शीर्षकमा नै समायोजन गरी लेखाङ्कन गरिएको छ ।

### २.२.१.७. आवास परियोजनामा आम्दानी

आवास परियोजनालाई किस्ताबन्दीमा बिक्री गर्दा सोमा प्राप्त हुने व्याजलाई नगद प्राप्तिका आधारमा लेखाङ्कन गरिएको छ । आवास परियोजनाको लागत मूल्य र बिक्री मूल्य बीचको फरक रकमलाई आवास परियोजनामा आम्दानी व्यवस्थामा जम्मा गरिएको छ । बिक्रीलाई किस्ता निर्धारण गरी असूल गर्दा कूल बिक्री मूल्य र किस्ता असूल भएको कूल रकमको आधारमा समानुपातिक तवरबाट गणना गरी आम्दानी जनाईएको छ ।

### २.२.१.८. कर्मचारी सापटीमा व्याज आम्दानी

कोषका कर्मचारीलाई प्रदान गरिएको सापटीबाट प्राप्त व्याजलाई प्रोदभावी (Accrual) आधारमा लेखाङ्कन गरिएको छ । तर बीमा गरिएको सापटीका सन्दर्भमा बीमालेखको अवधि समाप्त भएपछि बीमा कम्पनीबाट प्राप्त हुने बोनस रकमलाई नगद प्राप्तिको आधारमा लेखाङ्कन गरिएको छ ।

### २.२.१.९. विविध आम्दानी

कोषको विविध आम्दानीलाई नगद प्राप्तिको आधारमा लेखाङ्कन गरिएको छ । कोषका विभिन्न बैंकमा रहेकाCall Account बाट प्राप्त भएको व्याजलाई विविध आम्दानी अन्तर्गत छुट्टै लेखाङ्कन गरिएको छ । विगत वर्षसंग सम्बन्धित आम्दानीको समायोजनलाई अलग्गै शीर्षकमा लेखाङ्कन गरिएको छ । त्यसै गरी सम्पत्तिको बिक्रिबाट प्राप्त आम्दानीलाई समेत विविध आम्दानी शीर्षकमा लेखाङ्कन गरिएको छ ।

### २.२.२. खर्चको लेखाङ्कन

### २.२.२.१. कर्मचारी तथा सञ्चालन खर्च

कर्मचारीको तलब, भत्ता लगायतका सुविधाहरू र कार्यालय सञ्चालन सम्बन्धी खर्चहरू प्रोदभावी(Accrual)आधारमा लेखाङ्कन गर्ने गरी आर्थिक वर्षको अन्त्यमाभुक्तानी गर्न बाँकी खर्चको सम्बन्धित शीर्षकमा खर्च जनाई दायित्वको व्यवस्था गरिएको छ ।

कर्मचारीलाई प्रदान गरिने विदा वापतको रकम, औषधि उपचार खर्चहरूको लागि दायित्व यकीन गरी प्रोदभावीआधारमा खर्च लेखाङ्कन गरिएको छ । विगत वर्षसंग सम्बन्धित खर्चको समायोजनलाई अलग्गै शीर्षकमा लेखाङ्कन गरिएको छ ।

कर्मचारीलाई अवकाश पछि प्रदान गरिने सुविधाहरू(Defined Benefits Plan Obligation) मध्ये निवृतिभरण तथा उपदान र जीवन सुरक्षण कोषको दायित्व यकीन गर्न प्रत्येक तीन वर्षमा बीमाङ्कीय मूल्याङ्कन(Acturial Valuation) गर्ने र बीमाङ्कीबाट गणना गरिएको बीमाङ्कीय मूल्याङ्कन प्रतिवेदनको आधारमा कायम हुने दायित्वमा नपुग हुने रकम तीन आर्थिक वर्षभित्रमा समानुपातिक हिसाबलेदायित्व व्यवस्था गर्ने नीति लिईएको छ । कर्मचारी दायित्व अर्न्तगतका सञ्चित विदा वापतको रकम र औषधि उपचार खर्च लगायतका अवकाश पछिका सुविधाहरू(Defined Benefit Plan Obligation) का लागि प्रत्येक आर्थिक वर्षको अन्त्यमा अवकास हुने अनुमानका आधारमा दायित्व मूल्याङ्कन गर्ने नीति लिईएको छ ।

### २.२.२.२ . व्याज खर्च

सबै प्रकारका व्याज खर्चलाई प्रोदभावीआधारमालेखाङ्कन गरिएको छ । सञ्चय कोष रकममा व्याज गणना नेपाली क्यालेन्डर अनुसार बैंक दाखिला मितिले दिन गन्तिको आधारमा गरिएको छ । सञ्चय कोषमा प्रदान गरिने व्याजलाई प्रोदभावीआधारमालेखाङ्कन गरी आर्थिक वर्षको अन्त्यमा सञ्चय कोषमा नै पूँजीकृत गरिएको छ ।

### २.२.३. लगानीको लेखाङ्कन

**क. शेयर तथा डिवेञ्चर** :

सबै प्रकारका शेयर तथा डिवेञ्चरको लगानीहरू लागत मूल्यमा लेखाङ्कन गरिएको छ । शेयर तथा डिवेञ्चरको लागत मूल्य (Cost Price)र बजार मूल्य (Market price)जुन घटी हुन्छ त्यसको आधारमा लेखाङ्कन गरिएको छ ।कोषले दोश्रो बजारबाट वा अन्य कुनै तरिकाबाट एकमुष्ठ शेयर खरिद गरेको अवस्थामा शेयरमा लगानी गरेको मितिभन्दा अघिल्ला आर्थिक वर्षहरुको लाभाशं प्राप्त हुन आएमा त्यस्तो लाभाशंलाई लगानी भएको शेयरको लागत मूल्य (Cost Price )बाट घटाउने नीति लिईएको छ । कोषले शेयर लगानी गरेको कुनै कम्पनीबाट बोनस शेयर प्राप्त भएमा सोको संख्यालाई कुल शेयर संख्यामा समावेस गरी शेयरको औषत लागत मूल्य (CostPrice )निर्धारण गरिएको छ । शेयर तथा डिवेञ्चर आदिको लागत मूल्यमा खरिदसँग सम्बन्धित सबै खर्चहरू समावेश गरिएको छ ।

**ख. सरकारी सुरक्षण पत्रः**

सबै प्रकारका लगानीहरू लागत मूल्यमा लेखाङ्कन गरिएको छ । प्रिमियममा खरिद गरिएका सुरक्षणपत्रको अंकित मूल्य (Face Value)र प्रिमियम रकमलाई ऋण तथा लगानी अन्तर्गतका सम्बन्धित शीर्षकहरुमा अलग अलग लेखाङ्कन गरिएको छ ।

**ग. परियोजना कर्जा :**

परियोजना कर्जाको लेखाङ्कन कोषले चेक जारी गरेको मितिको आधारमा र सोको असूलीको लेखाङ्कन कोषको खातामा रकम जम्मा भएको मितिको आधारमा गरिएको छ ।

### २.२.३.१. नोक्सानी व्यवस्था सम्बन्धी नीति

**क. शेयर तथा डिवेञ्चर** :

शेयर तथा डिवेञ्चरको लागत मूल्य (Cost Price) र बजार मूल्य (Marketprice) जुन घटी हुन्छ त्यसको आधारमा गरिएको छ । शेयर तथा डिवेञ्चरको बजार मूल्य लागत मूल्यभन्दा घटी भएमा सो फरक रकमलाई लगानी नोक्सानी व्यवस्था अन्तर्गत लेखाङ्कन गरिएको छ ।

**ख. परियोजना कर्जा :**

परियोजना कर्जा अन्तर्गत कोषको संस्थागत, सहवित्तीयकरण एवं बैंक जमानत तर्फको लगानी रकममा लगानी नीति,२०७१ को परिच्छेद ५ को ५.५ अनुरुप देहाय बमोजिम कर्जा वर्गीकरण (Loan Classification) र कर्जा नोक्सानी व्यवस्था (Loan Loss Provision)गरिएको छ :

| **वर्गीकरण** | **विवरण** | **नोक्सानी व्यवस्था** (प्रतिशत) |
|---|---|---|
| असल | भाखा ननाघेका र तीन महिनासम्मको अवधिले मात्र भाखा नाघेको | १ |
| कमसल | तीन महिनादेखि छ महिनासम्मको अवधिले भाखा नाघेको | २५ |
| शंकास्पद | छ महिनादेखि एक वर्षसम्मको अवधिले भाखा नाघेको | ५० |
| खराब | एक बर्षभन्दा बढी अवधिले भाखा नाघेको | १०० |

कर्मचारी सञ्चय कोष, लगानी नीति, २०७१ को परिच्छेद ५ को ५.५ को (ख) बमोजिम पुनर्संरचना वा पुनर्तालिकीकरण भएको कर्जाको हकमा १२.५ प्रतिशतका दरले कर्जा नोक्सानी व्यवस्था गरिएको छ ।

आर्थिक वर्ष सकिएको १५ दिन भित्रमा नियमित किस्ता तथा व्याज बुझाएमा त्यस्तो परियोजना कर्जालाई नियमित कर्जा मान्ने नीति लिईएको छ ।

नेपाल सरकारको निर्देश वा जमानतमा प्रवाह भएको कर्जामा समेत १ प्रतिशत कर्जा नोक्सानी व्यवस्था गरिएको छ । कोषले गरेको लगानीको अवलेखन कोषमा प्रचलित परियोजना कर्जा असुली कार्यविधि अनुरुप गरिएको छ । कर्जा वर्गीकरणको आधारमा गर्नु पर्ने कर्जा नोक्सानी व्यवस्थाका अतिरिक्त ऋणी परियोजनाको सञ्चालन अवस्था र आर्थिक स्थिति समेतलाई ध्यानमा राखी थप कर्जा नोक्सानी व्यवस्था गर्न सकिने नीति लिईएको छ ।

**ग. सञ्चयकर्ता सापटी :**

कर्मचारी सञ्चय कोष, लगानी नीति, २०७१ परिच्छेद ५ को ५.६ को (क) अनुरुप सञ्चयकर्ता घर सापटी २०५७, शैक्षिक ऋण २०५८ अन्तर्गत प्रवाह भएको कूल कर्जाको २ प्रतिशत कर्जा नोक्सानी व्यवस्था गरिएको छ।

त्यसै गरी कर्मचारी सञ्चय कोष, लगानी नीति, २०७१ परिच्छेद ५ को ५.६ को (ख) अनुरुप कोषबाट सञ्चयकर्ताहरुलाई धितोमा प्रवाह भएको सरल चक्र कर्जामा देहायनुरुप कर्जा नोक्सानी व्यवस्था गरिएको छ :

| **कर्जा विवरण** | **जोखिम व्यवस्था** |
|---|---|
| व्याज नियमित भएका सम्पूर्ण कर्जा | १ % |
| एक वर्ष अवधिले ब्याज नियमित नभएका कर्जा | २ % |
| दुई वर्ष अवधिले ब्याज नियमित नभएका कर्जा | ३ % |
| तीन वर्ष अवधिले ब्याज नियमित नभएका कर्जा | ५ % |
| चार वर्षभन्दा बढी अवधिले ब्याज नियमित नभएका कर्जा | १० % |

कर्जा तथा सापटी लिई सेवाबाट बिचैमा अवकाश लिएका सञ्चयकर्ताको तोकिएको अवधि भित्र कर्जा तथा सापटी चुक्ता नगरेमा त्यस्तो कर्जा तथा सापटीमा शत प्रतिशतका दरले जोखिम व्यवस्था गरिएको छ।

सञ्चयकर्ताहरुलाई दिईएको विशेष सापटीमा कोषको लगानी नीतिमा व्यवस्था भए अनुरुप कर्जा नोक्सानी व्यवस्था गरिएको छैन तर कोषभन्दा बढी सापटी भएका सञ्चयकर्ताको सापटी रकममा कोषभन्दा बढी सापटी वापत शतप्रतिशत नोक्सानी व्यवस्था गरिएको छ।

सञ्चयकर्ताहरुलाई दिईएको घर सापटी, २०३० अन्तर्गतको बाँकी ऋणमा शतप्रतिशत कर्जा नोक्सानी व्यवस्था गरी प्रत्येक बर्ष भएको असूलीका आधारमा कर्जा नोक्सानी व्यवस्थाबाट फिर्ता ९choत्तभ ध्चबअप० गर्ने नीति लिईएको छ।

### घ. मुद्दति निक्षेपमा लगानी :

कर्मचारी सञ्चय कोष, लगानी नीति, २०७१ परिच्छेद ५ को ५.७ (ग) अनुरुप कोषले बैंकमा राखेको मुद्दति निक्षेपको अवधि समाप्त भई वा अन्य हुनै कारणबाट कोषले फिर्ता भुक्तानी माग गरेको ३ महिना भित्र फिर्ता हुन नसकेमा यस्तो मुद्दति निक्षेप लगानीमा शतप्रतिशत जोखिम व्यवस्था गरिएको छ।

## २.२.४. जिन्सी सामानको लेखाङ्कन

जिन्सी सामानको लेखाङ्कन गर्दा ती वस्तुहरूको लेखाङ्कन लागत मूल्य (Actual Cost)को आधारमा गरिएको छ। कोषले खरिद गर्ने सबै प्रकारका स्टेशनरी तथा मसलन्द सामानहरू सोझै नाफा नोक्सान हिसाबमा खर्च नलेखी खरिद गर्दाको बखत "स्टेशनरी मौज्दात" शीर्षकमा आम्दानी बाँधी त्यस्ता सामानहरू भण्डारबाट जारी भएका आधारमा खर्च जनाउँदै जाने नीति लिईएको छ। प्रत्येक आर्थिक वर्षको अन्त्यमा कोषले खरिद गरी बाँकी रहन आएका "स्टेशनरी मौज्दात" शीर्षकमा रहेका मौज्दातको अवस्था समेत खुलाई प्रमाणित गरी राखिएको छ। भण्डारबाट सामानहरु जारी गर्दा First in First out (FIFO)का आधारमा मूल्याङ्कन गरिएको छ। कोषले खरिद गर्ने पुस्तकहरूलाई पूँजीकृत गरिएको छैन।

## २.२.५. स्थिर सम्पत्तिको लेखाङ्कन

### क. स्थिर सम्पत्तिको पूँजीकरण :

स्थिर सम्पत्तिको लेखाङ्कन लागत मूल्य (Actual Cost)को आधारमा गरिएको छ। स्थिर सम्पत्ति खरिद वा प्राप्त गरी सञ्चालन अवस्थामा ल्याउनेसम्म लागेको सम्पूर्ण खर्चहरू समेतलाई सम्बन्धित सम्पत्तिमा पूँजीकृत गर्ने नीति लिईएको छ। हरेक वर्ष स्थिर सम्पत्तिको मुल्याङ्कन ऐतिहासिक लागत (Historical Cost)को आधारमा गरिएको छ। कार्यालय तथा व्यापारिक प्रयोजनले निर्माण गरिएका भवनहरूको निर्माणाधीन अवस्थामा हुने खर्च निर्माणाधिन सम्पत्ति शीर्षक अन्तर्गत लेखाङ्कन गरिएको छ। रू.३०००/- (तीनहजार) वा सो भन्दा कम का खप्ने प्रकृतिका सामानहरु (Durable Items) लाई पूँजीकृत गरिएको छैन। स्थिर सम्पत्तिको बिक्री वा अपलेखनबाट नोक्सान भएमा अपलेखन खर्च शीर्षकमा र फाईदा भएमा विविध आम्दानी शीर्षकमा लेखाङ्कन गरिएको छ।

**ख. स्थिर सम्पत्तिको ह्रासकट्टी :** आय आर्जन वा कार्यालय प्रयोजनका लागि प्रयोग हुने सबै प्रकारका स्थिर सम्पत्तिको ह्रासकट्टी वार्षिक रूपमा घट्दो प्रणाली (Written Down Value)को आधारमा उपलव्ध सम्पतिको आयुको गणना गरी निम्न दरमा ह्रासकट्टी गरिएको छ :

| सिं.नं. | स्थिर सम्पत्तिको किसिम | वार्षिक ह्रासकट्टी दर (प्रतिशत) |
|---|---|---|
| १. | भवन | ५ |
| २. | फर्निचर | २० |
| ३. | कार्यालय सामान | २० |
| ४. | कम्प्युटर उपकरण | २५ |
| ५. | सवारी साधन | २० |

कम्प्यूटर सफ्टवेयर लगायतका अन्य अदृष्य सम्पत्तीहरु (Intangible assets) को प्रयोगमा आएको मितिले ५ बर्ष भित्र मूल्य अपलेखन हुने गरी दामासाहीले हुन आउने रकम प्रत्येक वर्ष खर्च लेखाङ्कन गर्ने नीति लिईएको छ। चालु वर्षमा खरिद गरिएका स्थिर सम्पत्तिहरूको हकमा खरिद भएको भन्दा पछिल्लो महिनादेखि दामासाही रुपमा ह्रासकट्टी गरिएको छ।

कोषले सकार गरी लिएका सम्पत्तिहरू कोषको कार्यालय प्रयोजन वा व्यावसायिक प्रयोजनका लागि प्रयोग नभएसम्म तथा निर्माणाधिन अवस्थामा रहेका निर्माणाधिन सम्पत्तिको ह्रासकट्टी गरिएको छैन। जग्गा तथा जग्गा विकासमा भएको खर्चको ह्रासकट्टी गरिएको छैन । किताबी मूल्य (Book value) रु.३,०००/- भन्दा कम बाँकी भएका स्थिर सम्पत्तिहरूको ह्रासकट्टी नगर्ने नीति लिईएको छ।

### २.२.६. स्थीर सम्पति लगानीको लेखाङ्कन

कोषले आय आर्जन गर्नका लागि प्रयोग गरेको स्थीर सम्पतिलाई स्थीर सम्पति लगानी (Investment Property) मा लेखाङ्कन गर्ने नीति लिईएको छ । साथै, यस्तो स्थीर सम्पतिको केही भाग कोषले समेत प्रयोग गरेको अवस्थामा सो प्रयोगको आधारमा समानुपातिक रुपमा लेखाकंन गरिएको छ।

### २.२.७. जगेडा कोषको लेखाङ्कन

जगेडा कोषबाट हुने सबै प्रकारका खर्चलाई नगद भुक्तानी (CashBasis) को आधारमा लेखाङ्कन गरिएको छ। यस्ता खर्चहरु सम्बन्धित कोषमा नै खर्च लेखाङ्कन गर्ने गरिएको छ।

### २.२.८. सञ्चय कोषको लेखाङ्कन

सञ्चय कोषको लेखाङ्कन सञ्चय कोष दाखिला भएको बैंक मितिका आधारमा गरिएको छ। सञ्चय कोष रकम भुक्तानी प्रदान गर्दा भुक्तानी हुनुभन्दा १(एक) दिन अगाडिसम्मको व्याज नेपाली क्यालेण्डर अनुसार दिन गन्तिको आधारमा प्रदान गरिएको छ।

### २.२.९. बेचालु सञ्चय कोषको लेखाङ्कन

यस आर्थिक वर्ष देखिसञ्चयकर्ताको कर्मचारी सञ्चय कोषमा सञ्चित रकम फिर्ता पाउन सक्ने अवस्था भएको शुरु मितिले छ वर्षसम्म फिर्ता लिन नआएका सञ्चयकर्ताको सञ्चित रकमकर्मचारी संचय कोष ऐन, २०१९ (संशोधन सहित) को दफा १५क को उपदफा (३क) बमोजिम छुट्टै खातामा जम्मा गरी लेखाङ्कन गर्ने नीति लिईएको छ।

### २.२.१०. आयकर

आयकर ऐन, २०५८ को दफा ६४ (२) मा "स्वीकृत अवकाश कोषको आयमा आयकर लाग्ने छैन" भन्ने व्यवस्था भएबाट कोषको आयमा आयकर नलाग्ने हुँदा आयकरको निमित्त कुनै व्यवस्था गरिएको छैन।

### २.२.११. अङ्कहरुको समायोजन

वासलात, आय विवरण, नगद प्रवाह विवरण र सम्बन्धित अनुसूचीहरुमा अङ्कहरु निकटतम रुपैयाँमा देखाईएको छ।

## ३. लेखा टिप्पणीहरु

### ३.१.जगेडा कोष

"कोषको जगेडा कोष, निवृत्तिभरण कोष, कल्याणकारी कोष र अन्य कोषहरु नियमावली, २०६२" अनुरुप देहाय अनुसार सम्बन्धित कोषमा खर्च लेखाङ्कन गरिएको छ :

***क. साधारण जगेडा कोष :***

| विवरण | यस वर्ष | गत वर्ष |
|---|---|---|
| शुरु मौज्दात | १,०२,२८,८०,४३१/- | ९५,४६,५९,१८५/- |
| खर्च | - | - |
| थप | ८,५२,१२,५२८/- | ६,८२,२१,२४६/- |
| अन्तिम मौज्दात | **१,१०,८०,९२,९५९/-** | **१,०२,२८,८०,४३१/-** |

***ख. सञ्चयकर्ता कल्याणकारी कोष :***

| विवरण | यस वर्ष | गत वर्ष |
|---|---|---|
| शुरु मौज्दात | १,२४,१२,७२,१५८/- | १०,०५,६२,२८३/- |
| खर्च | ८५,९०,२८५/- | ३,७२,५०,१२५/- |
| थप | ३४,०२,००००० /- | २७,२९,००,०००/- |
| अन्तिम मौज्दात | **१,५७,२८,८१,८७३/-** | **१,२४,१२,७२,१५८/-** |

सञ्चयकर्ता कल्याणकारी कोष अन्तर्गत काजकृया खर्च रु.२,१६,९०,०००/- एवं दुर्घटना क्षतिपूर्ति खर्च रु.१,१९,१५,०००/- र सञ्चयकर्ता औषधोपचार खर्चरु.७,७४,७३३/९९ रहेकोछ र कोषको नीति अनुरुप कोष तथा विशेष सापटी खातामा रहने स-साना रु. ५००/- सम्मका जम्मा रु. २,५८,०६,२७७/७८ रकमान्तर गरी जम्मा भएको छ। यसरी यस कोषमा खुद खर्च रु. ८५,९०,२८५/- भएको छ।

***ग. कर्मचारी कल्याणकारी कोष :***

| विवरण | यस वर्ष | गत वर्ष |
|---|---|---|
| शुरु मौज्दात | १५,७४,३७,४८६/- | १४,७६,७२,८४९/- |
| खर्च | ५,७०,३६,३७८/- | ५,८४,३५,३६३/- |
| थप | ६,७५,००,०००/- | ६,८२,००,०००/- |
| अन्तिम मौज्दात | **१६,७९,०१,१०८/-** | **१५,७४,३७,४८६/-** |

***घ. मुनाफा बाँडफाँड कोष :***

| विवरण | यस वर्ष | गत वर्ष |
|---|---|---|
| शुरु मौज्दात | १,०५,६४,०८,०४२/- | ८६,३३,८१,५५९/- |
| खर्च | ९१,०७,९७,६८५/- | ७६,१९,७३,५१७/- |
| थप | १,२०,८४,००,०००/- | ९५,५०,००,०००/- |
| अन्तिम मौज्दात | **१,३५,४०,१०,३५७/-** | **१,०५,६४,०८,०४२/-** |

### ३.२. व्याज मुल्तबी हिसाव

परियोजना कर्जा तथा विशेष सापटी बाहेकका सञ्चयकर्ता सापटीहरुको व्याज आम्दानी नगद प्राप्तिका आधारमा लेखाङ्कन गर्ने नीति अनुरुप आर्थिक वर्षभित्र प्राप्त हुनु पर्ने तर नभएको व्याजलाई 'व्याज मुल्तबी हिसाब' मा जम्मा र 'असुल गर्नु पर्ने व्याज' शीर्षकमा खर्च लेखी लेखाङ्कन गरिएको छ। यसरी आर्थिक बर्ष २०७०/७१ मा 'व्याज मुल्तबी हिसाबमा' रहेको देहाय अनुरुपको रकमलाई विविध सम्पत्ति अन्तर्गतको "असुल गर्न बाँकी व्याज" रकमबाट न्यून गरी देखाईएको छ :

| विवरण | यस वर्षको (रु.) | गत वर्षको (रु.) |
|---|---|---|

| | | |
|---|---|---|
| परियोजना कर्जा | ५३,४६,६०,७९१/- | ७६,६०,७६,८२८÷- |
| सञ्चयकर्ता सापटी | १,२७,५९,६७,३३५/- | १,००,२,२,३९,५४७÷- |
| **जम्मा** | **१,८१,०६,२८,१२६/-** | **१,७६,८३,१६,३७५÷-** |

सञ्चयकर्ता सापटीमा रहेकोव्याज मुल्तबी हिसाबमध्ये घर सापटीमा रु.१,२०,१४,९१,७१२/- एवं शैक्षिक सापटीमा रु. ५,०४,७३,४४०/- तथा सरलचक्र कर्जामा २,४०,०२,१८३/- रहेको छ।

## ३.३. व्याज खर्च तथा व्याज आम्दानी

गत आ.व. २०६९/७० मा सञ्चयकर्ताको कोष रकममा ७.५० प्रतिशत व्याज प्रदान गरिएकोमा यस आर्थिक वर्ष २०७०/७१ मा ८.०० प्रतिशतका दरले ब्याज प्रदान गरिएको छ। सञ्चय कोष र अन्य शीर्षकहरुमा प्रदान गरिएको व्याज खर्चहरुको विवरण देहाय अनुरुप रहेको छ :

| विवरण | यस वर्षको (रु.) | गत वर्षको (रु.) |
|---|---|---|
| सञ्चय कोषमा व्याज खर्च | ११,४८,३१,०६,१०५/- | ९,४१,९८,६७,०३१/- |
| अन्य कोषहरुमा व्याज खर्च | ३,६२,१०,५९९/- | २,९४,४५,२७२/- |
| **जम्मा** | **११,५१,९३,१६,७०४/-** | **९,४४,९३,१२,३०३/-** |

आर्थिक वर्ष २०७०/७१ मा सञ्चयकर्ता सापटीहरुमा देहायका दरले व्याज आम्दानी गणना गरिएको छ :

| सापटी शीर्षक | व्याज दर (प्रतिशत) | |
|---|---|---|
| | यस वर्षको | गत वर्षको |
| *विशेष सापटी - २०५७* | ९.५० | ९.०० |
| *घर सापटी- २०५७ :* साँवा व्याज नियमित भएमा | ९.७५ | ९.५० |
| नियमित साँवा व्याज चुक्ता नगरेमा | १०.७५ | १०.५० |
| *शैक्षिक ऋण- २०५८ :* साँवा व्याज नियमित भएमा | ९.७५ | ९.५० |
| नियमित साँवा व्याज चुक्ता नगरेमा | १०.७५ | १०.५० |
| *सरल चक्र कर्जा - २०६८ :* साँवा व्याज नियमित भएमा | ११.०० | ११.०० |
| नियमित साँवा व्याज चुक्ता नगरेमा | १२.०० | १२.०० |
| *पुरानो घर सापटी* | ९.५० | ९.५० |

## ३.४. आवास योजना आम्दानी व्यवस्था

पोखरा आवास योजना अन्तर्गत साँवा असूलीको आधारमा आम्दानी गर्न बाँकी रु.५४,७८३/६५ लाई यस वर्ष "आवास योजनामा आम्दानी व्यवस्था" अन्तर्गत देखाईएको छ। पोखरा आवास योजनाको सम्पूर्ण साँवा र व्याज यस आर्थिक वर्षमा चुक्ता भएको छ।

## ३.५.कर्मचारी दायित्व व्यवस्था

कर्मचारीलाई प्रदान गरिने सञ्चित बिदा वापतको रकम, उपदान, निवृत्तिभरण, औषधि उपचार, जीवन सुरक्षण कोष सुविधा लगायतका अवकाश पछिका सुविधाहरूको लागि दायित्व गणना गरी प्रोद्‌भावीआधारमा खर्च लेखाङ्कन गर्ने नीति अनुरुप आर्थिक वर्ष २०७०/७१ को नाफा नोक्सान हिसावमा खर्च लेखी देहायको आधारमा देहाय बमोजिम थप दायित्व व्यवस्था गरिएको छ :

***३.५.१*** *बीमाङ्कीय मूल्याङ्कन (Acturial Valuation)गरिएको कर्मचारी दायित्व व्यवस्था*

*क. निबृत्तीभरण तथा उपदान व्यवस्था :*

कर्मचारीलाई अवकाश पछि प्रदान गरिने यस निवृत्तीभरण तथा उपदान सुविधाका लागि आर्थिक वर्ष २०६८/६९ मा शुरु गरिएको बीमाङ्कीय मूल्याङ्कन (Acturial Valuation) प्रतिवेदन आर्थिक वर्ष २०७०/७१ मा प्राप्त भएकाले प्रतिवेदनले सुझाव गरेको कुल दायित्व रु.७५,५७,७५,९५९/- मध्ये आर्थिक वर्षको शुरु मौज्दात कट्टी गर्दा नपुग हुन आउने रकमको दुई तिहाई रकम रु.१३,४८,५५,२०४/- आर्थिक वर्ष २०७०/७१ मा लेखाङ्कन गरिएको छ। बाँकी एक तिहाई रु.६,७४,२७,६०२/- आर्थिक वर्ष २०७१/७२ मा दायित्व व्यवस्थामा लेखाङ्कन गरिने छ। सोको विवरण देहाय अनुरुप छ :

| विवरण | यस वर्ष | | | गत वर्ष |
|---|---|---|---|---|
| | निवृत्तिभरण व्यवस्था | उपदान व्यवस्था | जम्मा | |
| बीमाङ्कीय मूल्याङ्कन अनुरुप दायित्व व्यवस्था गर्नुपर्ने रकम | - | - | ७५५,७७५,९५९ | - |
| आर्थिक वर्षको शुरुको मौज्दात | ५०५,६८९,५२४ | ४७,८०३,६२९ | ५५३,४९३,१५३ | ४९९,५४९,१२१ |
| थप व्यवस्था गर्नुपर्ने रकम | - | - | २०२,२८२,८०६ | - |
| यस आर्थि वर्षको खर्च रकम | ८०,९२०,१६९ | ९०,८५९ | ८१,०११,०२८ | ८७,४७८,८३१ |
| नीति अनुरुप व्यवस्था गर्नु पर्ने रकम | - | - | १३४,८५५,२०४ | १४१,४२२,८६३ |
| यस आर्थिक वर्षको अन्तिम मौज्दात | ४२४,७६९,३५५ | ४७,७१२,७७० | ६०७,३३७,३२९ | ५५३,४९३,१५३ |

### *ख.जीवन सुरक्षण कोष :*

कर्मचारीलाई अवकाश पछि प्रदान गरिने यस जीवन सुरक्षण कोषको सुविधाका लागि आर्थिक वर्ष २०६८/६९ मा शुरु गरिएको बीमाङ्कीय मूल्याङ्कन (Acturial Valuation) प्रतिवेदन आर्थिक वर्ष २०७०/७१ मा प्राप्त भएकाले प्रतिवेदनले सुझाव गरेको कुल दायित्वरु.४०,०६,६२,३८९/- मध्ये आर्थिक वर्षको शुरु मौज्दात कट्टी गर्दा नपुग हुन आउने रकमको दुई तिहाई रकम रु. १७,४७,७५,५५५/- आर्थिक वर्ष २०७०/७१ मा लेखाङ्कन गरिएको छ। बाँकी एक तिहाई रु.८,७३,८७,७७७/- आर्थिक वर्ष २०७१/७२ मा दायित्व व्यवस्थामा लेखाङ्कन गरिने छ। सोको विवरण देहाय अनुरुप छ :

| विवरण | यस वर्ष | गत वर्ष |
|---|---|---|
| बीमाङ्कीय मूल्याङ्कन अनुरुप दायित्व व्यवस्था गर्नुपर्ने रकम | ४००,६६२,३८९ | - |
| आर्थिक वर्षको शुरुको मौज्दात | १३८,४९९,०५७ | १००,२१४,५६८ |
| थप व्यवस्था गर्नुपर्ने रकम | २६२,१६३,३३२ | - |
| यस आर्थि वर्षको खर्च रकम | १९,९६५,३८६ | २३,४१५,५११ |
| नीति/निर्णय अनुरुप व्यवस्था गर्नु पर्ने रकम | १७४,७७५,५५५ | ६१,७००,००० |
| यस आर्थिक वर्षको अन्तिम मौज्दात | २९३,३०९,२२६ | १३८,४९९,०५७ |

### ***३.५.२*** *आर्थिक वर्षको अन्त्यमा अवकास हुने अनुमानका आधारमा गरिएको कर्मचारी दायित्व व्यवस्था*

### *क. सञ्चित विदाको तलब व्यवस्था :*

आर्थिक वर्ष २०७०/७१ को अन्त्यमा कोषमा कार्यरत सम्पूर्ण कर्मचारीहरुको सञ्चित घर विदा र विरामी विदाको आधारमा कर्मचारीहरुले खाईपाई आएको तलव भत्ताका दरले वितरण गर्न नपुग हुने रु.८,८६,३०,३०३/-व्यवस्था गरिएको छ भने यस शीर्षकबाट रु.२,००,२४,३०३/- खर्च गरिएको छ।

| विवरण | यस वर्ष | गत वर्ष |
|---|---|---|
| शुरु मौज्दात | १५,०५,२९,०७५/- | १४,२३,६१,११०/- |
| खर्च | २,००,२४,०३३/- | २७,५३,३७५/- |
| थप | ८,८६,३०,३०३/- | १,०९,२१,४४०/- |

| | | |
|---|---|---|
| अन्तिम मौज्दात | **२१,९१,३५,४४५/-** | **१५,०५,२९,१७५/-** |

***ख. औषधोपचार व्यवस्था :***

आर्थिक वर्ष २०७०/७१ को अन्त्यमा कोषमा कार्यरत सम्पूर्ण कर्मचारीहरुलाई प्रति कर्मचारी रु.१,५०,०००/- का दरले र नियमानुसार प्रत्येक वर्ष वितरण गर्न नपुग हुने रकम रु.३,१३,५१,४४५/- व्यवस्था गरिएको छ । यस शीर्षकबाट कुल रकम रु.२,६४,१०,३८३/- खर्च गरी देहाय अनुरुप जम्मा रु.८,४५,४३,८०७/- मौज्दात रहन गएको छ ।

| विवरण | यस वर्ष | गत वर्ष |
|---|---|---|
| शुरु मौज्दात | ७,९६,०२,७४५/- | ७,५४,८३,९४२/- |
| खर्च | २,६४,१०,३८३/- | ६४,६२,१९७/- |
| थप | ३,१३,५१,४४५/- | १,०५,८१,०००/- |
| अन्तिम मौज्दात | **८,४५,४३,८०७/-** | **७,९६,०२,७४५/-** |

## ३.६. कर्जा तथा लगानीमा नोक्सानी व्यवस्था

लगानी नीति, २०७१अनुरुप आर्थिक वर्ष २०७०/७१ मा संस्थागत कर्जा, सहवित्तीयकरण कर्जा र सञ्चयकर्ता कर्जा तर्फको कुल लगानीको आधारमा र र अन्य सम्पत्तिको व्यवस्था तर्फ समेत गरी जोखिम व्यवस्थामा रु.४०,३६,०८,०१६/- थप नोक्सानी व्यवस्था गरिएको छ भने विगत वर्षहरुमा शेयर लगानी, मुद्दति निक्षेप लगानी, सहवित्तीयकरण कर्जा र सञ्चयकर्ता कर्जामा गरिएको नोक्सानी व्यवस्थावाट रु.१५,४६,१६,५२२/- फिर्ता गरी खुद रु. २४,८९,९१,४९४/- थप कर्जा नोक्सानी व्यवस्था गरिएको छ ।

कोषले साविकमा शत प्रतिशत कर्जा नोक्सानी व्यवस्था गरेको नेपाल विकास वैंकको शेयर लगानी वापतको नोक्सानी व्यवस्था रु. ८० लाख यथावत रहेको छ ।

### ३.६.१. थप नोक्सानी व्यवस्था :

क. ***परियोजना नोक्सानी व्यवस्था :***
कोषले आर्थिक वर्ष २०७०/७१ मा परियोजना कर्जा अन्तर्गत कोषको लगानी नीति अनुरुप रु.१२,३६,४२,४०१/७१थप कर्जा नोक्सानी व्यवस्था गरेको छ । नेपाल सरकारको जमानतमा नेपाल आयल निगम र नेपाल वायु सेवा निगममा प्रदान गरिएको ऋणमा कुल प्रवाह भएको कर्जाको १ प्रतिशत र माथिल्लो तामाकोशी र चिलिमे जलविद्युत परियोजनाद्वारा प्रबर्द्धित आयोजनामा गएको कर्जामा समेत कुल प्रवाह भएको कर्जाको १ प्रतिशत नोक्सानी व्यवस्था गरिएको छ ।

विगतमा लगानी गरिएको एक होटलको सम्पत्ती सहवित्तियकरणको निर्णयानुसार लिलाम विक्रिमा गएकाले असुल हुन नसकेको बाँकी रकम रु.८७,४२,३७१/१९ खराव कर्जामा कोषको दावि शीर्षकमा रकमान्तर गरी ऋण तथा लगानीमा देखाईएको छ ।

***ख. सञ्चयकर्ता सापटीमा नोक्सानी व्यवस्था :***
सामाजिक सुरक्षाको अवधारणा अनुरुप घर सापटी र शैक्षिक सापटीको व्यवस्था भएता पनि कोषले आर्थिक वर्ष २०७०/७१ मा कोषको लगानी नीति अनुरुप सञ्चयकर्ता सापटीमा तोकिएको नीति अनुरुप गरिएको थप जोखिम व्यवस्था रु.१ करोड ६२ लाख र सञ्चयकर्ता अवकास भई एक वर्षभित्र सापटी रकम चुक्ता नगरेका सञ्चयकर्ताहरुको घर सापटी र सरल चक्रकर्जा वापत जोखिम न्यूनिकरण गर्न क्रमशः करीव रु. २१ करोड ६४ लाख र रु. १ करोड २४ लाख समेत गरी जम्मा रु.२४ करोड ४९ लाख १६ हजार ८ सय ५७ थप नोक्सानी व्यवस्था गरिएको छ । नोक्सानी व्यवस्था थप भएका शीर्षक निम्न छन् ।

| विवरण | थपव्यवस्था (रु.) | कुल व्यवस्था (रु.) | |
|---|---|---|---|
| | यस वर्ष | यस वर्ष | गत वर्ष |
| घर सापटी | 23,22,83,838÷” | 51,85,52,371÷” | 28,62,68,533÷” |
| सरलचक्र कर्जा | 1,24,98,777÷” | 2,26,51,534÷” | 1,01,52,757÷” |
| विशेष सापटी | 1,34,242÷” | 43,03,109÷” | 41,68,867÷” |

***ग. अन्य सम्पत्तिमा नोक्सानी व्यवस्था :***

कोषले आर्थिक वर्ष २०७०/७१ मा सुन्धारास्थित कर्मचारी सञ्चयकोष भवन काठमाण्डौ मलको घर बहाल आम्दानीलाई कोषको लेखानीतिअनुरुप प्रोद्भाबी आधारमा आम्दानी लेखाङ्कन गरी बैंक ग्यारेण्टी रकम भन्दा वढी हुन गएको भाडा रु.३,५०,४८,७५६/६६ लाई शंकास्पद मानी नोक्सानी व्यवस्था गरिएको छ।

**३.६.२.नोक्सानी व्यवस्थाबाट फिर्ता**

***क. लगानीनोक्सानी व्यवस्थाबाट फिर्ता :***

कोषले नेपाल विकास वैंकको मुद्दती निक्षेप लगानीमा विगत वर्षमागरिएको नोक्सानी व्यवस्था मध्ये यस आर्थिक वर्षमा रु.३,५७,७०,६५६/७५ फिर्ता गरिएको छ।

विगत वर्षमा नोक्सानी व्यवस्था गरिएको मनकामना विकास बैंक, एनडिईपी विकास बैंक र एनआईडिसी क्यापिटल मार्केटको कूल रु.३,३५,४३,०१४/३२ लाई यस वर्ष आम्दानी जनाईएको छ।

| संस्थाको नाम | शेयरसंख्या | लागत मूल्य रु. | बजार मूल्य रु. | यस वर्ष सम्मको नोक्सानी व्यवस्था रकम रु. | गत वर्ष सम्मको व्यवस्था रकम रु. |
|---|---|---|---|---|---|
| मनकामना वकास बैंक | २,४०,००० | २,४०,००,०००/- | ४,२९,६०,०००/- | - | ५२,८०,०००/- |
| एनडिईपी डे.बैंक | ८,७३,६७६ | ७,२०,००,०००/- | १५,३७,६६,९७६/- | - | ५६,००,६२४/- |
| एनआईडिसी क्या.मा. | ६,६९,७१५ | ८,८६,१८,६८२/३२ | १३,४६,१२,७१५/- | - | २,२६,६२,३९०/३२ |
| जम्मा | | | | | **३,३५,४३,०१४/३२** |

***ख. परियोजना नोक्सानी व्यवस्थाबाट फिर्ता :***

कर्जा नोक्सानी व्यवस्था गरिएका एक परियोजनाको कर्जा चुक्ता भएको छ भने अन्य आठ वटा परियोजनाहरुबाट ऋण रकम घट्न गई कुल रु.८,३१,३८,८२९/०३ नोक्सानी व्यवस्था फिर्ता(Write Back)भएको छ।

***ग. सञ्चयकर्ता सापटीमा नोक्सानी व्यवस्था :***

सञ्चयकर्ता सापटीबाट विगतमा गरिएको नोक्सानी व्यवस्थाबाट यस वर्ष करिव रु.२१ लाख ६४हजार २२ फिर्ता भएको छ । नोक्सानी व्यवस्था फिर्ता भएका शीर्षक निम्न छन्।

| विवरण | फिर्ता रकम (रु.) | कुल व्यवस्था (रु.) | |
|---|---|---|---|
| | यस वर्ष | यस वर्ष | गत वर्ष |
| शैक्षिक ऋणमा रिभर्स | -14,10,484÷”_ | 1,23,53,641÷” | 1,37,64,125÷” |
| घर सापटी (पुरानो) मा रिभर्स | - | 95,61,141 | 1,03,14,679 |

| | | | |
|---|---|---|---|
| | 7,53, 538÷ ” _ | ÷” | ÷” |

### ३.७. स्थिर सम्पत्तिलगानी

आर्थिक वर्ष २०७०/७१ को अन्त्य सम्ममा स्थिर सम्पत्ति अन्तर्गत “भवन हिसाव” शीर्षकमा लागत मोलमा लेखाङ्कन गरिएको रु.८७,७२,५४,४९७/- मध्ये रु.८,०५,१०,२४३/- लाई स्थिर सम्पत्ति अन्तर्गत “भवन हिसाव” मा र रु.७९,६७,४४,२५४/- लाई ऋण तथा लगानी अन्तर्गत “स्थिर सम्पत्तिमा लगानी” शीर्षकमा देखाईएको छ । यसैगरी “सञ्चित ह्रासकोष” अन्तर्गतको रकमलाई दामासाहीले विभाजन गरी खुद बाँकी रकम निर्धारण गरिएको छ ।

आर्थिक वर्ष २०७०/७१ को अन्त्य सम्ममा स्थिर सम्पत्ति अन्तर्गत “जग्गा हिसाव” शीर्षकमा लागत मोलमा लेखाङ्कन गरिएको रु.३७,१८,६१,८५६/- मध्ये रु.१९,९३,५७,४६२/- लाई स्थिर सम्पत्ति अन्तर्गत “जग्गा हिसाव” मा र रु.१७,२५,०४,३९४/- लाई ऋण तथा लगानी अन्तर्गत “स्थिर सम्पत्तिलगानी” शीर्षकमा देखाईएको छ ।

### ३.८. निर्माणाधिन सम्पत्ति

कोषले व्यापारिक प्रयोजनका लागि निर्माण गरेको लगनखेल स्थित भवन मिति २०७०/०४/०१ मा ठेकेदारबाट कोषलाई हस्तान्तरण भई सोही मितिबाट निर्माणाधिन सम्पतिबाट रकमान्तर गरी स्थिर सम्पत्तिमा लगानी (भवन) शीर्षकमा लेखाङ्कन गरिएको छ ।

### ३.९ परियोजना कर्जाको लागि ऋण सम्झौतामा जनाएको प्रतिबद्धता

निर्माणाधीन माथिल्लो तामाकोशी जलविद्युत परियोजनाका लागि आगामी ५ वर्षभित्र कोषले रु.१० अर्ब लगानी गर्ने प्रतिबद्धता जनाए अनुरुप २०७१ असार मसान्तसम्म पूँजीकृत सहितरु.५ अर्ब ७८ करोड ७६ हजार र चिलिमे जलविद्युत कम्पनीद्वारा प्रबर्द्धित विभिन्न ४ वटा जलविद्युत आयोजनाहरुमा रु.१६ अर्ब ५० करोडको ऋण सम्झौता भए अनुरुप पूँजीकृत व्याज सहित रु. १ अर्ब ३० करोड ३७ लाख ५४ हजार कर्जा प्रवाह गरिएको छ । यसरी उपरोक्त परियोजनाहरुमा कोषले गरेको सम्झौता अनुरुप करिव रु.१९ अर्व ४१ करोड ६२ लाखको कर्जा प्रवाह गर्ने प्रतिवद्धता रहेको छ ।

### ३.१०सरकारी ऋणपत्रको प्रिमियम खर्च

कोषले आर्थिक वर्ष २०७०/७१ सम्ममा प्रिमियममा खरिद गरेको सरकारी सुरक्षणपत्रहरुको जम्मा प्रिमियम रु.२८,३२,६७,६५७/१० मध्ये त्यस्तो सुरक्षणपत्रका अवधिको आधारमा समानुपातिक रुपमा हुन आएको रु.९,४६,९९,९३४/३८ लाई सरकारी सुरक्षणपत्रहरुको आम्दानीबाट घटाई बाँकी रहेको रु.१८,८५,६७,७२२/७२ लाई ऋण तथा लगानी अन्तर्गत “सुरक्षणपत्रमा प्रिमियम खर्च” शीर्षकमा देखाईएको छ ।

### ३.११ सम्पत्ति (जग्गा) विक्रीबाट आम्दानी

कोषको स्वामित्वमा रहेको ललितपुर उपमहानगरपालिका वडा नं.३ मा रहेको जग्गा नेपाल सरकारको सहमतिमा पुनरावेदन अदालत ललितपुरलाई विक्रि गरी प्राप्त रकममध्ये लागत मूल्य कटाई बाँकी रकम रु.६,८८,९७,२८८/२५ लाई विविध आम्दानी शीर्षकमा आम्दानी जनाईएको छ ।

### ३.१२ बेचालु सञ्चय कोष

सञ्चयकर्ताको कर्मचारी सञ्चय कोषमा सञ्चित रकम फिर्ता पाउन सक्ने अवस्था भएको शुरु मितिले ६ वर्षसम्म फिर्ता लिन नआएका सञ्चयकर्ताको सञ्चित रकमयस आर्थिक वर्ष देखि छुट्टै व्यवस्थापन गर्ने व्यवस्था गरिएको छ ।

| शाखा | निजामती | प्रहरी | जंगी | शिक्षा | संस्थान | जम्मा |
|---|---|---|---|---|---|---|
| यस वर्ष | १,०३,८६,३८,५७८ | १,०४,२९,३८,४५० | ४२,७१,७५,५७७ | ३०,८३,९४,०८६ | ४३,९२,१७,३११ | ३,२५,६३,६४,००१ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| गत वर्ष | ९४,८७,९७,९४९ | ९५,७९,१८,२८१ | ३९,०५,६७,४९७ | २८,०८,९६,९६० | ४०,०१,५४,८३७ | २,९७,८३,३८,५२४ |

### ३.१३ विगत वर्षको आम्दानी /खर्च

विगत बर्षहरुसंग सम्बन्धीत कारोवारबाट भएको आम्दानी रु.१,०९,९८,३२४/०६ लाई "विगत वर्षको आम्दानी" शीर्षकमा र खर्च रु ७५,१६,८९५/६५ लाई "विगत वर्षको खर्च" शीर्षकमा छुट्टा छुट्टै लेखाङ्कन गरी खुद रकम रु.३४,८१,४२८/- लाई यस अर्थिक बर्षको आय विवरणको विगत बर्षको आम्दानी (खर्च) शिर्षकमा प्रस्तुत गरिएको छ ।

### ३.१४सञ्चयकर्ता कोष/सापटी समायोजन

विगत लामो समयदेखि दावि वा भुक्तानी हुन नसकेका सञ्चयकर्ताहरुको कोष कट्टी तथा विशेष सापटी खातामा मौज्दात रहेको रु.५००/- भन्दा बढी र रु.२,०००/- सम्मको रकमलाई सप्रमाण माग दावी गरेका बखत भुक्तानी गर्ने गरी "सञ्चयकर्ता कोष/सापटी समायोजन" खातामा छुट्टै राखी व्यवस्थापन गर्ने नीति लिईए अनुरुप आर्थिक वर्ष २०७०/७१ को अन्त्य सम्ममा यस शीर्षकमा रु.१६,६१,९२,८५२/- मौज्दात रहेको छ ।

### ३.१५ वैंक मौज्दात

कोषको विभिन्न वाणिज्य वैंकहरुमा रहेका केही शाखागत खाताहरुमा वैंक मौज्दात ऋणात्मक देखिएता पनि सम्वन्धित वैंकगत खातामा भने धनात्मक मौज्दात नै देखिएको र सोही अनुरुप कोषको आर्थिक विवरणमा प्रस्तुत गरिएको छ ।

### ३.१६आवास आयोजना अक्षय कोष

कोषले पोखरा आवास आयोजनाको व्यवस्थापन गर्ने उद्देश्यले रु. १०,००,०००/- बराबरको रकमलाई "आवास आयोजना अक्षय कोष" स्वरुप किष्ट बैंक लि., पोखरा शाखामा मुद्दति खाता खोली राखेको छ ।

### ३.१७कोषबाट शेयर लगानी भएका विभिन्न संस्थामा प्रतिनिधित्व

आर्थिक वर्ष २०७०/७१ सम्ममा कोषको तर्फबाट शेयर लगानी गरिएका बैंक तथा अन्य संस्थाहरुमा कोषको तर्फबाट प्रतिनिधित्व गर्ने कोषका उच्च अधिकृतहरुको संक्षिप्त विवरण देहाय अनुरुप रहेको छ :

| सि.नं. | संस्थाको नाम | प्रतिनिधित्व गर्ने सञ्चालक |
|---|---|---|
| १ | एलायन्स ईन्स्योरेन्स कम्पनि लि. | श्री कृष्ण प्रसाद आचार्य |
| २ | जलविद्यूत लगानी तथा विकास कं. लि. | श्री कृष्ण प्रसाद आचार्य |
| ३ | हिमालयन बैंक लि. | श्री राधाकृष्ण पोते |
| ४ | नेपाल एस.बी.आई.बैंक लि. | श्री हसना शर्मा |
| ५ | लुम्बिनी बैंक लि. | श्री कैलाशभक्त कारञ्जित |
| ६ | एन.डि.ई.पि. डेभलपमेण्ट बैक लि. | श्री किशोर मल्ल |
| ७ | एनएमवि बैक लि. | श्री राजेन्द्र काफ्ले |
| ८ | राष्ट्रिय बीमा संस्थान | श्री दुर्गा प्रसाद सुवेदी |
| ९ | एन.आई.डि.सि. क्यापिटल मार्केट लि. | श्री बीरेन्द्र मोहन भट्टराई<br>श्री जीतेन्द्र धिताल |
| १० | क्लिन ईनर्जि बैंक लि. | श्री लक्ष्मी प्रसाद श्रेष्ठ |

### ३.१८ कोषको ऋण लगानी भएका संस्थामा कोषको तर्फबाट प्रतिनिधित्व

आर्थिक वर्ष २०७०/७१ सम्ममा कोषले ऋण लगानी गरिएका विभिन्न संस्थाहरु, आर्थिक वर्ष २०७०/७१ सम्ममा भएको ऋण लगानी र कोषको तर्फबाट प्रतिनिधित्व गर्ने कोषका उच्च अधिकृतहरुको संक्षिप्त विवरण देहाय अनुरुप रहेको छ :

| सि.नं. | संस्थाको नाम | ऋण लगानी रु.(हजारमा) | प्रतिनिधित्व गर्ने संञ्चालक |
|---|---|---|---|
| १ | अपर तामाकोशी हाईडोपावर. | ५,७८,००,७६/ | श्री कृष्ण प्रसाद आचार्य |
| २ | रसुवागढी हाईडोपावर | ६०,३३,३५/- | श्री केदारनाथ गौतम |
| ३ | मध्य भोटेकोशी हाईडोपावर | ५३,२५,९८/- | श्री हरी प्रसाद भूर्तेल |
| ४ | स्यान्जेन हाईडोपावर | १६,७८,२२/- | श्री शिव कुमार अर्याल |

## ३.१९ सम्बन्धित व्यक्ति/संस्थासंगको कारोवार

### ३.१९.१ कोषको तर्फबाट शेयर लगानी भएका विभिन्न संस्थामा कोषको कारोवार

आर्थिक वर्ष २०७०/७१ सम्ममा कोषको तर्फबाट शेयर लगानी गरिएका वैंक तथा अन्य संस्थाहरु, सो संस्थाहरुमा रहेको कोषको मुद्दति निक्षेपको मौज्दातको विवरण देहाय अनुरुप रहेको छ :

| सि.नं | संस्थाको नाम | शेयर लगानी रकममा ( रु.हजारमा) | शेयर लगानी प्रतिशतमा | मुद्दती निक्षेपमा रहेको मौज्दात (रु.हजारमा) | |
|---|---|---|---|---|---|
| | | | | यस वर्ष | गत वर्ष |
| १ | हिमालयन बैंक लि. | ८४,०० | १४.०० | ४०,००,०० | |
| २ | एस.बी.आई.बैंक लि. | १५,९२,१० | १४.०० | १,२५,००,०० | ५०,००,०० |
| ३ | लुम्बिनी बैंक लि. | १८,९२,०५ | १४.५२ | ५७,००,०० | ३०,००,०० |
| ४ | नेपाल बिकास बैंक लि. | ८०,०० | ५.०० | ५,७९,११ | ९,३६,८२ |
| ५ | एन.आई.डि.सि. क्यापिटल मार्केट लि. | ८,८६,१९ | २४.९९ | " | " |
| ६ | एलायन्स ईन्स्योरेन्स कम्पनि लि. | २,९९,०० | १४.०० | " | " |
| ७ | एनएमवि बैक लि. | १८,८०,२१ | १०.०० | २५,००,०० | ७५,००,०० |
| ८ | मनकामना बिकास बैंक लि. | २,४०,०० | १५.०० | " | " |
| ९ | क्लिन ईनर्जि बैंक लि. | १६,३२,०० | १५.०० | " | " |
| १० | एन.डि.ई.पि. डेभलपमेण्ट बैक लि. | ७,२०,०० | १५.०० | " | " |
| ११ | राष्ट्रिय वीमा संस्थान | २९,७९,७५ | ८.०२ | " | " |
| १२ | जलविद्यूत लगानी तथा विकास कं. लि. | १००,००,०० | १०.०० | " | " |

**३.१९.२** कोष सञ्चालक समितिको वैठक भत्ता तथा खर्च र अन्य समिति/उपसमितिहरुको वैठक भत्ता तथा खर्चको विवरण देहाय अनुरुप रहेको छ :

| विवरण | यस वर्षको रु. | गत वर्षको रु. |
|---|---|---|
| सञ्चालक समितिको वैठक भत्ता तथा खर्च | १४,१८,७०४ | ८,९७,३९३ |
| नियमानुसार गठीत अन्य समिति/उपसमितिको वैठक भत्ता तथा खर्च | १,१९,५९,२७८ | ४२,२८,६३९ |

**३.१९.३** कोषका सञ्चालक, प्रशासक तथा अन्य कर्मचारीले कोषसंग सम्बन्धित कुनैपनि ठेक्का पट्टा लिएको वा ठेक्का पट्टा एवं खरिदमा जानकारी भए अनुसार कुनै किसिमको संलग्नता रहेको छैन । कर्मचारी एवं सञ्चयकर्ताको हैसियतले कानूनले दिएको सुविधा, कर्जा तथा सापटी वाहेक कुनैपनि सुविधा लिएको वा आर्थिक कारोवारमासंलग्नता छैन ।

**३.१९.४** कोष सञ्चालक समितिको मिति २०७१/३/७ को वैठक नं.१४२१ को निर्णय अनुरुप सञ्चालक, कोष व्यवस्थापन र कर्मचारीहरुको आचार संहिता सम्वन्धि संस्थागत सुशासन निर्देशिका, २०७१ लागु गरिएको छ।

### ३.१९.५ कर्मचारी दरवन्दि

आर्थिक वर्ष २०७०/७१ मा स्वीकृत दरवन्दि ५२५ रहेकोमा औषत ४४६ कर्मचारी कोषमा कार्यरत रहेका छन् ।

### ३.१९.६ शेयर लगानीः

**क)शेयर लगानीको लागत मूल्य/बजार मूल्यको अवस्था :**

आर्थिक वर्ष२०७०/७१ सम्ममा कोषले सस्थापक शेयर लगानी गरेका वैंक तथा अन्य संस्थाहरुको बजार मूल्य,लागत मूल्य,शेयर लागत तथा लगानी नोक्सानी व्यवस्थाको विवरण देहाय अनुरुप रहेको छ :

| सि. नं. | संस्थाको नाम | लागत मूल्य रु.हजारमा | शेयर सख्यां | प्रति शेयर लागत मूल्य | कारोबार मूल्य रु. २०७०/७१ | शेयरको मूल्य बजार मूल्य रु.हजारमा |
|---|---|---|---|---|---|---|
| १ | हिमालयन बैंक लि. | ८४,०० | ४०,५७,१९९ | २.०७ | ९६० | ३,८९,४९,११ |
| २ | एस.बी.आई.बैंक लि. | १५,९२,१० | ३९,९५,७३३ | ३९.८५ | १३०० | ५,१९,४४,५३ |
| ३ | लुम्बिनी बैंक लि. | १८,९२,०५ | २५,१७,४९१ | ७५.१६ | ३४८ | ८७,६०,८७ |
| ४ | नेपाल बिकास बैंक लि. | ८०,०० | ८०,००० | १००.०० | ० | ० |
| ५ | एन.आई.डि.सि. क्यापिटल मार्केट लि. | ८८,६१९ | ६,६९,७१५ | १३२.३२ | २०१ | १३,४६,१३ |
| ६ | एलायन्स ईन्स्योरेन्स कम्पनि लि. | २,९९,०० | ४,०८,०९५ | ७३.२६ | ५८३ | २३,७९,१९ |
| ७ | एनएमवि बैक लि. | १८,८०,२१ | २२,०१,३३४ | ८५.४१ | ५२७ | १,१६,०१,०३ |
| ८ | मनकामना बिकास बैंक लि. | २,४०,०० | २,४०,००० | १००.००० | १७९ | ४,२९,६० |
| ९ | क्लिन ईनर्जि बैंक लि. | १६,३२,०० | १७,१८,०६८ | ९४.९९ | ३१६ | ५४,२९,०९ |
| १० | एन.डि.ई.पि.डेभलपमेण्ट बैंक लि. | ७,२०,०० | ८,७३,६७६ | ८२.४१ | १७६ | १५,३७,६७ |
| ११ | राष्ट्रिय वीमा संस्थान | २९,७९,७५ | २,७३,७६७ | १,०८८.४३ | ५८६५ | १,६०,५६,४३ |
| १२ | जलविद्यूत लगानी तथा विकास कं.लि. | १००,००,०० | १०००००००० | १००.०० | १०० | १०,००,०० |
| जम्मा | | **२,२२,८५,३०** | | | | **१३,९४,३३,६५** |

आर्थिक वर्ष २०७०/७१ सम्ममा कोषले वैंक तथा अन्य संस्थाहरुमा गरेको संस्थापक शेयर लगानीको बजार मूल्य लागत मूल्यभन्दा रु.११,७१,४८,३५,१०४/२५ले बढी रहेको छ ।

**ख)यस वर्षको थप शेयर लगानी तथा वोनस शेयरको अवस्था :**

कोषले यस आर्थिक वर्षमा विभिन्न वैंक तथा संस्थाहरुमा गरेको थप शेयर लगानी र प्राप्त भएको वोनस शेयरको विवरण देहाय अनुरुप रहेको छ :

| संस्थाको नाम | हकप्रद शेयर | वोनस शेयर | यस वर्षसम्मको जम्मा |
|---|---|---|---|
| हिमालयन बैंक लि. | - | १,९३,२०० | ४,०५७,१९९ |
| नेपाल एस.बी.आई.बैंक लि. | - | ४,४३९७० | ३,९९५,७३३ |
| लुम्बिनी बैंक लि. | - | १,८६,४८१ | २,५१७,४९१ |
| एलायन्स ईन्स्योरेन्स कम्पनि लि. | १३४,००१ | ३०,४५५ | ४०८,०९५ |
| क्लिन ईनर्जि बैंक लि. | - | ८६,०६८ | १,७१८,०६८ |
| जम्मा | १३४,००१ | ९,४०,१७४ | |

कोषले एलायन्स ईन्स्योरेन्स कम्पनी लि. को थप १ लाख ३४ हजार १.४५ कित्ता हकप्रद शेयर कोष सञ्चालक समितिको मिति २०७१/०२/१७ को निर्णयानुसार प्रति कित्ता रु.१००/- का दरले जम्मा रु. १,३४,००,१४५/- मा खरिद गरेको छ ।

कोषले यस आर्थिक वर्षमा विभिन्न वैंक तथा संस्थाहरुवाट कुल ९ लाख ४० हजार १७४ कित्ता वोनस शेयर प्राप्त गरेको छ । सोको अंकित मुल्यमा गणना गर्दा हुन आउने रु. ९ करोड ४० लाख १७ हजार ४ सयलाई आय विवरणमा समावेस गरेको छैन ।

## ३.२० सम्भावित दायित्व

### ३.२०.२ पूँजीगत खर्चको प्रतिवद्धता :

आर्थिक वर्ष २०६९/७० मा निर्माण सम्पन्न भई २०७० श्रावण १ गतेदेखि कोषलाई हस्तान्तरण भएको कोषको लगनखेलस्थित भवनको अन्तिम विल वापतको रु.१,७६,८९,७४४/०१ र परामर्शदातालाई रु.६७,८००/- भुक्तानी गर्न बाँकी रहेको छ ।

### ३.२०.२ संस्थाले स्वीकार नगरेको दावी

कोषको सुन्धारा स्थित भवनका भाडावालाले विभिन्न शीर्षकमा रु. १२,०५,८८,५९४/- (बाह्र करोड पाँच लाख अठासी हजार पाँच सय चौरानब्बे मात्र) कोषसँग असुल गर्नुपर्ने भनी दाबी गरेकोमा कोषले उक्त दाविलाई स्वीकार गरेको छैन । उक्त भवनका भाडावालाले मिति २०६९/०४/२१ मा पुनरावेदन अदालत पाटनमा दायर गरेको रिट सम्वन्धि विवरण यस लेखा नीतिको बुँदा नं. ३.२३ मा उल्लेख गरिएको छ ।

## ३.२१ जोखिम व्यवस्थापन

कोषले देहायका विभिन्न क्षेत्रका कारोवारहरुको जोखिम व्यवस्थापनका लागि सञ्चालक समितिको मिति २०७१/२/१७ को वैठक नं. १४१८ को निर्णयानुसार ***जोखिम व्यवस्थापन निर्देशिका, २०७१*** लागू गरेको छ :

### *क. तरलता जोखिम(Liquidity Risk)*

कोषले सञ्चयकर्ताको रकमलाई लगनी नीति,२०७१ अनुरुप विभिन्न क्षेत्रमा परिचालन गर्दै आएको छ । समय अनुसार तरलता व्यवस्थापनका लागि कोषले वाणिज्य बैंकको मुद्दती निक्षेप र सरकारी सुरक्षण पत्रमा समेत लगानी गरेको छ ।

### *ख वजार जोखिम (Market Risk)*

कोषले निर्दिष्ट गरे अनुरुप सम्पत्ति दायित्व संरचनाभित्र रही वजार जोखिमको पहिचान गर्ने, मापन गर्ने र व्यवस्थापन गर्ने परिपाटीको विकास गरिएको छ । वजार जोखिमका तत्वहरु नियमित रुपमा परिवर्तन भईरहने हुँदा जोखिम व्यवस्थापन गर्ने विधि तथा औजारहरु समेत समय समयमा आवश्यकता अनुरुप पुनरावलोकन गर्ने नीति लिईएको छ ।

आर्थिक वर्ष २०७०/७१ मा वित्तीय वजारमा अत्यधिक तरलताको अवस्थावाट व्याजदरमा निरन्तर गिरावट रहेकाले कोषले सञ्चयकर्तालाई प्रदान गर्ने व्याजदरमा समेत प्रभाव परेको छ । यद्यपी, व्यवस्थापनले बजारको अनुगमन साथै प्रभावकारी लगानी व्यवस्थापन मार्फत निक्षेपकर्तालाई वढी भन्दा वढी प्रतिफल प्रादन गर्न प्रयत्नरत रहको छ ।

कोषको वजार जोखिमको पहिचान, मापन, अनुगमन, व्यवस्थापन र विश्लेषण गर्न एक वजार जोखिम व्यव्स्थापन निर्देशिका कार्यान्वयन गर्ने नीति लिईएको छ ।

### *ग. सञ्चालन जोखिम (Operational Risk) :*

कोषको कार्यप्रक्रियामा रहने कमि कमजोरी, मानविय त्रुटी, आकस्मिक वा प्राकृतिक रुपमा हुने सञ्चालन जोखिमलाई व्यवस्थापन गर्न तथा आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ बनाउन लेखापरिक्षण समिति, जोखिम व्यवस्थापन समितिको संरचनात्मक व्यवस्थाका अतिरिक्त कोषमा छुट्टै विभागीय संरचना कायम गरी आन्तरिक नियन्त्रण प्रणालीलाई मजबुत गरिएको छ ।

वित्तिय प्रतिवेदनको अनुपालन र सोमा रहने जोखिमलाई न्यून गर्न कर्मचारी सञ्चय कोष ऐन,२०१९ र ऐन अन्तर्गत वनेका नीति, नियमतथा कार्यविधीहरुमा आवश्यकता अनुरुप समयानुकल पुनरावलोकन गर्ने गरिएको छ ।

### *घ. ऋण लगानी जोखिम(Credit Risk) :*

कोषले परियोजनाहरुको समुचित जोखिम विश्लेषण पश्चात परियोजनामा लगानी गर्ने नीति लिएको छ । नेपाल सरकारको स्वामित्वमा रहेका संस्थामा ऋण प्रवाह गर्दा नेपाल सरकारको जमानत लिई कर्जामा रहने जोखिमलाई समुचित व्यवस्थापन गर्ने गरेको छ । साथै, कोषले मुद्दती निक्षेपमा लगानी गर्दा सम्बन्धित बैंकहरुको त्रैमासिक रुपमा प्रकाशित तथ्याङ्कको आधारमाCredit Ratingलाई आधार बनाई जोखिम व्यवस्थापन गर्ने गरेको छ ।

### *ङ. सूचना प्रविधि सम्वन्धि जोखिम (IT Related Risk) :*

सूचना प्रविधिमा देखिने जोखिम न्यूनिकरण गर्न कोषमा विपत व्यवस्थापन योजना,२०७१ कार्यान्वयनमा ल्याईएको छ । सोवाट सूचना प्रविधिमा देखिने जोखिमको पहिचान, मापन, अनुगमन र आन्तरिक नियन्त्रण गर्ने परिपाटीको विकास भईसकेको छ । यसै सन्दर्भमा कोषले जोखिम न्यूनिकरण गर्न IT System Audit गरेको र सो प्रतिवेदनमा उल्लेखित सुझावहरलाई अल्पकालिन तथा दीर्घकालिन रुपमा वर्गिकरण गरी अल्पकालिन सुझावहरुलाई सम्वोधन गर्दै लगिएको र दीर्घकालिन रुपमा सम्पन्न गर्नु पर्ने कार्यका लागि दीर्घकालिन सूचना प्रविधि रणनीति कार्यान्वयनमा ल्याई सूचना प्रविधि जोखिमलाई न्यूनिकरण गर्न कोष अग्रसर रहेको छ ।

### *च. सञ्चयकर्ता कर्जा जोखिम (Contributors Credit Risk) :*

कोषले सञ्चयकर्तालाई प्रदान गर्दै आएका विभिन्न कर्जा तथा सापटीहरुको जोखिमलाई न्यूनिकरण गर्न कर्जाको अनुगमन तथा नियन्त्रण प्रणालीको विकास गरिएको छ । कर्जाको वार्षिक रुपमा पुनरावलोकन गर्नुका साथै धितोको नियमित रुपमा स्थलगत निरीक्षण समेत गरी प्रतिवेदन जोखिम व्यवस्थापन समितिमा पेश गर्ने परिपाटीको विकास गरिएको छ ।

## ३.२२ वासलात पछीको घटना

आर्थिक वर्ष समाप्त भएपछि र यो आर्थिक विवरण सञ्चालक समितिवाट अनुमोदन भएको मिति सम्ममा प्रस्तुत आर्थिक विवरणमा थप नोक्सानी व्यवस्था समायोजन गर्नुपर्ने गरी कुनै प्रकार घटनाहरु भएको छैन ।

## ३.२३ मुद्दा मामिलाको अवस्था

आर्थिक वर्ष २०७०/७१ मा कोष विपक्ष रहेका मुख्य मुख्य मुद्दाहरुको विवरण देहाय बमोजिम रहेका छन् :

| सि.नं. | विषय | मुद्दा | अदालत | हालको अवस्था |
|---|---|---|---|---|
| १ | सुन्धारा भवनको घर भाडा सम्वन्धि | निषेधाज्ञा, | का.जि. अदालत | विचाराधिन |
| | | करारको यथावत परिपालना | | |
| | | करार वमोजिम हिसाव यकिन गराई पाऊँ | ल. पु. जि. अदालत | |
| २ | परियोजना कर्जाको व्यक्तिगत जमानत | उत्प्रेषण (१) | सर्वोच्च अदालत | विचाराधीन |
| ३ | सञ्चयकर्ता कर्जा | उत्प्रेषण (२) | सर्वोच्च अदालत | विचाराधीन |

| | | | | |
|---|---|---|---|---|
| ४ | सञ्चयकर्ता कर्जा | जालसाजी, लिखत वदर (१) | भ. पु. जि. अदालत | विचाराधीन |
| ५ | सञ्चयकर्ता कर्जा | उत्प्रेषण (१) | सु. जि. अदालत | विचाराधीन |
| ६ | पोखरा, पृथ्विचोकको जग्गा स्वामित्व | उत्प्रेषण (१) | सर्वोच्च अदालत | विचाराधीन |

## ३.२४ आर्थिक विवरण अनुमोदन

कोषको आर्थिक वर्ष २०७०/७१ को संलग्न वित्तीय विवरणहरु कोष सञ्चलक समितिको मिति २०७१/०९/२२ को वैठकवाट अनुमोदन गरिएको छ ।